# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ११७

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-

## स्ववियु चुनाव
## नेपाली जनमतको ऐना

# कस्तो हुनुपर्छ देशको नयाँ राज्य-संरचना ?

-नरहरि आयार्य


*विशेष*

## दक्षिण अफ्रिकामा संविधान सभाको अभ्यास यसरी भयो

*– निकोलस हेसम, दक्षिण अफ्रिका द्वन्दविज्ञ*

## कांग्रेसको एकता प्रस्तावको अन्तरकथा

## भोजपुर आक्रमणले दिएको सन्देश




तपाईं जहाँ भए पनि ... टुबोर्ग

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २२, पूर्णाङ्क- ११७
चैत्र - २०६०

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुलसीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी

**व्यापार प्रबन्धक**
श्रीबहादुर खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित




कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com


**मूल्य : रू. २५/-**



## भोजपुर आक्रमणले दिएको सन्देश



## यस्तो हुनुपर्छ अबको नयाँ राज्यसंरचना

- नरहरि आचार्य



## दक्षिण अफ्रिकामा संविधानसभाको अभ्यास



## कांग्रेस एकता प्रस्तावको अन्तर्कथा

■ बन्द, बम र विनाश- खगेन्द्र संग्रौला

■ उल्फाविरुद्ध भारतीय सैनिक कार्यवाहीको भित्रीकथा- आनन्द स्वरुप बर्मा


**हाम्रो मूल्यांकन**
- अहिलेको आवश्यकता- लोकतन्त्रपक्षधर शक्तिहरुको राजनीतिक सम्मेलन ४
- 'नेपाल बन्द'को दुरुपयोग बन्द गर ! ४

**आवरण**
- भोजपुर आक्रमणले दिएको सन्देश - *श्याम श्रेष्ठ* ५

**घटना र प्रवृत्ति**
- कांग्रेस एकता प्रस्तावको अन्तर्कथा ६
- बन्द, बम र विनाश - *खगेन्द्र संग्रौला* ७
- देशको युवा जनमत छर्लङ्गिने एक ऐना - *राजकुमार बराल* ८
- राजाको मनस्थिति र आन्दोलनको कमजोरी -*अमर गिरी* १०
- उल्फाविरुद्ध भारतीय सैनिक कार्यवाहीको भित्रीकथा - *आनन्द स्वरुप वर्मा* १६
- लासहरुको नागवेली लामभित्र दोहोरो हत्यानीति - *विनोद ढुंगेल* ४१

**अन्तर्क्रिया**
- यस्तो हुनुपर्छ अबको नयाँ राज्यसंरचना - नरहरि आचार्य १२

**स्वास्थ्य**
- स्वास्थ्य सेवामा लगानी के निजीकरणको विकल्प छैन ? - *डा. शरद वन्त* १९

**प्रवास**
- मलेसियामा मैले भोगेका र देखेका कुराहरु - *समीरकृष्ण महर्जन* २०

**क्षेत्रीय रिपोर्ट**
- दानो नदी प्रदूषणले निम्त्याएका समस्याहरु -*इ. खेटराज दाहाल* २२

**महिला**
- महिलाहरु किन बढी अस्वस्थ हुन्छन् ? - *मुक्ता श्रेष्ठ* २४

**इतिहास**
- नेपालमा वर्ण व्यवस्थाको प्रवेश र विकास - *मोदनाथ प्रश्रित* २६

**दर्शन**
- वैशेषिक दर्शनका विभिन्न अंगहरु - *समिर सिंह* २८

**संस्कृति**
- पुर्ख्यौली संस्कृतिको नमूना गोत्र र गणचिन्ह - *डी. आर. पोखरेल* ३०

**अर्थतन्त्र**
- विगत ६ महिनाको अर्थतन्त्रको स्थिति - *दीपेन्द्रबहादुर क्षेत्री* ३२

**विशेष अन्तर्वार्ता**
- दक्षिण अफ्रिकामा संविधानसभाको अनुभव - *श्याम श्रेष्ठ* ३३

**कम्युनिष्ट विश्व**
- इराकी कम्युनिष्ट आन्दोलनको नालीबेली - *राजेन्द्र महर्जन* ३७

**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४४१००५९ । ले-आउट : ध्रुव बस्नेत, राजु महर्जन ।
फोटोहरु : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन : ४२४६१२२ । कलर सेपरेशनः पोलिइमेज, फोनः ४२५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४७७१४४८ ।

# अहिलेको आवश्यकता- लोकतन्त्रपक्षधर शक्तिहरूको राजनीतिक सम्मेलन

राजाको नेपालगंज सम्वोधन र त्यसपछिका तमाम घटना क्रमहरूले तीनवटा कुरा उदांगो पारेका छन् :

१. **निर्देशित प्रजातन्त्र र सक्रिय राजतन्त्र स्थापित गरिछोड्ने कुरामा राजा अत्यन्त दृढ छन् ।**

२. **निक्कै छिटो देशमा संसदीय निर्वाचनको घोषणा हुनेवाला छ ।**

३. **अहिलेको संस्थापन पक्ष बलवान् माओवादीसित वार्ता गर्ने पक्षमा छैन ।**

नेपालगंज सम्वोधन, त्यसपछि आयोजित जिल्ला-जिल्लाको प्रत्यक्ष सम्वादसहितको अभिनन्दन समारोह र त्यसको प्रचार-प्रसार, अनि भ्रमणपछि राजाद्वारा दिइएको दश बूँदे निर्देशनले के प्रष्ट पारेको छ भने- नेपालमा अहिले बाँकी भनेको बहुदलीयताको खोलमात्रै हो, यसको प्राण पंचायतमय भई नै सकेको छ । 'रचनात्मक भूमिका'सहितको सक्रिय राजतन्त्र देशमा स्थापित भई नै सकेको छ । अब संभवतः अनेकौं चरणमा ब्यारेक-ब्यारेकमा चुनाव आयोजना गरेर, एउटा रबरस्ट्याम्प संसद पैदा गरेर बहुदलीय पंचायतरूपी नयाँ राजकीय सत्तालाई बैधता दिने र एउटा सुन्दर संसदीय आवरणले त्यसलाई छोपछाप पार्ने कार्य हुँदैछ । त्यसपछि शायद संविधान पुनः सक्रिय भएको घोषणा गर्दै संसदबाटै मनमाफिकका संशोधनहरू गर्दै राजाको इच्छामुताविकको शासन संचालन हुनेछ ।

हामीलाई लाग्दछ, देश अहिले लगभग यही दिशातिर हिंड्दैछ । रा.प्र.पा. पार्टीको अप्रत्याशित मेलमिलाप, हालैको मन्त्रीमण्डलको पुनर्गठन, संचार मन्त्रीलाई नै गृहमन्त्री बनाइनु र कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाद्वारा पार्टी एकताको निम्ति हठात् पहलकदमी गरिनु : यी सबै घटनाहरू देश त्यही दिशातिर हिंड्न लागेको कुराका पूर्वसंकेतहरू लाग्दछन् ।

तर सबैभन्दा टीठलाग्दो स्थिति आन्दोलनरत पाँच राजनीतिक दलहरूको देखिएको छ । यी जम्मै घटनाक्रमहरू र त्यसको तात्पर्य उनीहरूलाई थाहा नभएको कुरा अवश्य होइन । तर पनि उनीहरू किन कुनै निर्णायक पाइला चाल्ने आँट गरिरहेका छैनन् ? उनीहरू किन सामन्ती निरंकुशताको दृढतापूर्वक सामना गर्ने कार्यक्रम र नीति ल्याइरहेका छैनन् ? केले छेकिरहेको छ उनीहरूलाई सशक्त फलदायी आन्दोलन गर्नलाई ? केले रोकिरहेको छ उनीहरूलाई निरंकुशताविरोधी सारा लोकतान्त्रिक शक्तिहरू एक ढिका पार्नलाई ?

समय निकै छिटो भिड्किँदैछ । तर आन्दोलनरत दलहरू न फलदायी संघर्षको बाटो अख्तियार गरिरहेछन्, न समर्पणको । उनीहरू अफै क्षणिक सत्तास्वार्थ र आशाकुटी राजनीतिबाट माथि उठिसकेका देखिँदैनन् । अब विकल्पहरू धेरै बाँकी छैनन् । या त वारपारको आन्दोलन, या त्वम् शरणम् सिवाय अर्को विकल्प नै देखिन्न । त्वम् शरणम् गर्ने हो भने त्यो राजनीतिक आत्महत्या बरोबर हुनेछ । त्यसैले, एउटै बाँकी विकल्प भनेको वारपारको आन्दोलन नै हो । चैतको महिना उसै पनि आँधी-हुरीको महिना हो । राजनीतिक आकाशमा पनि अहिले निर्णायक आँधीहुरीकै आवश्यकता भएको छ । संविधान सभाको चुनावको माग राख्दै विद्यार्थीहरूले देखाएको गणतन्त्रमुखी राजनीतिक बाटो अनुशरण गर्दै निर्णायक जन-आन्दोलनको सृजना, यसको निम्ति यो एजेण्डामा सहमत सबैसित संयुक्त मोर्चाको लागि पहलकदमी यतिखेरको वस्तुगत आवश्यकता भइसकेको छ ।

> **चैतको महिना उसै पनि आँधी-हुरीको महिना हो । राजनीतिक आकाशमा पनि अहिले निर्णायक आँधीहुरीकै आवश्यकता भएको छ ।**

माओवादीका तर्फबाट यसनिम्ति हुनुपर्ने पहिलो कुरा भनेको- एकतर्फी युद्धविरामको घोषणा हो, आन्दोलनरत पार्टीहरू र सकारात्मक अन्तर्राष्ट्रिय शक्तिहरूको पहलमा र साक्षित्वमा । हुनुपर्ने दोस्रो कुरा- अनाक्रमण र सह-अस्तित्वको सिद्धान्तका आधारमा आन्दोलनरत राजनीतिक दलहरूसित शान्तिपूर्ण निर्णायक जन-आन्दोलनका निम्ति ऐक्यवद्धता हो । अब केवल यी दुई शक्तिको मेल र निर्णायक शान्तिपूर्ण जनआन्दोलनले मात्र एकतन्त्रवादी शक्तिको चुनावी नाटक र पंचायतीकरणबाट देशलाई बचाउन सम्भव छ ।

हामीलाई लागेको छ- यसका निम्ति एउटा अर्को 'सिलीगुडी बैठक' र लोकतन्त्रपक्षधर राजनीतिक शक्तिहरूको राजनीतिक सम्मेलन तुरुन्तै आवश्यक भइसकेको छ । यसको पहल दुईमध्ये कुनै एकले लिए हुन्छ । ❑

# 'नेपाल बन्द'को दुरूपयोग बन्द गर !

'**नेपाल बन्द**' नेपाली जनताले लोकतान्त्रिक आन्दोलनको सिलसिलामा विकास गरेको संघर्षको अत्यन्त प्रभावकारी औजार हो । संघर्षको यो औजार कहिल्यै प्रयोग गर्नुहुँदैन भन्ने हामीलाई लाग्दैन । तर केही समययता आएर संघर्षको यो औजारको ज्यादै धेरै दुरूपयोग हुन लागेको छ । अति दुरूपयोगले गर्दा संघर्षको यो प्रभावकारी औजारप्रति नै जनसमुदायको चिड्चिहाडट र पूर्वाग्रह पैदा भएको छ । जनसाधारणहरू 'बन्द'बाट आजित भएका छन् । असन्तोष आक्रोशमा बदलिएको छ र आक्रोश विस्फोटक स्थितिमा पुग्दैछ । अब जनसमुदायबाट लामो 'बन्द'को व्यापक अवज्ञा भयो भने आश्चर्य मान्नु पर्दैन ।

स्व.वि.यु. चुनाव भाँड्नका लागि '५ दिने नेपाल बन्द', अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन 'नेपाल बन्द' बन्दको अति दुरूपयोगका ज्वलन्त उदाहरणहरू हुन् ।

हामीलाई लाग्दछ, बन्दको यस्तो दुरूपयोग अविलम्ब बन्द हुनुपर्दछ । बन्दले सबभन्दा ज्यादा दिनहुँ काम गरीखाने श्रमिक जनसमुदायलाई र सर्वसाधारणलाई दुष्प्रभावित र बर्वाद पार्दछ भन्ने कुरालाई माओवादीलगायत सबै सम्बन्धित पक्षले मनन गर्नु आवश्यक छ । आम जनसरोकारको मुद्दामा कुनै संगठित शक्तिले संघर्ष थाल्दा जनसमुदायले पनि त्यो संघर्षमा ऐक्यवद्धता जनाउने माध्यमका रूपमा मात्र 'बन्द'लाई प्रयोग गरिनुपर्दछ । मूलतः बाध्यताको बन्द होइन, औचित्यपूर्ण र जनसमर्थनसहितको 'बन्द'मात्र उपयुक्त हुन्छ । जनसंघर्ष निर्णायक विन्दु वा वारपारको स्थितिमा पुगेको बेलामात्र लामा बन्दहरूलाई पनि जनताले खुशीसाथ सहिदिन्छन् । जथाभावी मनलागेको बेलामा मनलागेको मुद्दामा 'लामो बन्द' घोषणा गर्ने परिपाटी अन्त्य नै गर्नुपर्दछ । संघर्षका अन्य सृजनात्मक उपायहरू बाँकी हुन्जेल 'बन्द'लाई हम्मेसी प्रयोग गरिनुहुँदैन । ❑

# भोजपुर आक्रमणले दिएको सन्देश



फोटो साभार : द काठमाण्डू पोष्ट

**माओवादीको** आक्रामक क्षमता धेरै नै कमजोर भइसक्यो भनेर सरकारले गरिरहेको प्रचारलाई धेरैले विश्वास गरिरहेको समयमा फागुन १९ गते राती भोजपुर जिल्लाको सदरमुकाममा माओवादीले गरेको भीषण फौजी आक्रमण र त्यसले सुरक्षा निकायमा पुऱ्याएको चर्को क्षतिले सबैलाई झस्क्याइदिएको छ । यो आक्रमणमा परी ३२ जना सुरक्षाकर्मीको ज्यान गएको त सुरक्षा निकाय स्वयंले स्वीकार गरेको छ । माओवादीको दावी ४० जनाभन्दा बढीको छ । आधा दर्जन सुरक्षाकर्मी अझै बेपत्ता छन् र ती माओवादीको कब्जामा रहेको उनीहरूको दावी छ । दर्जनौं सख्त घाइते छन् । आक्रमणबाट दूरसंचारको रिपिटर टावर, राष्ट्रिय बाणिज्य बैंक, जिल्ला प्रशासन कार्यालय ध्वस्त भएको छ । माओवादीले यो आक्रमणबाट २२ थान अत्याधुनिक हतियार लुट्न सकेको सरकारी सूत्र स्वयंले सकारेको छ ।

आक्रमणको प्रतिकारको क्रममा माओवादी पक्षमा १५ जना छापामारहरूको मृत्यु भएको माओवादी सूत्र आफैंले बताएको छ । सरकारी दावी ३७ जनाको छ, तर स्वतन्त्र स्रोतबाट त्यसको पुष्टि हुनसकेको छैन ।

माओवादी पक्षले भाद्र १० गते दोस्रो युद्धविराम भंग गरेयता गरेको यो सबैभन्दा ठूलो केन्द्रिकृत फौजी आक्रमण हो । माओवादीहरू अब रक्षात्मक स्थितिमा पुगिसके, उनीहरूमा अब कुनै ठूलो आक्रमण गर्ने फौजी क्षमता नै बाँकी छैन भन्ने सरकार र सुरक्षा निकायको बारम्बारको दावीलाई यो आक्रमणले अत्यन्त निराधार र कोरा प्रचारवाजी सावित गरिदिएको छ । संभवतः यो आक्रमणको एउटा मुख्य उद्देश्य नै यो थियो । माओवादी नेतृत्वले युद्धविराम भंग गरेपछि लगत्तै आफैंले 'विकेन्द्रित कार्यवाही' मा जोड दिएको, त्यसपछि 'सापेक्षित केन्द्रिय कार्यवाही'मा जोड दिएको, र अब 'ठूला केन्द्रिकृत कार्यवाही' थाल्ने कुरा बताउँदै आएको थियो । भोजपुरमाथिको यो आक्रमण ठूला केन्द्रिकृत कार्यवाहीको थालनीको शंखघोष हुनसक्छ । अब यस्ता अरू ठूला कार्यवाहीहरू कुनै पनि बेला कुनै पनि ठाउँमा हुन सम्भव छ । माओवादी नेतृत्वले अब आफ्नो फौजी स्थिति 'रणनीतिक सन्तुलन'बाट रणनीतिक प्रत्याक्रमण' को तयारीको चरणमा प्रवेश गरेको बताएको छ । त्यस हिसावले पहिलेझैं यस पटक ठूला आक्रमणपछि वार्ताको कुरा गर्ने सम्भावना देखिँदैन । आफ्नो मोलतोलको क्षमता पहिलेभन्दा सुस्पष्ट र उल्लेखनीय ढंगले बढाउनका निम्ति माओवादी पक्ष अहिले लागिपरिरहेको देखिन्छ । भोजपुर आक्रमणले माओवादी सैन्य-क्षमता विगतभन्दा कमजोर नभइकेको मात्र प्रमाणित गरेको छ, पहिलेभन्दा बढेको देखाएको छैन । त्यसैले, माओवादीले अब त्यस्ता ठूला रणनीतिक कार्यवाहीहरू गर्नु सम्भव छ, जसले उसको फौजी क्षमता गुणात्मक ढंगले बढेको देखाओस् । र, ऊ साँच्चै नै रणनीतिक सन्तुलनको स्थितिभन्दा पनि अगाडि बढ्न समर्थ भएको प्रमाणित गरोस् ।

भोजपुर आक्रमणपछि सैनिक प्रवक्ता महासेनानी दीपक गुरूङले माओवादीहरू जिल्ला सदरमुकाम कब्जा गर्न आएका थिए, हामीले त्यसलाई विफल पाऱ्यौं भन्ने वक्तव्य जारी गरेको देखिएको छ । आत्मरतिको लागि त यस्तो वक्तव्य ठीकै होला, तर यथार्थमा कुनै पनि जिल्लाको कुनै पनि सदरमुकाम कब्जा गर्ने माओवादीको यतिबेला कुनै उद्देश्य र कार्यक्रम नै देखिँदैन । यस्तो गर्नु अहिलेको राष्ट्रिय, अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा संभव पनि देखिँदैन । यस परिप्रेक्ष्यमा सैनिक वक्तव्यको कुनै तूक देखिँदैन ।

भोजपुर आक्रमणले के प्रष्टै देखाएको छ भने सरकारले दावी गरेजस्तो माओवादीको सैन्यशक्ति ज्यादै कमजोर र आक्रामक क्षमतारहित भएको छैन । सैन्य हिसाबले उनीहरू अहिले पनि उत्तिकै बलवान स्थितिमा छन् र सांगठनिक हिसावले त अझ व्यापकसमेत भएका छन् । तर यसबीच उनीहरूको लोकप्रियता भने पहिलेभन्दा घट्दो क्रममा देखिएको छ । यसो हुनुका केही मूर्त कारणहरू छन् । जनताको पंक्तिमाथि समेत व्यापक बल प्रयोगका घटनाहरू हुनु, राजाले आन्दोलनरत राजनीतिक दलहरूलाई ठेलेर भित्तैसम्म पुऱ्याएको स्थितिमा समेत तिनै दलमाथि माओवादीको आक्रमण अझै बन्द नहुनु, 'नेपाल बन्द'को अत्याधिक दुरूपयोग गर्नु, विकासका पूर्वाधारहरूको ध्वंश र औचित्यहीन, विभत्स व्यक्ति-हत्याको सिलसिला अझै जारी राख्नु लोकप्रियता घट्नुका मुख्य कारणका रूपमा देखिएका छन् । माओवादीले व्यापक जनअसंतोषका यी कारणहरूलाई बेलैमा सम्बोधन गर्न सक्नुपर्दछ । व्यापक जनताको हृदय जित्ने कार्यहरू बिना केवल भय र त्रासले तथा फौजी र सांगठनिक क्षमताको अभिवृद्धिले मात्र जनयुद्ध कहिल्यै जित्न सकिँदैन । 'हामीसित बन्दूक छ, त्यसैले हामीले जे गरे पनि वैध हुन्छ र जनताले मान्छन् र मान्नुपर्छ' भन्ने निरंकुश सैन्यवादी मनोभाव शाही सेनामा मात्र होइन, माओवादी पंक्तिमा पनि मनग्ये देखिएको छ । माओवादीको जनसमर्थन ध्वंश गर्ने एउटा मुख्य कारकतत्वका रूपमा रहेको यो मनोभावलाई उसले बेलैमा हटाउनु जरूरी छ ।

यही फागुनको चौथो सातामा माओवादी नेतृत्वले एउटा वक्तव्य जारी गर्दै 'राजतन्त्रको पूर्ण उन्मूलन गरेर लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने न्यूनतम साझा कार्यक्रममा सहमति कायम गर्नु र त्यसको आधारमा देशव्यापी जनआन्दोलनको आँधीबेहरी सिर्जना गर्नु'लाई अहिलेको ऐतिहासिक आवश्यकता बताएको छ । यो यतिखेरको बेलाको बोली त हुनसक्ला, तर यस्तो आँधीबेहरी हावामा उत्तिकै सृजना हुँदैन, यसको निम्ति सुधारिएको व्यवहारसहित मूर्त पहल पनि गरिनु पर्दछ । माओवादीका भूइं तहका व्यवहार भने त्यस्तो आँधिबेहरीका लागि अनुकूल वातावरण सृजना गर्ने खालका छैनन् । जोसित यस्तो आँधिबेहरी सृजना गर्न मिल्नुपर्ने हो, त्योसित अनाक्रमण र सहअस्तित्वको व्यवहार नगरेसम्म त्यस्तो अनुकूल वातावरण कहिल्यै स्वतः सृजना हुनेवाला छैन । सहकार्यद्वारा जन-आन्दोलनको उभार सृजना गर्न माओवादीको युद्धविराम अर्को महत्वपूर्ण आवश्यकता हो ।

● श्याम श्रेष्ठ



# कांग्रेस एकता प्रस्तावको अन्तर्कथा

● दीपेश उपाध्याय

**नेपाली** कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले आफ्नो गृहनगर विराटनगरबाट एक्कासी फागुन १५ गते पार्टी एकताका निम्ति पहिले आफूबाट विभाजित पार्टीका नेता कार्यकर्तामाथिको कारवाही फिर्ता लिएपछि गत्यावरोधले ग्रस्त नेपाली राजनीतिको पोखरी अचम्मसित तरंगित भएको छ । आफ्नो नजिकैको कोटरीलाई झीनो संकेत मात्र दिएको भरमा आफ्नो पार्टी केन्द्रमा कुनै विचार, विमर्श र औपचारिक निर्णय नै नगरी पार्टी नेताले एकाएक गरेको यो घोषणाले पहिले त सबैलाई चकित पार्‍यो । तर एक हप्ता पनि नबित्दै कांग्रेसको केन्द्रिय कार्यसमितिले सभापति गिरिजाको घोषणालाई सर्वसम्मतिले अनुमोदन गरेपछि अब पार्टी एकता प्रस्ताव खालि वृद्ध पार्टीनेताको व्यक्तिगत लहड मात्र भन्ने ठाउँ रहेन, यो सिंगै पार्टीको पहलको विषय हुन पुगेको छ । यसले दुईटा कुरा स्पष्ट पारेको छ : एक, कांग्रेसको नेतृत्व र कार्यकर्तामा पार्टी फूटको पीडा चर्को छ, र पार्टी एकताको तीव्र चाहना छ; अर्को, कांग्रेसकै नेतृत्व तहमा स्वार्थवश एकता नचाहने वा अरूले भाँड्दा भाँडिने तत्व पनि छ, त्यसैले त्यहाँ सबै कुरा पहिले नै सघन सरसल्लाह र गम्भीर गृहकार्य गरेर गर्नु संभव भइरराखेको छैन ।

एकता प्रस्तावसँगै केही गम्भीर प्रश्नहरू पनि उठिरहेका छन् । किन यतिखेरै एकाएक एकताको प्रस्ताव आयो त ? के फुटेर गएको ने.का. (प्रजातान्त्रिक)ले कांग्रेस सभापतिको एकताको प्रस्तावलाई गम्भीरतापूर्वक र सकारात्मक ढंगले लिएको छ ? के एकता यथार्थमा संभव छ ?

कुनै एउटा मात्र कारणले नभएर, केही कारणहरूको संयुक्त गठजोडबाट यो एकता प्रस्ताव यतिखेरै आएको प्रतीत हुन्छ । एउटा कारण हुनसक्छ : निकट भविष्यमै संसदको चुनावको संभावना र हालैको स्ववियुको चुनावबाट त्यो चुनावको संभावित प्रतिफल अहिले नै टड्कारो रूपमा देखिनु । दोस्रो कारण, भारतीय नेता चन्द्रशेखर लगायत सबै विदेशी मित्रशक्तिबाट कांग्रेस एकताको लागि दवाव यतिखेरै चर्कोसित पर्नु हुनसक्छ । तेस्रो, राजाको हालैको वक्तव्य र अन्तवार्ताबाट चानचुने शक्ति र दबावबाट राजाले टेर्नेवाला छैन भन्ने टुंगोमा कांग्रेस नेतृत्व पुग्नु, तर आन्दोलनका अरू शक्तिको पनि त्यति भर नहुनु अर्को कारण हुनसक्छ । चौथो, अहिले आएर बृद्ध नेतालाई पार्टी फुट्न दिनु गल्ती भएछ, फूटको दोष आफैंले लिएर किन मर्ने भन्ने बोध हुन थाल्नु हुनसक्छ । कुनै एउटा कारक तत्वको कारणले होइन, माथिका यी सबै कारक तत्वहरू यतिखेरै जोडिएर निक्कै बलवान हुन जानुको कारणले सभापति कोइरालाबाट यतिखेर एकाएक यो प्रस्ताव आएको हुन सम्भव छ ।

तर नेपाली कांग्रेसको पार्टी एकता विल्कुलै असंभव पनि देखिँदैन, त्यति सजिलो र सन्निकट पनि देखिँदैन । असंभव यस कारणले छैन, किनकि दुवैतिर पार्टी-एकता चाहनेहरूले संख्या निक्कै ठूलो र बलशाली स्थितिमा छ । त्यसमाथि थप, कांग्रेस (प्रजातान्त्रिक)ले कांग्रेस पार्टीको पार्टी एकता प्रस्तावलाई ठाडो इन्कारी गर्‍यो भने माथि तल दुवैतिर संगठनिक पहिरो जानसक्ने सम्भावनाबारे जानकार सूत्रहरू औंल्याउँछन् । एकता सजिलो र सन्निकट यस कारणले छैन किनकि दुवैतिर नेतृत्व तहमा भावनात्मक र मनोवैज्ञानिक धाँजा गहिरो छ; सिद्धान्त र विचारको भिन्नताको समस्याभन्दा पनि अहंकारको टक्करको समस्या चर्को छ, र अरूले भाँड्दा भाँडिनेहरू निर्णायक स्थानमै छन् र भाँड्नेहरू एकदम सक्रिय छन् ।

नेपाली कांग्रेसले पोखरामा सम्पन्न दशौं पार्टी महाधिवेशनलाई आधार मानेर त्यो महाधिवेशनमा क्रियाशील सदस्यता हासिल गरेका सबैको सदस्यता नवीकरण गर्ने, त्यही महाधिवेशनको क्रममा पार्टीको विभिन्न तहमा विभिन्न स्थानमा भएका नेता-कार्यकर्ताहरूलाई त्यहीत्यही स्थानमा फर्काउने र सबैलाई मान्य हुने गरी सकेसम्म छिटो एकता महाधिवेशन गर्ने प्रस्ताव केन्द्रिय कार्यसमितबाट पारित गरेको छ । यो प्रस्तावमुताविक कांग्रेस (प्रजातान्त्रिक) पक्षले अब बन्ने केन्द्रमा शेरबहादुर देउवासहित ७ जनाले स्थान पाउनसक्ने छन्; क्षेत्रीय, जिल्ला र गाउँ तहमा तथा भातृ संगठनमा विभाजनअघिको पद स्वतः पाउनेछन् । तर कांग्रेस (प्र) का सभापति शेरबहादुर देउवाले यो प्रस्तावलाई 'बेइज्जतीपूर्ण प्रस्ताव' को संज्ञा दिएका छन् र आफू असम्मानजनक ढंगले संस्थापन पक्षमा सामेल हुन नजाने बताएका छन् । कांग्रेस (प्र) ले मूल धारको पार्टीबाट पार्टीगत मान्यता खोजेको छ, सबै तहमा हाराहारीको सम्मान, संख्या र स्थान खोजेको छ, दुई पार्टी सम्मानजनक ढंगले एक ठाउँमा मिलेको आभास खोजेको छ । तर अहिलेको परिस्थितिमा संस्थापन पक्षले हाराहारीको सम्मान, संख्या, र स्थान दिएर पार्टी एकता गर्ने संभावना देखिँदैन । दुई पार्टीबीचको एकताको मूल समस्या नै यही हुनसक्ने देखिन्छ । माउ पार्टी फुटेर गएको हिस्सा मूल धारमा सम्मानसाथ फर्कियोस् भन्ने मात्र खोजिरहेछ । फुटेर गएको हिस्सा चाहिं माउ पार्टीमा आफ्नो विलय होइन, बरोबरीको हैसियतसहितको पार्टी एकीकरण खोजिरहेछ । दुईथरि बीचको मूल बेमेल यही कुरामा हुनसक्ने देखिन्छ । स्मरणीय छ, नेपाली कांग्रेसले कांग्रेस (प्र) लाई अहिलेको विन्दुसम्म पार्टीगत मान्यता दिएको छैन, "कांग्रेस छोडी अलग समूह बनाई बसेका साथीहरू" मात्र भनेको छ ।

नेपाली कांग्रेसले एकताको निम्ति अनुकूल विश्वसनीय वातावरण बनाउन गृहकार्यको साथसाथ सर्वप्रथम अनौपचारिक छलफलको प्रक्रिया प्रारम्भ गर्न लागेको छ । त्यस्तै, कांग्रेस (प्र) ले पनि यही विषयमा छलफल गर्न फागुनको अन्तिम सातामा केन्द्रिय समितिको औपचारिक वैठक गर्न लागेको छ । एकता प्रक्रिया कसरी जान्छ भन्ने कुरा यी औपचारिक-अनौपचारिक छलफलहरूले कति मूर्तता र सघनताका साथ आपसमा विश्वास निर्माणको कार्य गर्न सक्नेछन् भन्ने कुरामा निर्भर गर्नेछ । अहिलेसम्म कांग्रेस (प्र)को नेतृत्वले एकताको प्रस्तावलाई त्यति गम्भीरपूर्वक ग्रहण गरिसकेको पाइएको छैन । ❑



# बन्द, बम र विनाश

● खगेन्द्र संग्रौला

अचेल बन्द र बम एकअर्काका पर्यायवाची शब्द भएका छन् । बन्द शब्दले बमको सम्झना गराउँछ, र बमको घोडामा सवार भएर बन्द आउँछ । त्यसैले बन्द शब्दको उच्चारण भएको सुन्यो कि नागरिकहरु भयभीत भई निधार खुम्च्याउँछन् । नागरिकहरुको यो भयग्रस्त र अरुचिपूर्ण प्रतिक्रियामा माओवादीप्रति उग्र असन्तोष र विकर्षण प्रकट भएको सहजै देख्न सकिन्छ ।

आन्दोलनको कुनै पनि रुप निरपेक्ष रुपबाट सही वा गलत हुँदैन, न त त्यो निरपेक्ष रुपबाट स्वीकार्य वा त्याज्य नै हुन्छ । एक पटक एकजना पत्रकारले होचि मिन्हलाई तपाईंले महात्मा गान्धीले झैं आन्दोलनको अहिंसात्मक शैली नअपनाएर किन हिंसावादी शैली अपनाउनु भएन भनी सोधेथे । होचि मिन्हले उत्तर दिए- गाँधीले फ्रान्सेली उपनिवेशवादीको जस्तो चरम् क्रूरता झेल्नु परेको भए उनी एक हप्ताभित्रै हिंसावादी शैली अँगाल्न विवश हुन्थे । उसो त गाँधीवादी अहिंसा र भद्र अवज्ञामा विश्वास राख्ने नेपाली काङ्ग्रेसले पनि राजालाई ताकेर बम नहानेको र हतियार नउठाएको होइन । यो बन्द कोठामा थुनिएर चुटिने बिरालाले आफ्नो अस्तित्व रक्षाका निमित्त चुट्नेमाथि अपनाउने आपतकालीन प्रतिक्रिया हो । आखिर मरता तो क्या नही करता !

लोकहितप्रति समर्पित कुनै पनि राजनीतिक शक्तिले लोकको हुर्मत लिने गरी आन्दोलनको कुनै पनि रुपको अतिशय प्रयोग वा दुरुपयोग गर्दैन । तर माओवादी विद्रोहीबाट बन्दको अतिशय प्रयोग हुनाले बन्दको बद्नाम त भयो नै, माओवादी स्वयंको पनि हुनसम्म बद्नाम भइरहेको छ । गत एक महिनाभित्रै आधा दर्जनभन्दा बढी बन्द भइसके । अब त बन्द आह्वान गर्ने को हो, बन्दको आह्वान कसको विरुद्ध गरिएको हो, बन्दको कारण के हो, बन्द कुन क्षेत्रमा हुने हो यी सब कुरा जनसाधारणलाई थाहै हुन छोड्यो । कुनै दुई पैसे छापामा बन्दको हल्ला छापिन्छ । बन्दको हल्लासँगै नागरिकहरुलाई अघिल्ला बन्दहरुमा बम पड्किएका र जन-धनको क्षति भएका घटनाहरुको सम्झना हुन्छ । र, कुनै तानाशाहको दम्भी आदेशका अगाडि लल्याकलुलुक ओइलाए झैं माओवादीको आदेशका अगाडि सिङ्गै देश लत्रिन्छ । विद्यालय बन्द भई बालबालिकाहरु घरमै अलपत्र पर्छन्, कलकारखाना र बन्दव्यापारका दैलामा ताल्चा झुण्डिन्छन्, भरिया र खेतालाहरु काम नपाएर रुन थाल्छन्, पर्यटकहरु आफ्ना घरतिर भाग्ने योजना बनाउन थाल्छन्, कतै अस्पताल पुग्न नपाई बिरामीको अकाल मरन हुन्छ, कतै बमको आगोमा पोलिएर नागरिकको जीवन सकिन्छ । बन्दपछि माओवादी आफ्नो बन्द भव्य रुपले सफल भएको वक्तव्य जारी गर्छ । र, बन्द गर्न आम जनताले उमङ्गसाथ साथ दिएको कुरा भन्न पनि बाँकी राख्दैन । को हो त्यो जनता ? यस प्रश्नको उत्तर सधैं अमूर्त रहन्छ । यस्तो लाग्छ मानौं जनसाधारणलाई जति धेरै हैरान पार्न सकियो बन्द उति नै धेरै सफल हुन्छ । माओवादीको यो मनोविज्ञानमा परपीडक र विनाशक प्रवृत्तिको गन्ध आउँछ ।

स्वतन्त्र विद्यार्थी युनियनको चुनावको मुखैमा माओवादी विद्यार्थी सङ्गठनले बन्दको आह्वान गर्‍यो । त्यो पनि एक-दुई दिन हैन, प-पाँच दिन । यो बन्दको अभिप्राय चुनावको प्रक्रियामा व्यवधान पैदा गरी चुनाव बिथोल्नु थियो । चुनावमा भाग लिन अग्रसर भएका विद्यार्थीहरु निरङ्कुश चरित्र भएको थोत्रो सामन्तवादलाई हाक्काहाक्की हाँक दिँदै गणतन्त्रको नारा लिएर सडकमा ओर्लिएका थिए । र, उनीहरुले चुनावलाई गणतन्त्रको पक्षमा युवा जनमतको निर्माण गर्ने अभियानका रुपमा प्रयोग गर्ने घोषणा गरेका थिए । साथै मुलुकभरिका उच्च शिक्षालयहरुका युवाहरु चुनावमा सहभागी बन्ने हलचलकारी प्रक्रियाबाट प्रतिगमन विरोधी आन्दोलनमा ऊर्जा थपिने आसलाग्दो सम्भावना थियो । तर आफूबाहेक अरु कसैलाई पनि लोकतन्त्रको योद्धा र प्रवक्ता ठान्न इन्कार गर्ने माओवादीले यी कुनै कुराको पनि पर्वाह गरेन । माओवादी विद्यार्थी सङ्गठन बम पड्काएर उपत्यका बाहिरका अनेकौं क्याम्पसहरुमा चुनावलाई बिथोल्ने आफ्नो लक्ष्यमा सफल पनि भयो । यो ज्यादै दम्भी, सङ्कीर्ण र अनुदार सोचाइको द्योतक हो । यो रचनात्मक नभई विनाशकारी प्रवृत्ति हो ।

उपत्यकामा चुनाव सम्पन्न भयो जसलाई गणतन्त्रमुखी युवाहरुले मिनी जनमत सङ्ग्रहको संज्ञा दिएका छन् । चुनावको एउटा रोचक र उल्लेख्य पक्ष के हो भने चुनावी मैदानमा प्रतिगमनको प्रवक्ता सुनिने स्वर लिएर उत्रिनै सकेन । अर्को कुरा, अखिल र नेविसङ्घले इतिहासको शिक्षा र परिस्थितिको मागलाई आत्मसात् गरी चुनावमा आपसी सहिष्णुता र ऐक्यबद्धता प्रदर्शन गरे । सहिष्णुता र ऐक्यबद्धताको यो दृष्टान्त माओवादी असहिष्णुतालाई एउटा चुनौती हो र माओवादी पङ्क्तिलाई एउटा उपयोगी पाठ पनि हो । प्रतिगमनले हुँडारको रुप धारण गरी आम नागरिकहरुमाथि निरङ्कुश सैन्यवाद थोपरिरहेको बेलामा जनाधिकारका पक्षधरहरुको दायित्व के हो ? निरङ्कुश सैन्यवाद विरोधी व्यक्ति र शक्तिहरुका आन्दोलनकारी क्रियाकलापहरुलाई सघाउनु कि बिथोल्नु ? तिनमा प्रेरणा र साहसको ऊर्जा थप्नु कि तिनमा चिसो पानी खन्याउनु ? तिनलाई साथ दिनु कि तिनलाई ताकेर बम हान्नु ?

गणतन्त्रको नारा पाँच किलोमिटरबाहिरबाट छिरेर पाँच किलोमिटरभित्रको सामाजिक मानचित्रमा व्याप्त भएको छ । भित्रको युवा आन्दोलनको वेगले यसलाई दरबारको द्वारसम्म पुर्‍याएको छ । यो तथ्य माओवादीका निम्ति गौरवको विषय बन्नुपर्ने हो । र, आफूले उठाएको नारा घन्काउने युवाहरुलाई उसले मतभेदसहितका मित्र र एकअर्काको सैद्धान्तिक चिनारीको सम्मान गर्दै सहकार्य गर्नयोग्य सत्पात्र ठान्नुपर्ने हो । यस अर्थमा बमको ध्वाँस दिएर चुनाव बिथोल्न तम्सिनुको सट्टा चुनाव-प्रक्रियालाई सहज तुल्याउन यथोचित योगदान गर्नुपर्ने हो । तर, बन्दको डङका पिटेर चुनाव बिथोल्ने चेष्टा त गरियो नै, अझ त्यसमाथि क्रान्तिकारी पक्षका एकजना युवा नेताले बिबिसीसितको संवादमा यो बन्दुकको घेरामा गरिएको प्रतिगामी चुनाव हो भनेर गर्जन समेत पनि गरे । चुनावमा सहभागी बन्ने युवाहरुले "तर चुनावमा प्रतिगमन पक्षको एउटा मुसो पनि विजयी भएन नि त श्रीमान्, यसलाई के भन्ने ?" भनेर सोधे भने माओवादी क्रान्तिकारीले दिने उत्तर के होला ? के माओवादी स्वयं सहभागी नभएका यावत् राजनीतिक, सामाजिक र सांस्कृतिक कार्यकलापहरुको स्वभाव र रङ्ग स्वतः प्रतिगामी हुन्छ ?

जनसाधारणका दृष्टिमा माओवादीको बन्द घरिघरि बल्झिरहने घातक महामारीजस्तो भएको छ । सद्बुद्धि र तर्कको लगानी गर्नु नपर्ने, कष्टसाध्य श्रमको लगानी गर्नु नपर्ने, जनसाधारणको सहमति लिनु नपर्ने, बमको बलले जगत्लाई थर्काउँदै आह्वान गरेपछि बन्द स्वतः सफल भइहाल्ने – बन्दको यो प्रवृत्ति घोर अलोकतान्त्रिक, आततायी र विनाशकारी छ । माओवादी बन्दहरुको तथाकथित सफलता माओवादीको लोकप्रियताको सफलता नभई अलोकप्रिय बमको सफलता हो । यो बलमिच्याइँको सफलता हो । यो आततायी प्रवृत्तिको सफलता हो । के जनपिराहा बन्दको माध्यमले माओवादीले आर्जन गर्न चाहेको चिनारी यस्तै होला र ? ❑




फोटो : नेपाल न्युज डट कम

**जताततै गणतन्त्रवादीहरुको जित ! प्रतिगामीहरु कहीँ जितेनन् !**




फोटो : नेपाल न्युज डट कम

## स्ववियु निर्वाचन

# देशको युवा जनमत छर्लङ्गिने एक ऐना

❑ राजकुमार वराल

**प्रतिगमनविरूद्ध** आन्दोलनरत विद्यार्थीहरू राजनीतिक दलहरूलाई सडकमा एक पाईलोपछाडि पार्दै गणतन्त्रको नाराका साथ सडक आन्दोलनको चुचुरोमा पुग्दै थिए । त्यसैवेला विद्यार्थी संगठनहरूबीच फूट ल्याई आन्दोलनलाई कमजोर बनाउने षडयन्त्रको रूपमा लामो समयसम्म स्थगित स्ववियु निर्वाचनको एकाएक घोषणा भयो । तीन वर्षदेखि स्ववियु निर्वाचन नभइरहेको परिस्थितिमा देशमा प्रजातान्त्रिक निकायको रिक्तताको अवस्थामा स्ववियु निर्वाचनमा सहभागी भई प्रतिगमनविरूद्ध विद्यार्थीहरूबाट ताजा जनादेश प्राप्त गरी संघर्ष गर्ने मञ्चको निर्माण गर्न विद्यार्थी संगठनहरू निर्वाचनतिर लागे । त्यसका लागि प्रतिगमन विरूद्धका विद्यार्थीहरू गणतन्त्रकै नारा बोकेर साझा ढंगले चुनावी मैदानमा उभिने र निर्वाचन सम्पन्न भएपछि पुनः त्यही नारामा सडक आन्दोलनलाई निरन्तरता दिने उनीहरूको रणनीति बन्यो । अर्को, संस्थापन पक्षले स्ववियुनै खारेजसमेत गर्ने हो कि भन्ने आशंकाले पहिला निर्वाचनमा भाग लिई स्ववियुको नविकरण गर्ने र पुनः सडक आन्दोलनमा नयाँ जोशका साथ उत्रन विद्यार्थीहरू तयार भए ।

त्रिवि अन्तर्गतका आगिक र सम्बन्धन प्राप्त गरी १८३ र मसवि अन्तर्गतका ११ वटा क्याम्पसहरूमा एकवर्षअघि नै सम्पन्न हुनुपर्ने स्ववियु निर्वाचन अनेरास्ववियु क्रान्तिकारीका दबावका कारण गतबर्ष फागुन १४ गते र बैशाख १० गते गरी दुई पटकसम्म स्थगित भएको थियो ।

गणतन्त्र पक्षधर सात विद्यार्थी संगठनहरूले प्रतिगमन विरूद्धको लडाइँकै एक मोर्चाको रूपमा स्ववियु निर्वाचनलाई लिए । उनीहरूले संयुक्त प्यानलबाट चुनाव लड्ने निर्णय गरे । साझा उम्मेदवार खडागर्दा अघिल्लो निर्वाचनमा अध्यक्ष भएका विजयी संगठनलाई अध्यक्षनै दिने र अन्य पदका लागि साझा उम्मेदवार खडा गर्ने न्यूनतम समझदारी ती संगठनहरूको थियो । आन्दोलनरत सात विद्यार्थी संगठनका अलावा नेविसंघ (प्रजातान्त्रिक) छुट्टै प्यानलमा थियो । आन्दोलनरत संगठनहरूले प्रतिगमनका एजेन्टको संज्ञा दिएका नेप्रविसंघ, समता विद्यार्थी परिषद तथा देशभक्त विद्यार्थी संघ लगायतका विद्यार्थी संगठनहरूसमेत निर्वाचनको मैदानमा थिए ।

यसपालिको चुनावमा विगतको जस्तो संगठनहरूबीच मारकाटको अवस्था आएन । चुनावी नारा पनि विगतको जस्तो विशुद्ध शैक्षिक रहेनन् । यसपालि त विद्यार्थी संगठनहरूले राजाको प्रतिगामी कदम, चालु आन्दोलन र गणतन्त्रका एजेण्डा लिएर स्ववियु निर्वाचनमा प्रस्तुत भएका थिए ।

गतसाल झैं यसपालि पनि अखिल (क्रान्तिकारी)कै कारण झण्डै झण्डै चुनाव स्थगित भएन । क्रान्तिकारीले आफुले चुनावमा भाग लिन नपाएकाले चुनावको नीतिगत विरोध गर्नु स्वभाविकै भएपनि चुनावै विथोल्न पाँचपाँच दिन नेपाल बन्दको घोषणा गर्नु नितान्त गलत कदम थियो । क्रान्तिकारीको दवाब र कतिपय ठाउँमा निर्वाचन अधिकृतलाई समेत अपहरण गरेका कारण राजधानी बाहिरका थुपै क्याम्पसहरूले सुरक्षाको कारण देखाई निर्वाचन स्थगित गरेका थिए । झन सुदूरपश्चिमका त सबै क्याम्पसमा चुनाव स्थगित भएका थिए । चुनाव स्थगित भएपछिको सबभन्दा ठूलो आक्रोश यसपालि राजविराजमा देखियो ।

एक भोटका लागि पनि माराकाट गर्ने विद्यार्थी संगठनहरू यसपालि धेरै हदसम्म समझदारीमा आई २२ वटा क्याम्पसमा र्निविरोध पदाधिकारी चयन गर्न सफल भएका थिए भने ५७ वटा क्याम्पसहरूमध्ये कतिपयमा संयुक्त प्यानल र बाँकीमा मित्रवत प्रतिस्पर्धा भएको थियो । यस मामलामा विद्यार्थी संगठनहरू राजनीतिक दलहरूभन्दा पनि परिपक्व र समझदार देखिएका छन् । यसपालिको निर्वाचनलाई 'प्रतिगमनविरूद्धको लघु जनमत संग्रह'को संज्ञा दिदै मूल नारा एउटै लिएर चुनावमा उत्रेका विद्यार्थीहरूले मत मागदासमेत विगतको जस्तो स्पष्ट रूपमा संगठनगत नभएर समग्र विद्यार्थी आन्दोलनको पक्षमा मागेका थिए । त्यसो त विद्यार्थीहरूले संयुक्त घोषणापत्रसमेत बनाउने पक्षमा थिए । तर अधिराज्यभरी संयुक्त प्यानल बन्नसक्यो भनेमात्र संयुक्त घोषणापत्र उपयुक्त हुने नत्र नहुने भन्ने अनेरास्ववियुको ढिपीका कारण आन्तरिक रूपमा संयुक्त आचारसंहिता मात्र जारी हुनसक्यो । "तर त्यो आचारसंहिता पनि अनेरास्ववियुले रद्दीको टोकरीमा फयाली दियो ।" नेविसंघ अध्यक्ष गुरूराज घिमिरेको असन्तुष्टी छ ।

**स्ववियु निर्वाचन परिणाम तालिका २०६०**

| *संगठन* | *क्याम्पस/जम्मा सीट संख्या* |
|---|---|
| अनेरास्ववियु | ३७ वटा क्याम्पस, ३२९ जम्मा सीट |
| नेविसंघ | १९ वटा क्याम्पस, २५१ जम्मा सीट |
| नेविसंघ(प्रजातान्त्रिक) | चारवटा क्याम्पस, ३१ जम्मा सीट |
| अनेरास्ववियु(एकिकृत) | दुई सदस्य मात्र |
| नेक्राविसंघ | एक सभापति, एक सदस्य |
| त्रिवि र मससविका निर्वाचन हुने जम्मा क्याम्पसहरु | १९४ |
| र्निविरोध निर्वाचित भएका क्याम्पसहरु | २२ |
| मित्रवत प्रतिस्पर्धा भएका क्याम्पसहरु | ५७ |
| चुनाव हुन बाँकी क्याम्पसहरु | ११५ |

तीन वर्षअघि भएको निर्वाचनमा एमाले विभाजन भएका कारण देशका अधिकांश क्याम्पसहरूमा नेविसंघ विजयी भएको थियो । अहिले नेविसंघ विभाजन भएका कारण स्थिति उल्टिएको छ । हालसम्म निर्वाचन सम्पन्न भएका ६४१ सीटमध्ये तुलनात्मक रूपमा अनेरास्ववियुले ३२९, नेविसंघले २५१, नेविसंघ (प्रजातान्त्रिक)ले ३१ र अरू संगठनले केही सीट हात पारेका छन् । क्याम्पसगत रूपमा हिसाबगर्दा चुनाव सम्पन्न भएका क्याम्पसहरूमध्ये ३७ वटा क्याम्पसहरूमा बहुमतका साथ अनेरास्ववियु विजयी भएको छ । १९ वटा क्याम्पसमा मिश्रित रूपमा नेविसंघ विजयी भएको छ । त्यस्तै नेविसंघ (प्रजातान्त्रिक)ले मिश्रित रूपमा चारवटा क्याम्पसमा विजय हासिल गरेको छ । अखिल एकिकृतले भक्तपुरमा दुई सदस्यमात्र विजय गराउन सफल भएको छ । नेपाल क्रान्तिकारी विद्यार्थी संगठनले भक्तपुरमा सभापति र थापाथली ईन्जिनियरिडमा सचिव जित्न सफल भएको छ ।

यसपालिको चुनावी परिणाम सबभन्दा बढी आफ्नो हातमा पारेको एमाले निकट अनेरास्ववियुले सात विद्यार्थी संगठनको पूर्व निर्धारित आचारसंहितालाई उलंघन गर्दै चुनावी परिणाम आफ्नो पक्षमा पार्न भित्रभित्रै सक्रिय रहेको आशंका अन्य विद्यार्थी संगठनहरूले गरेका छन् । "चुनाव भरसक निर्विरोध, त्यो पनि नभए सात विद्यार्थीबीच संयुक्त प्यानल खडा गर्ने, त्यो पनि नभए मित्रवत प्रतिस्पर्धा गर्ने सहमति भएकाले हामीले आफ्ना मातहतका क्याम्पस एकाईहरूलाई चुनाव भएको खण्डमा मुख्य प्रतिस्पर्धी नेविसंघ नै हो है मात्रै भनेर सर्कुलर गरेका थियौं ।" अनेरास्ववियुका अध्यक्ष राजेन्द्र राईको स्वीकारोक्ति छ । यसपालिको चुनावमा विगतको अनुपातमा थुप्रै स्थान गुमाएको नेविसंघका अध्यक्ष गुरूराज घिमिरे अनेरास्ववियुको परिणाममुखी चरित्रप्रति तीखो टिप्पणी गर्दै भन्छन्- "अनेरास्ववियुले आफ्नो जितलाई केन्द्रविन्दु मानेर चुनावलाई व्यवसायीकरण गर्दै सात विद्यार्थीहरूबीच भएको पूर्व सहकार्यलाई बेवास्ता गऱ्यो ।"

तर हालसालै दुई कांग्रेसभित्र चलेको एकीकरणको हल्लाले पनि आगामी बक्यौता चुनावको मरिणाम आफ्नो पक्षमा आउने नेविसंघको दावी छ । उसले आफ्नो पराजयको मुख्य कारण पार्टी विभाजन, एमाले अखिलको षडयन्त्र र अखिल क्रान्तिकारीको बन्दलाई नै देखाएको छ । क्रान्तिकारीको बन्दका कारण मतदाताको उपस्थितिमा केही प्रभाव पारेपनि संगठनहरूले आफ्ना मतदाताहरूलाई माईक्रो बस तथा ट्याक्सी रिजर्व गरेर क्याम्पससम्म पुऱ्याउन जोडतोडले लागेका देखिन्थे । आखिरमा चुनाव सम्पन्न भएपनि क्रान्तिकारीले सैनिक घेराबीच सम्पन्न भएको निर्वाचन भन्दै आफूलाई निर्वाचन परिणाम मान्य नभएको जनाएको छ । विद्यार्थी संगठनहरू लोकतन्त्रको पूर्ण बहालीका लागि गणतन्त्रका नारा लिएर हिजो सडकमा उत्रिरहेको र स्ववियु निर्वाचनपछि पुनः सोही एजेन्डा लिएर सडकमा आउने भनिरहेकै बेला गणतन्त्र पक्षधर एउटा शक्ति अखिल क्रान्तिकारीले चुनाव बिथोल्ने मनसायले चुनाव अवधिभर नेपाल बन्द गरी हिंसात्मक रूपमा प्रस्तुत भयो । क्रान्तिकारीको यो अत्यन्त बेठीक र आत्मकेन्द्रित कदम थियो । यसले लोकतन्त्रको बहालीका लागि अनिवार्य बन्दै गएको माओवादी र आन्दोलनरत दलहरूबीचको ध्रुवीकरणमाथि पनि धक्का पुऱ्याएको छ ।

त्रिविले यसपालि भएको चुनावमा १ लाख मतदाता मध्ये ५० हजारभन्दा बढी मत खसेको साथै निर्वाचन हुन नसकेका उपत्यका बाहिरका अधिकांश क्याम्पसहरूमा यही फागुन महिनाभित्र नै निर्वाचन हुनेसमेत जनाएको छ ।

सडकमा एक ढिक्का भएका विद्यार्थी संगठनहरू चुनावमा पनि एक ढिक्कै भएर जाने निर्णयमा पुगेपनि कतैकतै छिटफुट आपसी झगडा, मनमुटाव भने देखियो । दुई मुख्य प्रतिस्पर्धी नेविसंघ र अनेरास्ववियुबीच चुनावमा पूर्वशर्त उलंघन भएको आरोप प्रत्यारोप पनि नभएको होइन । अनेरास्ववियुले सात विद्यार्थी बाहेकका अरू प्रतिगमनकै कित्ताको विद्यार्थी संगठनसँग समेत चुनावी गठबन्धन गरेको आरोप नेविसंघ पक्षको छ भने नेविसंघले पनि सात विद्यार्थी संगठन बाहेकको विद्यार्थीसँग गठबन्धन गरेको आरोप अनेरास्ववियुको छ । यो चुनावी परिणामलाई कुनै एउटा विद्यार्थी संगठनको जितको रूपमा नभई आन्दोलनको एउटा सहकर्मी मित्रको विजयको रूपमा हेर्नुपर्ने धारणा अनेरास्ववियुका अध्यक्ष राजेन्द्र राईको छ । निर्वाचनको परिणाम आफ्नो पक्षमा नआएपनि विद्यार्थी संगठनबीचको एकतामा कुनै आँच नआएको दावी नेविसंघ लगायतका विद्यार्थी संगठनका अध्यक्षहरूको छ । जेहोस प्रतिगमन पक्षका विद्यार्थी संगठनहरूले यसपालि धेरै नराम्रो हार ब्यहोर्नु पऱ्यो । स्ववियु निर्वाचनमा उनीहरूले कहीं केही पनि हात पार्न सकेनन् । सबैतिर उनीहरू बढारिए । यसलाई नै प्रतिगमनविरूद्ध आन्दोलनरत विद्यार्थीहरूले आफ्नो सामूहिक विजयको रूपमा लिएका छन । र उनीहरूकै भाषामा सात विद्यार्थी संगठनहरू हिजोजस्तै एकढिक्का भएर लोकतन्त्रको वहालीका लागि सडकको मोर्चामा लामबद्ध हुनेछन् । ❑



## विद्यार्थीले गणतन्त्रलाई समर्थन गरे

**राजेन्द्रकुमार राई**
**अध्यक्ष, अनेरास्ववियु**

## प्रतिगामी षड्यन्त्र विफल भयो

**गुरुराज घिमिरे**
**सभापति, नेविसंघ**



**● यसपालिको चुनावलाई कसरी हेर्नुहुन्छ ?**

**राजेन्द्र राई** - अहिलेको चुनावी परिणामलाई अनेरास्ववियुको जित र अरूको हारको रूपमा हेर्नुभन्दा पनि गणतन्त्रको नारा लिएर प्रतिगमनविरूद्ध आन्दोलनरत सहयात्रीबीचको एउटा सदस्यको जितको रूपमा बुझ्नु पर्छ । आन्दोलनरत विद्यार्थी संगठनबीच फूट ल्याउने प्रतिगामीहरूको षडयन्त्र विफल भएको छ । प्रतिगमन पक्षधर विद्यार्थी संगठनहरूको नराम्रो पराजय भएको छ । गणतन्त्र पक्षधरहरूको जताजतै जित भएको छ ।

**गुरुराज घिमिरे** - हामी स्ववियु रक्षा गर्न सफल भयौं । यसपालि प्रतिगामीहरू चुनाव परिणामका नाममा हामीलाई खतम गर्न चाहन्थे र माओवादीहरू सम्पूर्ण प्रजातान्त्रिक निकायहरू असफल गर्न चाहन्थे, उनीहरू सबै विफल भएका छन् । विजय सबैतिर प्रतिगमनविरोधीहरूकै भएको छ । गणतन्त्रलाई नै विद्यार्थीहरूले आम रूपमा समर्थन गरेका छन् ।

**● आन्दोलनरत संगठनहरू चुनावी मैदानमा पनि एक ढिक्का भएर जाने भने पनि सोचे जस्तो देखिएन नि ?**

**राजेन्द्र राई** - हामी धेरै हदसम्म सफल भयौं । ईतिहासदेखि जित्दै आएका कतिपय क्याम्पसहरूमा अनेरास्ववियु र नेविसंघ दुवैले एक अर्कालाई छोडेर समझदारीमा आएका थियो । तरपनि सबै ठाउंमा शक्तिको आधारमा जिम्मेवारी बाँडफाँड हुन नसक्दा सोचेजस्तो चाहिं भएन ।

**गुरुराज घिमिरे** - हामी धेरै हदसम्म सफल भयौं ।

**● चुनावी परिणामलाई लिएर विद्यार्थी संगठनहरूबीच वैमनस्यता आयो भन्छन् नि ?**

**राजेन्द्र राई** - अलिअलि असन्तुष्टी हुनु स्वभाविकै हो । तर चुनावी परिणामलाई लिएर एकतामै आँच आउने खालको विद्यार्थी संगठनहरूबीच कुनै तिक्तता छैन ।

**गुरुराज घिमिरे** - नेविसंघले जितेका क्याम्पसहरूमा पनि अखिललाई उदारतापूर्वक छोडेको थियो । अनेरास्ववियुले आफ्नो जितलाई केन्द्रविन्दु मानेर चुनावलाई व्यवसायीकरण गर्दै सात विद्यार्थीहरूबीच भएको पूर्व सहकार्यलाई वेवास्ता गऱ्यो । कांग्रेस फुटेकाले मौका यही हो चाहेजति लिनुपर्छ भन्ने ठान्यो । तर चुनावी परिणाम जस्तो आएपनि सात विद्यार्थी संगठनबीचको एकता कायम छ ।

**● अब सडकमा कहिले आउनुहुन्छ ?**

**राजेन्द्र राई** - चुनाव सम्पन्न हुन बाँकी ठाउँहरूमा चुनाव छिटो गर्न दवाव दिन्छौं र चुनाव सम्पन्न भएपछि पुन सडक आन्दोलनको मोर्चामा नयाँ जोशका साथ आउनेछौं ।

**गुरुराज घिमिरे** - हामी चाँडै सात विद्यार्थी संगठनहरू बैठक बसेर हिजो जस्तै शान्तिपूर्ण सडक आन्दोलनमार्फत गणतन्त्रको पक्षमा उत्रनेछौं, साथै राजतन्त्रको सान्दर्भिकता भन्ने बहसलाई पनि निरन्तरता दिनेछौं । ❑



*प्रतिगमनविरोधी आन्दोलनमा महिला सहभागिता*

फोटो : नेपाल न्यूज डट कम

राजाको स्पष्ट दिशा पाकिस्तानको जस्तो पनि होइन, थाइल्याण्डको जस्तो निर्देशित प्रजातन्त्र हो ।

# राजाको मनस्थिति र आन्दोलनको कमजोरी

● अमर गिरी

**फेरि** पनि निर्णायक आन्दोलनको घोषणा हुन सकेन । राजाको नेपालगंज सम्बोधन र त्यसलाई लिएर दल तथा दलका नेताहरूबाट व्यक्त प्रतिक्रिया हेर्दा धेरैले फागुन ८ गते घोषणा गरिने आन्दोलनको कार्यक्रम सशबक्त र निर्णायक प्रकृतिको हुने अपेक्षा गरेका थिए । एक वर्षदेखि चल्दैआएको प्रतिगमनविरोधी आन्दोलन प्रतिगमनकारी शक्तिहरूलाई पर्याप्त दवाब दिन असफल भइरहेको सन्दर्भमा यस्तो अपेक्षा राखिनु अस्वाभाविक पनि थिएन । स्पष्ट दृष्टिकोण र लक्ष्यसहित प्रतिगमनलाई सुदृढ गर्दै अगाडि बढिरहेको प्रतिगामी शक्ति, तर समय बिताउने प्रकारको आन्दोलनकारीहरूको कार्यक्रम र हिँडाइले आन्दोलनका निम्ति अनुकूल होइन, प्रतिकूल मनोविज्ञान निर्माण गर्न नै सहयोग पुऱ्याइरहेको छ । निर्देशित प्रजातन्त्रको एकसूत्रीय एजेण्डा बोकर हिँडिरहेका राजा र कुनै सार्थक परिणाम प्राप्त गर्न नसकिने खालका झाडा-टराइ चरित्रका आन्दोलनका कार्यक्रमहरूको गोलचक्करको शिकार भइरहेका आन्दोलनकारी दलहरूको स्थितिले प्रजातन्त्र कतै लामो समयसम्म धरापमा पर्ने त होइन भन्ने गंभीर प्रश्न खडा गरेको छ ।

## राजाको एजेण्डा

राजाको दृष्टिकोण र दिशा त्यसबेलै स्पष्ट थियो, जुनबेला उनले प्रधानमन्त्री देउवालाई अपदस्थ गरेर सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिएथे । राजाले शुरूमै एक पत्रिकालाई दिएको अन्तर्वार्तामा आफू दाजुजस्तो चूपचाप हेरेर नबस्ने भन्ने अभिव्यक्ति दिएका थिए । चौध महिनामा भएका तीनवटा अभिनन्दन कार्यक्रमहरूमा राजाले आफ्ना शुरूकै धारणाहरूलाई क्रमशः स्पष्ट गर्दै जाने काम मात्र गरेका छन् । नेपालगञ्ज सम्बोधनमा राजाले आफूलाई सुस्पष्ट धारणा र गन्तव्यसहित प्रस्तुत गरेका मात्र हुन्, जुन कुरा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको पातलो र पारदर्शी आवरणभित्र पहिले नै उदाङ्गो भइसकेको थियो ।

राजाको असोज १८ को कदम सुविचारित योजनाको एउटा भागमात्र थियो । ०४६ सालको ऐतिहासिक जनआन्दोलनले संवैधानिक हैसियतमा बस्न बाध्य पारेको राजतन्त्रको अत्यन्त अनुदारवादी हिस्सा शुरूदेखि नै लोकतन्त्रको विरूद्ध तथा निरंकुशताको पक्षमा षड्यन्त्ररत थियो । यही षड्यन्त्रको एउटा पर्दा उघ्रिएको थियो असोज १८ मा । त्यसले, आन्दोलनको सशक्त चाप र रापले राजालाई झुकाउन नसके क्रमशः अरू पर्दाहरू पनि उघ्रिँदै जाने स्पष्ट संकेत दिएको थियो । नेपालगञ्ज सम्बोधनले यसलाई सत्य सावित गरिदिएको छ । अब सबै पर्दाहरू उघ्रिएका छन् र राजा के चाहन्छन् र कता जाँदैछन् भन्ने पनि छर्लङ्ग भएको छ । राजाको स्पष्ट दिशा पाकिस्तानको जस्तो पनि होइन, थाइल्याण्डको जस्तो निर्देशित प्रजातन्त्र हो । राजाको सक्रिय नेतृत्व र 'वरद छायाँ' अन्तर्गत बहुदलीय पञ्चायतको अभ्यास दरवारको

राजनैतिक अभीष्ट हो । सैन्यबलका आडमा माओवादी विद्रोहको अन्त्य, निर्देशित प्रजातन्त्रभित्र दलहरूको सहभागिता र राज्यको सर्वोच्च शक्ति र संस्थाका रूपमा राजा र राजतन्त्रको निरन्तरता राजाका वर्तमान यात्राका प्रमुख लक्ष्यविन्दुहरू हुन् । यसकै निम्ति राजा जनताका बीच पुग्ने प्रयत्न पनि गरिरहेछन्, सैनिक घेराका माझ नै किन नहोस् । वस्तुतः डरलाग्दो अप्ठेरो नपरी पछि हट्दै नहट्ने मनस्थितिमा छन् राजा ।

## कुरामात्र बनिरहेको निर्णायक संघर्ष

राजाको नेपालगञ्ज सम्बोधनपछि केन्द्रीय जनआन्दोलन संयोजन समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ- "राजाबाट त्यहाँ व्यक्त विचारहरू नेपाल अधिराज्यको संविधान २०४७, संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्रको मर्म, भावना तथा नेपाली जनताका चाहना विपरित छन् । पटक-पटक निर्वाचनहरूमार्फत् सार्वभौम नेपाली जनताको जनादेश प्राप्त राजनैतिक दलहरूमाथि प्रहार गर्दै राजाबाट सक्रिय बन्ने र नेपाली जनतालाई ०४६ सालभन्दा अगाडिको स्थितिमा पुऱ्याउने संवैधानिक राजतन्त्र विपरितको चाहना व्यक्त भएको छ । तसर्थ हाम्रोअगाडि सशक्त र प्रभावकारी शान्तिपूर्ण संयुक्त जनआन्दोलनबाहेक अर्को विकल्प छैन ।"

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले काभ्रेमा आयोजित एक कार्यक्रममा बोल्दै भन्नुभयो- "जुन आन्दोलन हुँदैछ, त्यसलाई हामीले अन्तिम र निर्णायक बनाउनुपर्छ ।" यस्तै कथन छ ने.क.पा. (एमाले) स्थायी कमिटी सदस्य भरतमोहन अधिकारीको पनि । प्रजातन्त्र दिवस फागुन ७ का अवसरमा काठमाडौंको इन्द्रचोकमा आयोजित सभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो -"राजाबाट प्रजातन्त्र खोसिने अवस्था आउन नदिन अब पाँच दलले आन्दोलनलाई निर्णायक बनाउनुपर्छ ।" यी केही भनाइहरू हुन्, जसले नेताहरू निर्णायक आन्दोलनको कुरा गरिरहेछन् भन्ने देखाउँछन् । निर्णायक आन्दोलनको कुरा राजाको नेपालगञ्ज सम्बोधनपछि मात्र उठेको होइन । प्रतिगमनविरोधी आन्दोलनको एकवर्षको अवधिमा सशक्त र निर्णायक आन्दोलनको कुरा पटक-पटक उठाइएको छ । गत भाद्रमा 'वार कि पार'जस्ता शब्दहरूको प्रयोग गर्दै आन्दोलनलाई निर्णायक र परिणाममुखी बनाउने घोषणा नै गरिएको थियो । तर आन्दोलनको घोषणापछि आएको दरवारिया संकेतले त्यस घोषणालाई तुहाएको थियो ।

त्यसैगरी फागुन ७ गते आन्दोलनरत दलहरूले सशक्त र परिणाममुखी आन्दोलनको घोषणा गरिने बताइएका थिए । उपलब्धिमूलक आन्दोलनको पक्षमा रहेको विशाल जनमत फागुन ७ का दिन भनिदै आएको अनुरूपको घोषणा सुन्न आतुर थियो, तर त्यस दिन आन्दोलनको कार्यक्रमको घोषणा नै गरिएन । अर्को दिन कार्यक्रमको घोषणा त गरियो, तर त्यहाँ 'निर्णायक' र 'सशक्त' केही थिएन । सशक्त र निर्णायक आन्दोलनको कुरा सधैं गर्ने,



**वस्तुतः डरलाग्दो अप्ठेरो नपरी पछि हट्दै नहट्ने मनस्थितिमा छन् राजा !**

तर घोषणा भने कहिल्यै नगर्ने, प्रतिगमनलाई परास्त गरेर अग्रगामी परिवर्तनको दिशातर्फ बढ्नुपर्छ भन्ने, तर दृढतापूर्वक अघि बढ्न सधैं खुट्टा कमाउने, विद्यार्थीहरूलाई सडकमा गणतन्त्रको नारा लगाउन र क्याम्पस तथा विद्यालयहरूमा बहस चलाउन छुट त दिने, तर आफू त्यसमा प्रवेश गर्न भने हिच्किचाउने, आखिर किन भइरहेछ यस्तो ? के छ यसभित्र ? यतिबेला धेरैका मनमा उठिरहेका प्रश्नहरू हुन् यी ।

## मरिनसकेको आशा

यसको चूरो कारण के हो भने आन्दोलनरत दलका ठूला घटकहरू अझै पनि राजाप्रति आशावादी देखिन्छन् । प्रतिगमनको शुरूदेखि नै रहँदैआएको यो आशा अझैं समाप्त भइसकेको छैन । यसैकारण राजाका कदमहरूले दलहरूमा आक्रोश बढाए पनि त्यो निर्णायक रूपमा अभिव्यक्त हुन सकिरहेको छैन । असोज १८ पछि पटक-पटक दलका नेताहरू र राजाका बीचमा उपलब्धिहीन सम्वादहरू भएका छन् । तर प्रत्येक सम्वादपछि दलहरू सकारात्मक परिणामको कुरा गरिरहेका हुन्छन् । निर्णायक आन्दोलनविना राजासँग सहमतिको आशा देख्ने प्रवृति आन्दोलनको मूल बाधकका रूपमा रहेको देखिन्छ । राजनीतिको भित्री भागमा जरो गाडेर बसेको यो आशाकुटी प्रवृति अन्त्य नभएसम्म आन्दोलनले निर्णायक रूप ग्रहण गर्न गाह्रो छ । दरबार दलहरूमा विद्यमान यही कमजोरीलाई उनीहरूलाई कमजोर बनाउने हतियारका रूपमा प्रयोग गरिरहेछ । जसरी हुन्छ दलहरू केही गर्न सक्तैनन् भन्ने मनोविज्ञानको निर्माण गर्नु दरवारको रणनीति रहेको देखिन्छ ।

## अस्पष्टता र आन्तरिक द्वन्द्व

सशक्त र निर्णायक आन्दोलनको घोषणा गर्न नसक्नुमा राजनैतिक अस्पष्टता र आन्तरिक द्वन्द्वले सबैभन्दा ठूलो भूमिका निर्वाह गरेको छ । राजा स्पष्ट हुँदै अगाडि बढ्ने, तर दलहरू अन्यौल र अस्पष्टताको शिकार हुने, यसरी कसरी गर्न सकिन्छ निर्णायक आन्दोलन ? कसरी परास्त गर्न सकिन्छ प्रतिगमनलाई ? र कसरी खोज्न सकिन्छ संकटको अग्रगामी निकास ? परिस्थितिले आँटपूर्वक गणतन्त्रको एजेण्डामा प्रवेश गर्न भनिरहेको छ, तर दलहरू संवैधानिक राजतन्त्रको सीमा नै नाघ्न तयार छैनन् । यसका पछाडि मूलतः गणतन्त्रको मागमा प्रवेश गरेर आन्दोलनलाई अघि बढाउँदा अत्यधिक रक्तपात हुनसक्ने र अमेरिका र भारत गणतन्त्रका

बाँकी ४३ पेजमा



# यस्तो हुनुपर्छ अबको नयाँ राज्यसंरचना



प्रा. कृष्ण खनाल र प्रा. पीताम्बर शर्माको लेखमाथि नरहरि आचार्यको

**टिप्पणी**

अहिले नेपालको राजनैतिक क्षेत्रमा थुप्रै विषयहरूमाथि बहस चलिरहेको छ । त्यसमध्ये लोकतान्त्रिक मान्यताको आधारमा राज्यको पुनर्रचना गर्नुपर्ने अवस्था अत्यावश्यक छ भन्ने यस बहसको मूल विषय भएको छ । यस विषयमा मूल्यांकन मासिकले अगाडि बढाएको बहसमा प्राध्यापक कृष्ण खनाल र प्राध्यापक पीताम्बर शर्माका विचारहरू हेर्दा आधारभूत कुराहरूमा उहाँहरूबीच समानता भएको मैले पाएँ । खनालजीले उठाउनु भएको बहसमा विशेषगरी अबको पुनर्रचनाले ध्यान दिनुपर्ने विषयभित्र संविधानमा जनताको स्वामित्वको प्रसंग, राज्य पुनर्रचनाका निम्ति हेरफेर गर्नुपर्ने महत्त्वपूर्ण पक्षहरू, राजसंस्थाको परिभाषा, भूमिका र भविष्यको निर्धारण गर्ने विषयसँगसँगै माओवादीको हिंसात्मक विद्रोहको संवैधानिक र राजनैतिक उपचार खोज्ने प्रयत्न र शासन प्रणालीमा परिवर्तन गर्ने क्रममा बेलायती मोडेलको परम्परागत संसदीय शासन प्रणालीबाट नयाँ सहमतीय प्रणालीतर्फ जानेजस्ता विषयहरू आएका छन् । प्रकारान्तरले यी विषयहरूमा समर्थन जनाउँदै पीताम्बर शर्माले पनि जनताको सार्वभौमसत्ताको विषय, राज्य-संरचनामा परिवर्तनका कुराहरू, बहुमतीय शासनप्रणालीलाई सहमतीय शासन प्रणालीमा लैजाने विषय, राजतन्त्र र गणतन्त्रको विवादबाट निकाल्नु पर्ने निष्कर्ष र सँगसँगै उत्तरदायी र अधिकारसम्पन्न न्यायपालिका तथा लोककल्याणकारी राज्यको अवधारणाका विषयहरूमा राज्यको पुनर्रचना केन्द्रित हुनुपर्नेमा जोड दिएको पाइन्छ ।

वास्तवमा अहिले राष्ट्रव्यापी छलफलमा आएका मुख्य विषयहरू पनि यिनै हुन् । तर निष्कर्षमा भन्दा अहिले खासगरी दुईवटा पक्ष महत्त्वपूर्ण छन् जस्तो मलाई लाग्छ । एउटा, लोकतान्त्रिक मान्यताअनुरूपको बहुलवादी शासन मुलुकका लागि आवश्यक छ भन्ने धारणा चारैतिरबाट आइरहेको छ । यसलाई कसैले पनि ठाडै अस्वीकार गर्न सकेको छैन । सशस्त्र विद्रोहमा उत्रेको माओवादीले पनि यसप्रति आफ्नो समर्थन रहेको कुरा गरिरहेको छ । र, २०४७ को संविधानको मान्यतालाई उल्लंघन गरीसकेपछि पनि राजाको अभिव्यक्तिमा समेत बहुदलीय लोकतन्त्रको समर्थनमा आफू कायमै रहेको प्रसंग देखिन्छ । यसरी नेपालको लोकतन्त्रमा बहुलवादी शासन सबै राजनैतिक पक्षको एउटा मुख्य सहमतिको विषय बनेको देखिन्छ । तर अहिले नेपालमा कस्तो प्रकारको शासन प्रणाली उपयुक्त छ भन्नेबारेमा र राज्य-संरचनाको बारेमा भने व्यापक छलफल भइरहेको छ ।

**राज्यको पुनर्रचनाको औचित्य र अन्तर्वस्तुहरू**

नेपालको स्थापना भएदेखि नै हामीकहाँ केन्द्रीकृत ढाँचाको राज्य-संरचना रहँदै आएकोमा अहिले परिवर्तन गरेर सहभागितामूलक विकेन्द्रित ढाँचाको राज्य-संरचना हुनुपर्‍यो भन्ने कुरा प्रमुख रूपमा छलफलमा आइरहेको छ । अझ यता केही समयदेखि नेपालमा गणतन्त्रको सान्दर्भिकता कति छ भन्ने कुरा पनि उठेको छ । कतिपय बहसकर्ताहरूले यसलाई राजतन्त्रको सान्दर्भिकतासँग जोडेर पनि बहस गरिरहेका छन् । यसलाई जसरी छलफल गरे पनि अबको नेपालमा गणतन्त्रको सम्भावना र सान्दर्भिकता कति छ भन्ने कुरा नै मूलभूत विषय हो । साथै, कस्तो र कुन मोडेलको गणतन्त्रको सम्भावना छ भन्ने प्रश्नहरू पनि यस छलफलको थप विषय बनिरहेको छ । यी सबै विषयहरूमाथि छलफल गर्दा प्राध्यापक खनाल र प्राध्यापक शर्माले भनेका प्रमुख विषयबाट नै छलफललाई अगाडि बढाउँदा उचित हुन्छ ।

## संविधानमा जनताको स्वामित्व

उहाँहरूको भनाइ छ- सबभन्दा पहिले राज्यको संवैधानिक पद्धति र संविधानमा जनताको स्वामित्व स्थापित हुनुपर्‍यो । यस विचारसँग म पूरै सहमत छु । मलाई लाग्छ, त्यो प्रक्रियामा हामी प्रवेश गर्न तयार भयौं भने अरू सबै विषयमा छलफल गर्ने एउटा उपयुक्त मञ्च उपलब्ध हुन्छ र त्यस मञ्चमा सबै विषयमाथि निर्बाध ढंगबाट र खुलेर छलफल गर्न सक्छौं तथा एउटा निष्कर्षमा पुग्न सक्छौं । जनताको सार्वभौमसत्ता वा जनताको स्वामित्व भन्नु एउटै कुरा हो । गएको आधा शताब्दीदेखि हामीले विभिन्न ढंगको संवैधानिक अभ्यास गर्दैआएका छौं । नेपालको संवैधानिक इतिहासमा राणा प्रधानमन्त्री पद्म शमशेरले प्रस्तावित गरेको नेपाल सरकारको वैधानिक कानून- २००४ देखि लिखित संविधानको चर्चा गर्ने र त्यसलाई अगाडि सार्ने क्रममा हामी देखिएका छौं । त्यसपछाडि नेपालको अन्तरिम शासन विधान-२००७ दोस्रो प्रयत्नको रूपमा आएको छ । जनताको सार्वभौम अधिकारलाई स्वीकार गर्दै र जनताको संविधान निर्माण गर्ने अधिकारलाई स्थापित गर्दै त्यो अन्तरिम विधान प्रारंभ भएको थियो । तर तीन चार वर्ष पनि नबित्दै राजा त्रिभुवनबाटै त्यसका मान्यताहरू खण्डित हुँदै गए र २०१५ सालमा नेपाल अधिराज्यको संविधान तयार गर्दा राजाको घोषणाबाट नै संविधान थालनी गर्ने प्रक्रियामा फर्केको देखिन्छ । तर त्यस प्रक्रियाले पनि स्थायित्व पाउन सकेन । अर्धसंवैधानिक राजसंस्थाको त्यसबखतको प्रारम्भिक प्रयोगलाई समेत राजा महेन्द्रले सहेनन्, आफै भत्काए । फलतः २०१७ साल पुस १ गते नेपालमा

निरंकुश राजतन्त्रको प्रक्रिया शुरू भयो । यसले २०१९ मा 'नयाँ' संविधानलाई अगाडि सारे तापनि त्यो संविधानले मूलतः संविधानको स्रोत राजालाई मानेको थियो र राजाको हुकुम नै अन्तिम संवैधानिक प्रक्रिया बनेको थियो ।

२०४६ सालको जनआन्दोलनपछि जुन संवैधानिक प्रयोग भयो, त्यतिबेला राजा र जनताबीच लिखित हिसाबले अनौपचारिक भन्नुपर्ने, तर राजनैतिक हिसाबले एउटा औपचारिक खालको समझदारी र सम्झौता भएको थियो । त्यो सम्झौताको परिणामस्वरूप नै २०४७ मा नेपाल अधिराज्यको संविधान आएको हो । तर २०५९ साल असोज १८ मा राजसंस्थाको तर्फबाट नै वर्तमान राजाले एकतर्फी ढंगले त्यसलाई उल्लंघन गरे । त्यसपछि २०४७ मा गरिएको समझदारीको संवैधानिक प्रयोग पनि एक प्रकारले असफल भएको छ ।

यस पृष्ठभूमिमा नेपालको संविधानको बारेमा फेरि बहस प्रारंभ भएको हो । कसै कसैले अझै पनि संशोधनको कुरा उठाइरहेका छन्, कसैबाट सुधारको कुरा पनि उठेको छ र पुनर्लेखनको चर्चा पनि भएको छ भने कतैबाट नयाँ संविधान नै लेखिनुपर्ने कुरा पनि उठिरहेको छ । तर संविधानको संशोधन, सुधार वा पुनर्लेखन गर्दा त्यसको माध्यम संसद् हुने विद्यमान संविधान, २०४७ को व्यवस्था हो । तर संसद् अहिले अस्तित्वमा छैन । न संसद्को चुनाव हुनसक्ने परिस्थिति छ, न त संसद्को पुनर्स्थापना भएको छ । यस स्थितिमा संसद्द्वारा यी कामहरू हुने कुरा एउटा आकांक्षाको रूपमा त स्वभाविकै देखिएला, तर व्यावहारिक रूपमा यो कसरी, कहिले र कुन ढंगबाट सम्भव छ भन्ने कुरामा अन्यौल रहेको छ ।

अब नयाँ संविधानको निर्माण कसरी गर्ने भन्ने कुराले नै भावी राज्यको पुनर्रचनाको प्रारंभ हामी कसरी गर्छौं भन्ने कुराको टुंगो गर्नेछ । आधा शताब्दीका विभिन्न संवैधानिक प्रयोगलाई देखिसकेपछि नेपाली जनमत एउटा के निष्कर्षमा पुगिसकेको छ भने अब नेपालको संविधानको निर्माण जनताले आफ्ना प्रतिनिधिमार्फत् नै गर्नुपर्छ । तिनै प्रतिनिधिमार्फत् नेपालको संविधानको घोषणा पनि नेपाली जनताले आफ्नै व्यहोरामा गर्नुपर्छ । मूल रूपमा अब यसमा कुनै प्रश्नहरू बाँकी छैनन्, प्रश्नहरू बाँकी छन् भने केवल त्यसका प्रक्रियाका बारेमा, त्यससँग जोडिएका केही आशंकाका बारेमा र संभावित अवरोध बारेमा मात्रै छन् ।

संसद्को निर्वाचन नै गर्न नसकिएको अहिलेको परिस्थितिमा संविधानसभाको निर्वाचन कसरी होला भन्ने कुरा राजनैतिक दलहरू गरिरहेका छन् । संविधानसभाको निर्वाचन नै भए तापनि त्यसबाट के परिणाम निस्केला ? निस्केको परिणामको पालना होला कि नहोला ? र, निर्वाचन निष्पक्ष रूपले होला कि नहोला ? भन्ने यी तीन प्रश्नहरूको घेरामा संविधानसभाको औचित्यलाई प्रश्नवाचक चिन्हमा राखिएको छ । तर यी सबै प्रक्रियागत कुराहरू हुन् । यहाँ उठाइएका प्रश्नहरू र आशंकाहरूको निवारणकै लागि पनि यसको प्रयोग गर्न खोजिएको हो । अर्थात् हतियारको बिगबिगी र विवेकहीन प्रयोग, हतियारमा आधारित विद्रोहको परिस्थितिबाट जन्मेको हिंसा र आतङ्कको अवस्थालाई अन्त्य गर्नकै लागि संविधानसभाको चुनावलाई प्रयोग गर्न खोजिएको हो, ती कुराहरू यथावत रहने शर्तमा संविधानसभाको निर्वाचन हुँने होइन । हतियारमा आधारित विद्रोह समाप्त गर्न, त्यसलाई राजनीतिक ढंगबाट शान्तिपूर्ण किसिमले टुंग्याउनका लागि यसको प्रयोग हुने हो । त्यसैले यस प्रक्रियामा सामेल हुनका लागि गरिने गम्भीर छलफल र बहसको क्रममा नै ती शंका र प्रश्नहरूलाई निवारण गर्न

हतियारमा आधारित विद्रोहको परिस्थितिबाट जन्मेको हिंसा र आतङ्कको अवस्थालाई अन्त्य गर्नकै लागि संविधानसभाको चुनावलाई प्रयोग गर्न खोजिएको हो, ती कुराहरु यथावत रहने शर्तमा संविधानसभाको निर्वाचन हुने होइन ।

नेपाल पछिल्लो एकीकरणअघि एकप्रकारले विभिन्नतासहितको शासनप्रणालीमा आधारित भूभाग थियो अथवा अहिलेको शब्दावलीमा भन्ने हो भने आ-आफ्नै ढंगबाट स्वायत्त संरचनामा आधारित भूखण्ड थियो ।

सकिन्छ । यदि समस्या यिनै प्रक्रियाहरूको बारेमा तथा त्यसबाट आउने परिणाम दिगो हुन्छ कि हुँदैन, त्यसमा व्यवधान र बाधा आउँछ कि आउँदैन भन्ने कुरामा आधारित हो भने सबै प्रकारका बहस, छलफल र वार्ता यसैमा आधारित भएर गर्दा हुन्छ ।

यस परिप्रेक्ष्यमा अब मुलुकको अगाडि उपस्थित भएका विभिन्न समस्याहरूलाई कसरी सम्बोधन गर्ने भन्ने प्रश्न छ । एउटा त पचास वर्षको संवैधानिक अभ्यासबाट पनि स्थापित हुन नसकेको संविधानमाथि जनताको स्वामित्वको प्रश्न छ । यस सन्दर्भमा म प्राध्यापक खनालको विचारसँग नजिक छु । सबभन्दा पहिले त संविधानमाथि जनताले आफ्नो स्वामित्व स्थापित गर्न पाउनुपर्छ । त्यसको लागि जनताका प्रतिनिधिमार्फत् नयाँ संविधान लेख्नका निम्ति संविधानसभामार्फत् जनताका प्रतिनिधिहरू एक ठाउँमा जम्मा हुने र वालिग नेपालीहरूले आफ्ना प्रतिनिधिमार्फत् संविधान निर्माण गर्ने प्रक्रियामा प्रवेश गर्नेबाहेक अरू उपाय मैले देखिरहेको छैन ।

## प्रादेशिक संघीय राज्य-संरचना

पछिल्लो पटक एकीकृत नेपालको निर्माण भएदेखि अहिलेसम्मको शासन पद्धतिको स्वरूप केन्द्रीकृत र केन्द्रीय वर्चस्वको रहँदै आयो । वास्तवमा प्रारंभदेखि नै नेपाल त्यस किसिमको ढाँचामा थिएन । नेपाल पछिल्लो एकीकरणअघि एकप्रकारले विभिन्नतासहितको शासनप्रणालीमा आधारित भूभाग थियो अथवा अहिलेको शब्दावलीमा भन्ने हो भने आ-आफ्नै ढंगबाट स्वायत्त संरचनामा आधारित भूखण्ड थियो । पृथ्वीनारायण शाहले आफ्नो सैनिक अभियानको क्रममा राज्यहरूलाई पुनः एक ठाउँमा ल्याउँदै गएपछि (किनभने लिच्छवीकाल र किरातकालमा पनि विस्तारित नेपाल नै थियो भन्ने इतिहासकारहरूको भनाइ छ) र त्यही क्रमलाई अगाडि बढाउने क्रममा नेपालमा राणा शासनको उदय भएपछि पछिल्लोपटक यसको केन्द्रीकृत र केन्द्रीय वर्चस्वको स्वरूप झन् बढी प्रबल बनेर गएको देखिन्छ । त्यसपछाडि आएका परिवर्तनहरूले सानातिना ढाँचामा र बाहिरी स्वरूपमा अदलबदल गर्दै लगे तापनि राज्यको केन्द्रीकृत स्वरूपमा खासै परिवर्तन भएको देखिएन ।

२०४६ सालको जनआन्दोलनपछाडि बनेको संविधानले पनि राज्यप्रणालीलाई केन्द्रीकृत संरचनाभित्र नै राख्यो । सबभन्दा ठूलो समस्या एकात्मकता र केन्द्रीकृत स्वरूपलाई पर्यायवाचीको रूपमा बुझ्ने गरियो । नेपाललाई एकात्मक देश भन्नासाथ त्यसको लागि केन्द्रीकृत संरचना पनि जरूरी छ भन्ने भ्रमपूर्ण सोचाइ रह्यो । त्यसमा गम्भीर छलफल प्रारंभ हुन सकेन । यसले गर्दा नेपालको विविधता र बहुलतालाई प्रतिविम्बित गर्ने शासनप्रणाली हामीले बनाउन सकेनौं । पद्धति लोकतान्त्रिक बनाउने प्रयत्न गर्दागर्दै पनि राज्यको राज्य-संरचनाको लोकतान्त्रीकरण हामीले गर्न सकेनौं । यसले गर्दा लोकतन्त्रमाथि नै बारम्बार संकट आउने र प्रारंभ भएका केही सकारात्मक अभ्यासहरूमा पनि अवरोध हुने परिस्थिति गएको ५० वर्षको अवधिमा हामीले बारम्बार बेहोर्नु पर्‍यो । त्यसैले अबको नयाँ राज्यको ढाँचामा नेपाललाई विकेन्द्रित संरचनामा लानैपर्छ । र, त्यसलाई संघीय वा अर्धसंघीय वा प्रादेशिक संरचना जे भने पनि केन्द्रीय वर्चस्वको शासन र प्रणालीलाई अन्त्य गर्नै पर्ने अवस्था आएको छ । त्यो नगरिकन नेपालमा वास्तविक रूपमा र सही ढंगबाट लोकतन्त्रको विकास गर्न सकिने अवस्था रहँदैन ।

लोकतन्त्रको पहिलो आधार स्वशासन नै हो अर्थात्

आफ्नो शासन आफैले गर्ने प्रणाली हो । लोकतन्त्रमा व्यक्तिगत स्वतन्त्रतालाई सर्वाधिक महत्त्व दिइने दार्शनिक कारण पनि यही हो । सरकारसँग नागरिकको ज्यादै नजिकको पहुँच हुनको लागि लोकतन्त्रको जरूरी हुन्छ । उनीहरूले भेट्टाउने ठाउँमा सरकार हुनुपर्छ । केन्द्रीय सरकारमात्र भयो, प्रदेश र जिल्ला वा स्थानीय तहमा निर्वाचित सरकार भएन भने नागरिकले भेटाउने ठाउँमा सरकार हुँदैन । त्यस परिस्थितिमा शासनलाई विकेन्द्रित गर्नु, शासनलाई संघीय वा प्रादेशिक संरचनामा बाँड्नु जरूरी हुन्छ । त्यसैका आधारमा स्थानीय स्वायत्त शासनलाई विकसित गर्न सकिन्छ र अरू प्रभावकारी बनाउन सकिन्छ । अहिले संसारभर नै शासनमा जनताको सहभागिता र प्रतिनिधित्वको प्रश्न सवल रूपले उठिरहेको छ । लोकतन्त्रको नयाँ अभ्यास शुरू गर्न खोजिएका मुलुकहरूमा त यी विषयहरू झन् प्रबलताका साथ उठ्ने गरेका छन् । किनभने लोकतन्त्र र विकेन्द्रित वा स्वायत्त शासन अभिन्न विषय हुन् ।

वास्तवमा अहिले माओवादी हिंसात्मक विद्रोहको उपचारका निमित्त राजनैतिक उपायहरूको खोजी गर्ने बहसमा हामी छौं । निश्चय नै माओवादीहरूले हाल चर्चामा ल्याएको जातीय राज्यको प्रयोग थुप्रै प्रश्न र आशंकाको घेरामा छ, यसमा धेरै अस्पष्टता र अधकल्चोपन पनि छ । तर त्यसको निम्ति पनि यो प्रयत्न महत्त्वपूर्ण सहयोगीको रूपमा रहन्छ र यसले माओवादीहरूले देखाएका रोगहरूको उपचारलाई पनि सजिलो बनाउँछ । अहिले हामी समाजमा रहेका भेदभाव, शासनमा जनसहभागिताको न्यूनता र राज्यको एकांगी स्वरूपको अन्त्य गर्नुपर्ने आवश्यकताको बारेमा छलफल गरिरहेका छौं । जतिसुकै मात्रामा प्रतिनिधित्वपूर्ण बनाउन खोज्दा पनि केन्द्रीय सत्तामा सबै किसिमको प्रतिनिधित्व सम्भव नहुन सक्छ । केन्द्रीय शासनलाई विकेन्द्रित गरेर प्रादेशिक संरचनामा र त्यसअन्तर्गत स्थानीय स्वायत्त निकायहरूमा सरकारलाई फैलाएपछि मात्रै आधिकारिक रूपले शासनलाई सहभागितापूर्ण र संरचनालाई प्रतिनिधित्वपूर्ण बनाउने परिस्थिति सिर्जना हुनसक्छ । यी सबै कुरा एक अर्कासँग जोडिएका छन् । यी समग्र कुराहरूलाई सम्बोधन गर्नका निमित्त शासनको पुनर्रचना जरूरी छ भन्ने देखिन्छ । त्यसपछि मात्रै विभिन्न भाषा, जात, धर्म र संस्कृतिका जनतालाई पनि शासनमा समानुपातिक ढंगले पर्याप्त मात्रामा प्रतिनिधित्व गराउन सकिन्छ । राजनैतिक रूपले त्यस्तो प्रतिनिधित्व बढाउनेबित्तिकै भाषा, संस्कृति, धर्म, उपासना आदिलाई पनि स्वतन्त्र ढंगबाट निर्णय गर्नसक्ने अधिकार प्राप्त हुनेछ । र, यसैबाट भाषिक, सांस्कृतिक, धार्मिक र जातीय सहभागितामा समानता र सन्तुलनको परिपाटी पनि विकसित गर्न सकिन्छ । यसले मात्रै वास्तवमा समतामूलक समाज सिर्जना गर्न राजनैतिक आधार दिन्छ ।

## राज्यमा महिला प्रतिनिधित्व

महिलाहरूको प्रतिनिधित्व बढाउनको लागि उनीहरूलाई पनि सबै क्षेत्रमा पुरूषसरह समान अवसर प्रदान गर्नको लागि केन्द्रीय तहमै त्यस किसिमको संवैधानिक संरचना बन्नुपर्छ । र, सबभन्दा पहिला संसद्मा नै महिलाहरूको प्रतिनिधिको संख्या बढाउने परिस्थितिको सिर्जना गर्नुपर्छ, त्यहाँ पर्याप्त मात्रामा महिला प्रतिनिधिहरू भएपछि नै महिलाहरूको विषयमा विद्यमान रहेका सबै विधि-व्यवस्थाप्रति नियमित र निरन्तर रूपमा ध्यानाकर्षण गराउँदै लैजान र ती समस्यालाई सम्बोधन गराउँदै लैजाने परिपाटी बस्नसक्छ ।

महिलाहरूको प्रतिनिधित्व बढाउन आरक्षणको पनि व्यवस्था गर्नुपर्ने हुन्छ । यसलाई दुई किसिमबाट प्रयोग गर्न सकिन्छ । एउटा अहिले प्रत्येक पार्टीले उठाउने उम्मेद्वारको ५ प्रतिशत महिला उठाउनुपर्ने गरिएकोमा त्यसलाई ३०,३५ वा ४० प्रतिशत गर्नुपर्दछ । अर्को, निश्चित सिटहरूमा महिलाहरूमात्र उम्मेद्वार उठाउने र उनीहरूबीच नै प्रतिस्पर्धा गराउने प्रणाली पनि लागू गर्नसकिन्छ । यसबाहेक बंगलादेशले अपनाइरहेको तेस्रो मोडेल पनि छ । त्यहाँ महिला र पुरूष दुवैलाई चुनावमा स्वतन्त्रतापूर्वक उठाउने गरिन्छ । अनि संसद्मा चुनिएर गएका पार्टीका सांसद् वा प्रतिनिधिको आधारमा एउटा निश्चित प्रतिशत महिला सांसदहरू थपिन्छन् ।

तर यी सबै मोडेलहरूभन्दा उपयुक्त मोडेल पार्टीहरूले आ-आफ्ना उम्मेद्वार निर्धारण गर्दा महिला प्रतिनिधित्व बढाउने परिपाटी वा संवैधानिक प्रावधान राख्नु नै सर्वाधिक उपयुक्त हुन्छ । किनभने यस बाहेकका अरू मोडेलहरूबाट महिलाहरूको स्वतन्त्र विकासमा र प्रतिस्पर्धामा बाधा उत्पन्न गर्नसक्छ । तर केही समयको लागि अरू वैकल्पिक पद्धतिहरूबाट पनि क्षतिपूर्ति गरेर राजनैतिक निर्णय हुने निकायहरूमा महिला प्रतिनिधित्व बढाउनुपर्ने हुन्छ ।

## शासन-प्रणालीको मोडेल

अहिले हामीकहाँ कस्तो मोडेलको शासनप्रणाली उपयुक्त हुन्छ भन्नेबारेमा पनि बहस चलिरहेको छ । अहिले नेपालमा बेलायती मोडेलको संसदीय शासन-प्रणाली रहेको छ । यो मोडेलसँग नेपालको ऐतिहासिक रूपले सम्बन्ध रह्यो । भारतमा बेलायतको उपनिवेश हुनु, बेलायतको उपनिवेशबाट भारत स्वतन्त्र भएपछि पनि उसले बेलायती मोडेलकै शासनप्रणाली अंगाल्नु र हाम्रो मुलुकमा राजनैतिक परिवर्तनलाई नेतृत्व गर्ने अधिकांश व्यक्तिहरूको शिक्षा-दीक्षा र सम्पर्कको सजिलो आधार भारत नै हुनुबाट हामी यो प्रणालीसित ज्यादा परिचित भयौं । यसैले गर्दा नेपालमा पनि त्यही मोडेललाई अंगीकार गरियो । २००७ सालदेखि नै हाम्रो लोकतान्त्रिक आन्दोलनको अगाडि रहेको शासनप्रणालीको मोडेल भनेकै बेलायती संसदीय मोडेल रह्यो । २०४६ सालको आन्दोलनपछि अरू मोडेलको प्रयोग गर्नसक्ने अवस्था रहँदारहँदै पनि हामी बेलायती मोडेलभन्दा बाहिर जान सकेनौं । नेपालको लागि योभन्दा अरू मोडेल उपयोगी हुनसक्छ भन्ने बारेमा नेपाल अधिराज्यको संविधान-२०४७ बनाउँदा पनि हामीले खासै छलफल गरेनौं । १०/१२ वर्षको प्रयोगबाट अहिले हाम्रो लागि यो उपयुक्त छैन भन्ने कुरा सावित भएको छ ।

अहिले जुन ठाउँमा यो मोडेल परम्परागत रूपले नै प्रयोग भएर आइरहेको छ, ती ठाउँमा पनि यसको बारेमा विवाद र बहसहरू प्रारंभ भइसकेका छन् । त्यसका असफलताहरूको बारेमा टीकाटिप्पणी र चर्चा व्यापक रूपमा हुन थालेको तथा व्यवहारमा त्यसलाई परिवर्तन गर्दै नयाँ ढंगबाट अभ्यास गर्ने कतिपय परिस्थिति पनि सिर्जना भएको छ । यी सबै कारणले गर्दा अहिलेको परिस्थितिमा हामी यसमाथि नयाँ ढंगबाट छलफल गर्न थालेका छौं । र, यो आवश्यक पनि छ । १२ वर्षको हाम्रो अभ्यासमा पनि बहुमतीय शासन प्रणाली त्यति उपयोगी ढंगबाट अगाडि बढ्न सकेन भन्ने लाग्छ । एउटा त यो प्रणाली आफैमा पर्याप्त कमजोरी छ, त्यसमाथि यसको अभ्यासमा पनि हामीले त्यति कुशलता देखाउन सकेनौं । यसलाई ध्यानमा राखेर हामीले यसको विकल्पको खोजी गर्नु आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा अहिले दुई किसिमको चर्चा प्रबल रूपमा उठिरहेको छ । एउटा, सहमतीय प्रणाली, जुन कतिपय युरोपीय देशहरूमा संसदीय प्रणालीअन्तर्गत नै विकसित

**केन्द्रीय शासनलाई विकेन्द्रित गरेर प्रादेशिक संरचनामा र त्यसअन्तर्गत स्थानीय स्वायत्त निकायहरुमा सरकारलाई फैलाएपछि मात्रै आधिकारिक रुपले शासनलाई सहभागितापूर्ण र संरचनालाई प्रतिनिधित्वपूर्ण बनाउने परिस्थिति सिर्जना हुनसक्छ**

**अहिले प्रत्येक पार्टीले उठाउने उम्मेद्वारको ५ प्रतिशत महिला उठाउनुपर्ने गरिएकोमा त्यसलाई ३०,३५ वा ४० प्रतिशत गर्नुपर्दछ । अर्को, निश्चित सिटहरुमा महिलाहरुमात्र उम्मेद्वार उठाउने र उनीहरुबीच नै प्रतिस्पर्धा गराउने प्रणाली पनि लागू गर्नसकिन्छ ।**

भएको छ । दक्षिण अफ्रिकाले प्रयोग गरेको प्रणाली पनि एउटा नयाँ खालको सहमतीय प्रणाली हो, जहाँ विविधताका बीचमा एकता कायम गर्न सजिलो भएको छ । त्यस्तै, अर्को केन्द्र र प्रादेशिक रूपमा राज्यको पुनर्रचना गरिसकेपछाडि केन्द्र र प्रदेशका निमित्त अलग-अलग मोडेललाई विकसित गर्न सकिने संभावना पनि उत्तिकै प्रबल देखिएको छ । केन्द्रको निम्ति एक ढंगको प्रणाली र प्रदेशका निम्ति अर्को ढंगको प्रणालीले एक अर्काको पूरकको रूपमा एउटा नयाँ प्रणालीको विकास पनि गर्न सकिन्छ । केन्द्रमा संसद्द्वारा प्रधानमन्त्री चयन गर्ने पद्धतिको विद्यमान अवस्था र प्रधानमन्त्रीले चाहेको बेलामा संसद्लाई विघटन गर्ने दुईवटै प्रयोगका थुप्रै नकारात्मक परिणामहरू हामीले बेहोरेका छौं । एउटा त संसद्ले प्रधानमन्त्री चयन गर्ने कारणले १२ वर्षमा ११ वटा सरकार बन्ने परिस्थिति रह्यो । अर्को, प्रधानमन्त्रीको इच्छामा संसद् विघटन हुने प्रणालीले गर्दा थुप्रै किसिमका कठिनाइ बेहोर्नु पर्‍यो र अहिले ठूलो संकटको संघारमा पनि हामी यसै कारण उपस्थित भएका छौं । यी दुवै कुरालाई अन्त्य गर्नको लागि प्रधानमन्त्रीले संसद्लाई विघटन गर्न नमिल्ने र संसद्ले आफ्नो कार्यकाल पूरै गर्न पाउने तथा संसद्को एउटा स्वतन्त्र स्वरूपलाई विकास गर्ने खालको पद्धति हुनुपर्छ । त्यस्तै गरी संसद्ले प्रधानमन्त्री चयन नगरेर प्रत्यक्ष नागरिकको मतद्वारा प्रधानमन्त्री चयन गर्ने र उसले आफ्नो कार्यकालमा विशेष किसिमको गल्ति, कमजोरी वा अपराध नगरी पद छोड्न नपर्ने परिस्थिति सिर्जना गर्नु अर्को उपाय हुनसक्छ । यसो गरियो भने केन्द्रीय संरचनामा स्थिरता कायम हुन्छ । यसले शासनलाई थप उत्तरदायी बनाउने र केवल केही व्यक्तिहरूको सीमित अभिरूचि र इच्छामा केन्द्रीय सत्ता परिवर्तन भइरहने परिस्थितिलाई पनि अन्त्य गर्ने अवस्था सिर्जना हुनसक्छ ।

यस पद्धतिमा सबभन्दा ठूलो प्रश्न प्रधानमन्त्री अहिलेको पद्धतिमा भन्दा बढी निरंकुश हुने र उनको मनोमानी अरू बढ्ने सम्भावनाका बारेमा छ । तर यसलाई अन्त्य गर्ने उपाय पनि छ । त्यो उपाय हो- केन्द्रीय शासनका जेजति जिम्मेवारी छन्, त्यसलाई विकेन्द्रित गरेर प्रादेशिक वा संघीय तहमा लगियो भने केन्द्रीय तहको जिम्मेवारीमा सीमित विषय मात्र पर्छन् । यसरी केन्द्रीय तहमा सीमित मात्र जिम्मेवारी रह्यो र अधिकांश विषयहरू प्रादेशिक र त्यसअन्तर्गत स्थानीय तहसम्म फैलिन सक्यो भने त्यो आशंकाको निराकरण हुनसक्छ । त्यसैले यसको लागि राज्यको पुनर्रचनाको कुरा गर्दा यी सबै पक्षमा छलफल हुनुपर्छ र विस्तारित रूपको छलफलले एउटा उपयुक्त निष्कर्ष र उपयुक्त मोडेल उपलब्ध गराउँछ ।

## द्वन्द्वको शान्तिपूर्ण समाधान गर्ने निकास

नेपाल अधिराज्यको संविधान-२०४७ मा संवैधानिक विकास र मुलुकमा समय समयमा आउने विभिन्न प्रकारका द्वन्द्वहरूलाई जनताको सहभागितामा निर्णय गर्ने प्रक्रियाको प्रत्यक्ष संरचनाको अभाव एउटा महत्त्वपूर्ण कमीको रूपमा रहेको छ । त्यसबेलाको संविधान सुझाव आयोगले संविधानको अंग बन्न नसकेको राष्ट्रिय महत्त्वका विषयहरूमा र महत्त्वपूर्ण संवैधानिक सुधारका प्रश्नहरूमा जनमत संग्रह गर्ने प्रावधान हुनुपर्छ भन्ने प्रस्ताव राखेको थियो । तर अन्तिम बेलामा त्यो प्रावधानलाई हटाइयो । यसले संविधानको शान्तिपूर्ण विकासको निम्ति अवरोध खडा गर्‍यो । यसले गर्दा हिंसात्मक आन्दोलन अथवा त्यस्तै प्रकारको जनआन्दोलनले बाहेक अरू कुनै पनि उपायले संविधानका महत्त्वपूर्ण प्रावधानलाई परिवर्तन गर्ने परिस्थिति रहेन ।

संसद्ले प्रधानमन्त्री चयन नगरेर प्रत्यक्ष नागरिकको मतद्वारा प्रधानमन्त्री चयन गर्ने र उसले आफ्नो कार्यकालमा विशेष किसिमको गल्ति, कमजोरी वा अपराध नगरी पद छोड्न नपर्ने परिस्थिति सिर्जना गर्नु अर्को उपाय हुनसक्छ । यसो गरियो भने केन्द्रीय संरचनामा स्थिरता कायम हुन्छ ।

सेना जनप्रतिनिधि अन्तर्गत अथवा पूर्णतया संसद्मातहत नै रहनुपर्छ, जनप्रतिनिधिहरुले नै सेनाको व्यवस्थापनलाई मूल रुपले नियन्त्रण र व्यवस्थापन गर्नुपर्छ भन्नेबारेमा सैद्धान्तिक रुपमा कसैले असहमति जनाउन सकेको देखिएको पनि छैन ।

त्यसको निम्ति अब आउने दिनमा द्वन्द्वको शान्तिपूर्ण समाधानको निम्ति संवैधानिक विकासलाई खुला राख्नको लागि र अहिले भएको द्वन्द्वलाई पनि किनारा लगाउन संविधानभित्र राष्ट्रिय महत्त्वका विषयहरूमा वा कुनै पनि महत्त्वपूर्ण संवैधानिक सुधारका सम्बन्धमा जनतासँग सोध्ने र त्यसैलाई अन्तिम निर्णय मान्ने पद्धति रहनु जरूरी छ । त्यो पद्धति संसद्को निर्णयद्वारा वा संवैधानिक प्रक्रियाद्वारा नै जनमत संग्रह हुने व्यवस्थाले स्थापित गर्नसक्छ । यो प्रक्रिया जरूरी छ । किनभने कुनै पनि महत्त्वपूर्ण निर्णय हामी आफ्ना लागि गर्न सक्छौं, केही निकट भविष्यको लागि पनि गर्न सकौंला, तर अनन्तकालका लागि हामीले नै सबै निर्णय गरेर राख्न सक्दैनौं । पछि आउने कुराको निर्णय पछि आउने पुस्ताले नै गर्नुपर्ने हुन्छ । त्यसको लागि हामीले जनमत संग्रहद्वारा संवैधानिक विकासको बाटो खोलिदियौं भने हमेशा संविधानमाथि प्रहार गरिरहनुपर्ने, बदलिरहनुपर्ने र यसलाई उल्टाइरहनु पर्ने परिस्थिति आउँदैन । जनमत संग्रहकै प्रक्रियाबाट हामी सामाजिक द्वन्द्वलाई शान्तिपूर्ण ढंगले हल गर्दै अगाडि बढ्नसक्छौं ।

## सेनाको व्यवस्थापन

अब आउने राज्य-संरचनामा सेनाको स्थान कस्तो रहनुपर्छ भन्ने प्रश्न पनि अहिले व्यापक रूपमा उठिरहेको छ । सेना राज्यको एउटा अंगको रूपमा संसारमा जहाँ पनि छ । त्यसलाई सीमित व्यावसायिक संरचनाभित्र राख्ने कि आम नागरिकमा छर्ने भन्ने मात्रै कुरा हो । राज्यले सेना व्यावसायिक रूपमा नराखेर आम नागरिकलाई नै सैनिक तालिम दिएर राखेका पनि छन् । तर व्यावसायिक सेना नै रहने अवस्था आउँदा त्यसको नियन्त्रण, परिचालन र व्यवस्थापन सबभन्दा बढी उत्तरदायी र लोकतान्त्रिक मान्यतामा आधारित रहनुपर्छ । सेनाको स्वरूप राष्ट्रिय हुनुपर्ने एउटा महत्त्वपूर्ण पक्ष छ भने त्यसको संचालनमा जनप्रतिनिधिको अर्थात् निर्वाचित संसद् र त्यसप्रति उत्तरदायी कार्यपालिका वा सरकारको संचालन, नियन्त्रण र व्यवस्थापन अनिवार्य हुनुपर्दछ । वास्तवमा १२ वर्षको अभ्यास र अहिले २ वर्ष पुग्न लागेको प्रतिगमनको अभ्यास हेर्दा सेनाको गठन र संचालनका बारेमा स्पष्ट दृष्टिकोण रहनुपर्ने जरूरी देखिन्छ । सेना जनप्रतिनिधिअन्तर्गत अथवा पूर्णतया संसद्मातहत नै रहनुपर्छ, जनप्रतिनिधिहरूले नै सेनाको व्यवस्थापनलाई मूल रूपले नियन्त्रण र व्यवस्थापन गर्नुपर्छ भन्नेबारेमा सैद्धान्तिक रूपमा कसैले असहमति जनाउन सकेको देखिएको पनि छैन ।

सेनासम्बन्धी अहिलेको मुख्य विवाद राजालाई नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदान गरिएको सेनाको परमसेनाधिपत्य सम्मानका लागि हो कि सक्रिय प्रकृतिको हो भन्नेमा नै रहेको देखिन्छ । राष्ट्राध्यक्षलाई परमसेनाधिपति बनाउने मान्यता अन्यत्र पनि छ । लोकतान्त्रिक मुलुकमा जहाँ राष्ट्रपति सरकार-प्रमुख वा कार्यकारिणी-प्रमुख हुँदैनन्, त्यहाँ पनि राष्ट्रपतिलाई परमसेनाधिपति बनाइन्छ । भारतमा नै यस्तो प्रचलन छ । यसैले परमसेनाधिपति हुँदैमा सक्रिय सेना प्रमुख पनि हुने मान्यता लोकतान्त्रिक शासनमा देखिँदैन । अर्को कुरा नेपालमा सेनासँग राजाको सम्बन्ध एकनासको छैन । पृथ्वीनारायण शाहदेखि भीमसेन थापापूर्व नेपाली सेना जनमिलिसिया प्रकृतिकै हो । प्रधानमन्त्री भीमसेन थापाले यसलाई व्यावसायिक र स्थायी प्रकृतिको संगठनका रूपमा विकसित र व्यवस्थित गरेका हुन् । उनी आफै जनरल

बाँकी ४४ पेजमा

# उल्फाविरुद्ध भारतीय सैनिक कार्यवाहीको भित्रीकथा




◆ आनन्द स्वरूप वर्मा

उल्फा र बोडो उग्रवादीहरूबिरूद्ध भुटानले 'अप्रेशन अल क्लियर' नामबाट थालेको अभियानको फलस्वरूप ठूलो संख्यामा विद्रोही छापामार र तिनका नेताहरू कि मारिएका छन् कि पक्राउ परेका छन् । यो अभियान सफल हुनु नै थियो, त्यसैले जे-जति भयो त्यसबाट कसैलाई आश्चर्य भएन । गत एक दशकभन्दा बढी समयदेखि यी उग्रवादीहरूले भुटानलाई नै आफ्नो गतिविधिको मुख्य केन्द्र बनाइरहँदा पनि यिनीहरूबिरूद्ध सैनिक कार्यवाही गर्न यत्रो ढिलासुस्ती किन गरियो भन्ने कुराचाहिँ निःसन्देह बुझिनसक्नु छ । स्वयं भुटानका अधिकारीहरू नै स्वीकार्दछन्- यी उग्रवादीहरू भुटान आउने क्रम सन् १९९० देखि नै शुरू भएको थियो । गएको दश वर्षको अवधिभित्र प्रायः प्रत्येक दुई साढे दुई वर्षको अन्तरमा भुटान र भारतबीच यस विषयलाई लिएर उच्चस्तरीय वार्ता पक्कै हुन्थ्यो र यी उग्रवादीहरूको शिविर ध्वस्त गर्ने योजना बन्थ्यो । तर उल्फाको तुलनामा आफ्नो सैन्यशक्ति कमजोर भएकोले भारतको सहयोगविना यो काम पूरा गर्न सकिँदैन भनेर भुटानले हमेशा आफ्नो असमर्थता जनाउँदै आएको थियो । त्यसपछि संयुक्त सैनिक कार्यवाही गर्नेबारे विचार-विमर्श गरिन्थ्यो र केही वर्ष यस्तैमा बित्दथ्यो ।

> एक दशकभन्दा बढी समयदेखि यी उग्रवादीहरुले भुटानलाई नै आफ्नो गतिविधिको मुख्य केन्द्र बनाइरहँदा पनि यिनीहरुबिरुद्ध सैनिक कार्यवाही गर्न यत्रो ढिलासुस्ती किन गरियो भन्ने कुराचाहिँ निःसन्देह बुझिनसक्नु छ

के साँच्चै नै भुटानको सैनिक क्षमता उल्फा र बोडो उग्रवादीहरूबिरूद्ध भिडन्त गर्न समर्थ थिएन ? यदि त्यसो हो भने सम्पूर्ण कार्यवाही भुटानद्वारा नै भइरहेको समाचार प्रसारित हुँदाहुँदै पनि त्यस कार्यवाहीमा भारतीय सैनिक पनि सामेल थिए कि थिएनन् त ? यदि थिएनन् भने, उग्रवादीहरूको शिविर नष्ट गर्ने प्रश्नमा के भुटानले हमेशा कुनै न कुनै बहाना खोजिरहेको थियो ? यस अभियानको क्रममा अघिल्तिर आएका यी केही प्रश्नहरू हुन् ।

सन् १९९० मा नेपालबाट प्रेरित भएर भुटानका जनताले राजतन्त्रको समाप्ति र जनतन्त्रको स्थापनाको माग गर्दै आन्दोलनको शुरूवात गरे । स्मरणीय छ, भुटानमा राजनीतिक दलहरू र राजनीतिक गतिविधिहरूमाथि पूर्णतया प्रतिबन्ध छ । शताब्दियौंदेखि चल्दैआएको राजतन्त्रलाई समाप्त गर्ने कुरा त्यहाँको पुरातन सामन्ती ब्यबस्थामा सोच्नसमेत अलिकति पनि छुट छैन । सन् १९९० को आन्दोलन दक्षिण भुटानबाट शुरू भएको थियो । भुटानको त्यो दक्षिणी भाग पश्चिम बंगालको सीमानासंग जोडिएको छ र त्यहाँ नेपाली भाषी भुटानी नागरिकहरू जनसंख्याको बहुमतमा छन् । भुटानमा त्यस्ता नेपाली भाषी भुटानी नागरिकहरूलाई ल्होत्सोम्पा भनिन्छ । भुटान सरकारले यस आन्दोलनलाई बर्बरतापूर्वक दमन गर्‍यो र आन्दोलनको समर्थक भएको शंका लागेकाजतिलाई नागरिकता नै खारेज गरेर उनीहरूलाई देशबाहिर लखेटिदियो । त्यस आन्दोलनको नेतृत्व गुप्त रूपले गठित भुटान पिपुल्स पार्टीले गरेको थियो । यसको परिणाम के भयो भने एक लाखभन्दा पनि बढी भुटानका मानिसहरूले आफ्नो नागरिकतामात्र होइन, आफ्नो घरबार र सम्पूर्ण जायजेथाबाट बञ्चित भएर शरणार्थीहरूका रूपमा नेपाल र भारतमा शरण लिनुपर्‍यो । नेपालको झापा जिल्लामा आज पनि लगभग एक लाख भुटानीहरू छन्, उनीहरू शरणार्थीसँग सम्बन्धित संयुक्त राष्ट्रसंघको संस्था यु.एन्.एच्.सि.आर.को रेखदेखमा संचालित सातवटा शिविरहरूमा बसेका छन् । बाँकी लगभग तीस हजार शरणार्थी भुटानसँग जोडिएको भारतीय सीमाक्षेत्रमा नागरिकताविहीन जीवन जीउन बाध्य छन् ।



*सीमामा भुटानी सिपाहीहरू : भुटानको सान्ड्रुप जोङ्खार जिल्लामा*

जनतन्त्रको माग गरिरहेका आफ्ना देशवासीहरूसँग जुध्न भुटानी राजाले उल्फा र बोडो उग्रवादीहरूको सहारा लिए । ती उग्रवादीहरूलाई के भनियो भने 'अवान्छित तत्वहरू'लाई हटाएर तिनीहरूको जमीन र घरबारमाथि उनीहरू कब्जा गर्न सक्छन् । बोडो र उल्फा उग्रवादीहरूले दक्षिण भुटानमा थोरै घुसपैठ गरेका थिए भने आसामसँग जोडिएको भुटानको सोन्द्रुप जोङ्खाक्षेत्रमा उनीहरूको घुसपैठ प्रशस्त भयो । भुटान सरकारले हमेशा आफ्नो राजनीतिक स्वार्थका निम्ति ती उग्रवादीहरूको उपयोग गऱ्यो । यही कारणले गर्दा नै भुटानमा राजनीतिक हलचल बढेको बेला भुटान सरकारको तर्फबाट भारत सरकारसमक्ष आसामका उग्रवादीहरूको घुसपैठको विषय प्रस्तुत गरियो । वस्तुतः एक हदसम्म भारत सरकारलाई ब्ल्याकमेल गर्नको लागि पनि यस विषयलाई उपयोग गरियो ।

यही कारणले गर्दा नै सन् १९९६ र ९७ मा भुटानमा उग्रवादीहरूको विषय प्रशस्त चर्चामा रह्यो । मार्च १९९६ मा भुटानका राजा जिग्मे सिंघे वाङचुक् भारतको तीनदिने भ्रमणमा आएका बेला उनले यस विषयलाई उठाए । यो त्यतिखेरको कुरा थियो, जतिखेर संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा स्थान पाउनका लागि भारतलाई भुटानको भोटको खांचो थियो । ध्यान दिनयोग्य कुरा के छ भने त्यतिबेला अन्तर्राष्ट्रिय रंगमंचमा भारतको कुनै पनि छिमेकी कुनै पनि विषयमा भारतको साथमा थिएन । १० अगष्ट १९९६ मा भारतीय विदेशमन्त्री इन्द्रकुमार गुजराल भुटानको यात्रामा गएका थिए । गएको १४ वर्षमा कुनै भारतीय विदेशमन्त्रीको त्यो पहिलो भुटान यात्रा थियो । त्यही यात्राको अवधिमा नै भुटानले *सिटिविटी*मा भारतलाई आफ्नो समर्थन दिने घोषणा गरेको थियो । साथै, भुटानी राजाले गुजरालसँग के पनि भनेका थिए भने उत्तरपूर्वका उग्रवादीहरूसँग सामना गर्न सैनिक दृष्टिले भुटान अक्षम छ । त्यसबेलासम्म दक्षिणी भुटानबाट शुरू भएको आन्दोलन पूर्वी भुटानसम्म फैलिसकेको थियो । यस आन्दोलनमा पहिला ल्होत्सोम्पा भनिने नेपाली भाषी भुटानीहरू सामेल थिए भने अब पूर्वी भुटानका 'सारचोप' पनि सामेल भए । यतिन्जेल भुटानमा उल्फाका केही अड्डाहरूमात्र बन्न सकेका थिए र तिनीहरूका



*विद्रोही उल्फा सैनिकहरु लडाइँको मोर्चा कस्दै*

सारा काम बंगलादेशमा बनेका ठेगानहरूबाटै हुन्थे । यही समयमा सन् १९९६ मा बंगलादेशमा शेख हसिनाको अवामी लिग पार्टीको सरकार सत्तामा आयो र त्यस सरकारले उल्फाबिरूद्ध कडा पाइला चाल्यो । त्यसबेला भुटान सरकारलाई के लाग्यो भने यदि उल्फाका मानिसहरूको मद्दत लिइयो भने *सारचोप* विद्रोहीहरूलाई दबाउन सजिलो हुनेछ ।

त्यही कारणले गर्दा नै अब भुटानमा उल्फाका शिविरहरू छिटो छिटो बन्न थाले । भारतीय गुप्तचर संयन्त्रलाई यस कुराको जानकारी थियो र आसामका तत्कालीन मुख्यमन्त्री प्रफुल्ल कुमार महन्तले केन्द्र सरकारलाई लगातार यसको रिपोर्ट पठाइरहे । तर कस्तो निरीह अवस्था थियो भने भारतीय सरकार केही गर्न सकिरहेको थिएन । १७ जनवरी १९९७ मा अंग्रेजी अखवार *दि टेलिग्राफ*ले लेख्यो : 'नियमतः उग्रवादीहरूलाई लखेट्दै भारतीय सेना भुटानको २० किलोमिटरभित्रसम्म मात्रै जानसक्छ, तर उग्रवादीका अखडाहरू त्यसभन्दा धेरैभित्रसम्म छन् ।' त्यतिखेर भुटानको भनाइ चाहिँ के थियो भने यदि हामीले उग्रवादीहरूलाई सैनिक कार्यवाही गऱ्यौं र त्यस क्रममा एउटै पनि उग्रवादी मारियो भने हामीलाई भारतीय नागरिकको हत्या गरेको दोष लाग्नेछ र त्यसको प्रतिक्रियास्वरूप आसाममा बसिरहेका भुटानीहरूलाई अप्ठ्यारो पर्नेछ । जुन १९९७ मा तत्कालीन रक्षामन्त्री मुलायमसिंह यादवले भारत-भुटान सीमाको यात्रा गरे र उनले संयुक्त अभियान छिटै शुरू

*दि टेलिग्राफले लेख्यो : 'नियमतः उग्रवादीहरूलाई लखेट्दै भारतीय सेना भुटानको २० किलोमिटर भित्रसम्म मात्रै जानसक्छ, तर उग्रवादीका अखडाहरू त्यसभन्दा धेरैभित्रसम्म छन् ।'*



*भुटानी राजा*



*गत डिसेम्बर २६ मा उल्फाका नेता भीमकान्त बुढागोहाइनलाई भुटानी सेनाले कब्जामा लिएपछि एक भारतीय लेफ्टिनेन्ट जनरलले प्रेससामु प्रस्तुत गर्दै*



*भारत-भुटान सीमामा विद्रोही उल्फाका कार्यकर्ता र तिनका परिवारहरु भारतलाई हस्तान्तरण गरिँदै*


गरिने कुरा बताए ।

यसबेलासम्म संयुक्त सैनिक अभियानप्रति भुटानले निक्कै अभिरूचि देखाउन थालेको थियो । किनभने १८ अप्रिल १९९७ मा भुटानका एक प्रमुख विद्रोही सारचोप नेता रोंगथोंग किन्ले दोर्जीको नयाँ दिल्लीमा गिरफ्तारीपछि भुटानमा जनतन्त्रको विषयले भारतीय संचारमाध्यममा प्रशस्त ठाउँ पाउन थालेको थियो । भुटान सरकारले दोर्जीको सुपुर्दगीको माग गरिरहेको थियो भने भारतीय मानव अधिकार संगठनहरू दोर्जीलाई बचाउनका लागि अदालती लडाइँ लडिरहेका थिए । यस्तोमा भुटान सरकारले एकपटक फेरि आसामका उग्रवादीहरूको विषय उठाएर भारत सरकारको समर्थन हासिल गऱ्यो ।

पछिल्ला सात वर्षहरूमा गृह मन्त्रालयदेखि लिएर अन्य एजेन्सीहरूद्वारा निम्न आसयका दर्जनौं रिपोर्टहरू आएका छन् । ती रिपोर्टहरूबाट के थाहा हुन्छ भने भुटानभित्र उल्फाका कति इकाइहरू छन्, उल्फाका अध्यक्ष अरविन्द राजखोआ र कमान्डर इनचिफ परेश बरूवाले भाग लिएका बैठकहरू कहिले कहिले र कहाँ कहाँ भए, विना कुनै रोकटोक उल्फाका नेताहरू कति पटक भुटान सरकारको ड्रुक एयरलाइन्सका विमानहरू चढेर कलकत्ता, ढाको यात्रा गर्दै रहे, आदि आदि ।

त्यतिमात्र होइन, उल्फाका नेताहरूले भुटानका स्थानीय व्यापारीहरूसँग मिलेर ब्यापार पनि गरिरहेका थिए । र, यस कामबाट भुटान सरकारका उच्च तहका अधिकृतहरूलाई नियमित आमदानी हुने गर्दथ्यो । भुटानका एकजना अवकाशप्राप्त अधिकृतको दुईतले घरमा नै उल्फा आतंकवादीहरूले सान्द्रुप जोङ्खामा आफ्नो आरामगृह बनाएका छन् भन्ने खबर पनि कसैसँग लुकेको छैन । जनतन्त्रको समर्थक भएको नाताले ती अधिकृतले देश छोड्नुपरेको थियो र सरकारले उनको घर उल्फा उग्रवादीहरूलाई दिएको थियो । यतिमात्र होइन, नोभेम्बर १९९७ मा भुटानी राजा र परेश बरूआको बीचमा एउटा गोप्य सम्झौता भयो; त्यसपछि भुटान र भारतको २७० किलोमिटर लामो सीमाबाट भुटान सरकारले आफ्नो 'बोर्डर रोयल टास्क फोर्स' (बि.आर.टिए.फ.)लाई अचानक हटायो । एउटा अवसरमा यसबारे गृह मन्त्रालयका एकजना अधिकारीले भने : "हामी एक अर्काको मित्र हुन सक्छौं; तर यसको अर्थ ढोका नढकढक्याईकन कसैको घरभित्र छिर्न सक्छौं भन्ने होइन ।"

राजनीतिको एउटा विडम्बना के छ भने आफ्नो स्वार्थको लागि जब आतंकवादको मद्दत लिइन्छ, तब त्यही आतंकवाद यति बलियो हुनजान्छ कि त्यसलाई सम्हाल्न मुस्किल हुन्छ । भिण्डरवालादेखि लिएर ओसामा बिन लादेनसम्म यस परिघटनालाई देखिइसकेको छ । सन् १९९८ सम्म आइपुग्दा भुटानका राजालाई पनि के कुरा महशूस भयो भने अब उल्फाका मानिसहरू यति शक्तिशाली भइसकेका छन् कि उनीहरूलाई तह लगाउन मुस्किल छ । ५ जुन १९९८ मा भुटानको सरकारी समाचारपत्र *कुन्सेल*ले पहिलोपटक लेख्यो : "यी उग्रवादीहरूले उत्पन्न गरेका कठिनाईहरू नेपाली मूलका विद्रोहीहरूले उब्जाएका कठिनाईहरूभन्दा बढी गम्भीर छन् भनेर भुटानका राजाले चिन्ता व्यक्त गरेका छन् ।" यतिमात्र होइन, सेप्टेम्बर १९९८ मा भुटानका सेनाध्यक्ष गोङ्मा लाम् दोर्जीले उल्फा र बोडो उग्रवादीहरूबाट भुटानका राजालाई ज्यानको खतरा छ भन्ने बताए । भुटानी राजाले पनि आफ्नो नेशनल एसेम्बलीमा भने : 'विगत सय वर्षको अवधिमा भुटानसमक्ष यति गम्भीर चुनौति पहिले कहिल्यै पनि आएको थिएन, जति यी उग्रवादीहरूको उपस्थितिले गर्दा आएको छ ।' ६ अक्टोबर १९९८ मा भुटानका राजाले आफ्नो भारत यात्राको क्रममा यस चिन्तालाई एकपटक फेरि व्यक्त गरेका थिए ।




*सीमामा भुटानी सिपाहीहरु : सान्द्रुप जोङ्खार जिल्लामा*

**उल्फाका नेताहरुले भुटानका व्यापारीहरुसँग मिलेर ब्यापार गरिरहेका थिए । र, यस कामबाट भुटान सरकारका उच्च तहका अधिकृतहरुलाई नियमित आमदानी हुने गर्दथ्यो ।**


गत वर्ष ५ अगष्टमा भारतीय विदेशमन्त्री यशवन्त सिन्हा भुटानको यात्रामा गए । यस यात्राको क्रममा उल्फा र बोडो विद्रोहीहरूका बारेमा चर्चा भयो । यस वर्ष ८ मेमा भारतीय स्थल सेनाध्यक्ष जनरल एन.सी.विजको भुटान यात्राको क्रममा भावी सैनिक कार्यवाहीमाथि गम्भीरतापूर्वक विचार-विमर्श भयो । जनरल विजले भुटानका प्रधानमन्त्री र शाही सेनाका चीफ अप्रेशन्स अफिसर ल्योङ्पो किन्जाङ्ग दोर्जीसँग कुराकानी गरे । कस्तो लाग्छ भने, यही सेप्टेम्बरमा भुटानका राजाले गरेको चार दिने भारत यात्राको क्रममा समग्र कार्यक्रमलाई अन्तिम रूप दिइयो ।

संयुक्त सैनिक कार्यवाहीलाई कार्यान्वियन गर्नको निम्ति भुटान सरकार आज कसरी राजी भयो भन्ने प्रश्न छ । गएको केही महिनादेखि भुटानी शरणार्थीहरूको प्रश्नमा जुन हलचल पैदाभएको छ, त्यही नै एउटा प्रमुख कारण हुनसक्दछ । शरणार्थीहरूलाई फिर्ता बोलाएर समस्याको समाधान खोज्न भुटानलाई आर्थिक सहायता दिने गरेका देशहरूको ठूलो दबाब यसबेला भुटान सरकारलाई परेको छ । सन् २००२ मा नेपाल र भुटानको संयुक्त जाँच समिति (जेबिटी)ले आफ्नो पहिलो प्रतिवेदन दिँदै शरणार्थीहरूको एउटा हिस्सालाई फिर्ता बोलाउन सकिने उपायहरू बताएको थियो । भुटानमाथि आफ्नो प्रभावको उपयोग गर्न भारत सरकारमाथि पनि अन्तर्राष्ट्रिय दबाब परेको छ । यसबाहेक 'वाशिङ्गटन टाइम्स'मा २४ मेमा प्रकाशित चित्र तिवारीको एक रिपोर्टअनुसार पछिल्ला दिनहरूमा शरणार्थी शिविरहरूमा 'भुटानी माओवादीहरू'कातर्फबाट बाँडिएको पर्चामा भनिएको छ : *भुटानभित्र जनतान्त्रिक ब्यवस्था स्थापना गर्ने संघर्षलाई चर्काउनुपर्दछ ।* यस्तो स्थितिमा भुटानको लागि यसबेला भारतको बलियो समर्थन चाहिन्छ । साथै भुटानलाई विश्वस्तरमा के पनि देखाउनु जरूरी छ भने 'आतंकवादविरोधी अभियान'मा ऊ भारतलाई साथ दिनेछ । आफ्नो देशका राजनीतिक विरोधीहरूलाई देशबाहिर निकाल्न भुटानले उल्फाको मद्दत लियो र अब तिनीहरू फेरि देशभित्र आउन नसकून् भन्नाका निम्ति पनि उसले उल्फालाई नै एउटा बहाना बनायो । अहिलेलाई यो भुटानको कुटनीतिक सफलता नै भन्न सकिन्छ । ❑

*हिन्दीबाट अनुवाद :* ***गोविन्द वर्तमान***

# स्वास्थ्य सेवामा लगानी

# के निजीकरणको विकल्प छैन ?



डा. शरद वन्त

स्वास्थ्य प्रविधिको अकल्पनीय विकास र सूचना प्रविधि एवं राष्ट्रहरूबीचको खुकुलो व्यापार सम्बन्धले गर्दा स्वास्थ्य सेवाका सम्भावनाहरू जसरी फराकिला भएका छन्, दिनदिनै आकाशिंदै गएका अत्यावश्यक स्वास्थ्य सेवाहरूको मूल्यका कारण यी सेवाहरू जनतालाई, कम विकसित देशहरूको लागि थेग्नै नसक्ने चुनौति पनि भएका छन् । यो महँगी सरकारको लागि लोक-कल्याणकारी दायित्वबाट पन्छिने थप बहाना पनि भएको छ । एउटा प्रतिवेदनले अनुमान गरेअनुसार यथेष्ट र इमान्दारीसाथ लगानी गर्ने हो भने यस्ता गरीब मुलुकहरूमा प्रत्येक वर्ष कम्तीमा पनि ८० लाख मानिसहरूलाई अकाल मृत्युबाट बचाउन सकिन्छ । तर त्यो यथेष्ट लगानी गर्नसक्ने क्षमता र इमान्दारिता आजको ठूलो प्रश्न हो ।

सन् २००१ मा विश्व स्वास्थ्य संघले गठन गरेको एउटा आयोगको प्रतिवेदनअनुसार हाल विकासोन्मुख, खास गरेर कम विकसित देशहरूमा भएको स्वास्थ्य सेवामाथिको लगानी यति न्यून छ कि त्यसबाट आशातीत रूपमा स्वास्थ्यको स्थितिमा सुधार हुने कुनै सम्भावना नै छैन । उक्त प्रतिवेदनअनुसार विकासोन्मुख देशहरूमा स्वास्थ्य सेवामा न्यूनतम आवश्यकताको एक तिहाई मात्र लगानी हुने गर्दछ । नेपालको सन्दर्भमा हेर्ने हो भने यसमा पनि राज्यको तर्फबाट हुने लगानी त आधाभन्दा पनि कमै छ । यसरी सोझो हिसाव गर्दा जनताको न्यूनतम आवश्यकतामा ध्यान पुऱ्याउने हो भने स्वास्थ्य सेवामा नेपालले लगानी गरेको आकारमा ६ गुणाले वृद्धि गर्नुपर्दछ । दुर्भाग्य ! यसो गर्नु नेपालजस्तो देशको लागि न सजिलो छ, न यसको लागि राज्यले आवश्यक प्रतिबद्धता जाहेर गरेको अनुभूति नै हुन्छ । यो स्थितिलाई नेपालले सामना गर्ने सोझो र सजिलो नीति हो- स्वास्थ्य सेवालाई निजीकरण गर्नु । शहरदेखि बजार र गाउँसम्म स्वास्थ्य सेवामा निजी संस्थाहरूको व्यापक वृद्धि हुनु र राज्यद्वारा संचालित स्वास्थ्य सेवाका इकाईहरूमा समेत उपभोक्ता शुल्क लगाइनु निजीकरणकै अभिव्यक्ति र नतिजा हुन् । स्वास्थ्य सेवालाई स्वतन्त्र बजारको निर्भरतामा छाडिदिंदा क्रयशक्ति नभएका बहुसंख्यक नेपालीहरूको स्वास्थ्यको स्थितिमा गम्भीर नकारात्मक असर पर्ने कुरा निर्विवाद छ र त्यसको यहाँ चर्चा गरिरहनुपर्दैन ।

त्यसो हो भने स्वास्थ्य सेवाको निजीकरणको विकल्प खोज्नु नितान्त जरूरी छ । के हुन सक्छन् त्यस्ता विकल्पहरू- यसबेलाको केन्द्रीय प्रश्न यही हो ।

## स्वास्थ्य सहकारी : एउटा संभावना

सन् १९७० को दशकमा सबैको लागि अत्यावश्यक आधारभूत स्वास्थ्य पुऱ्याउने विश्व उद्देश्य (Global target) राख्दा त्यसलाई हासिल गर्न व्यापक जन-सहभागिताको कल्पना गरिएको थियो । त्यस्तो जनसहभागितालाई राज्यले प्रवर्द्धन गर्नेमात्र नभई राज्य नै जनसहभागिताको लागि ऊर्जाको श्रोत हुने अपेक्षा गरिएको थियो । तर नेपालमा त्यस्तो भएन । दलविहीन पंचायती व्यवस्थामा जनसहभागिताको नाउँमा राज्यले आफ्ना निर्देशनहरूलाई जनताद्वारा पालना गराउने काम गऱ्यो भने बहुदलीय प्रजातान्त्रिक नेपालले जनसहभागितालाई स्वास्थ्य सेवा 'किन्न चाहने' र 'किन्नसक्ने क्षमता'को रूपमा व्याख्या गऱ्यो । त्यसैले यतिखेर राज्यले अख्तियार गरेको स्वास्थ्य सेवाको निजीकरणको नीतिले आम नेपालीहरूलाई दोबाटोमा ल्याएर उभ्याइदिएको छ । पहिलो बाटो हो- यथास्थितिलाई स्वीकार्नु र यसको परिणाम भोग्न तयार रहनु, दोस्रो बाटो हो- आफ्नो बुताले जति सकिन्छ, त्यसलाई प्राप्त गर्ने जमर्को गर्नु । पहिलो बाटो नै रोज्ने हो भने त यसभन्दा अरू बढी चर्चा गरिरहनु नपर्ला । आउँदा दिनहरूमा बाँचनको लागि रोज्नुपर्ने दोस्रो बाटो नै हो । स्वास्थ्य सहकारिताको सन्दर्भ यही विकल्पको एउटा पाटो हो ।

स्वास्थ्य समस्याहरूको गहनता र यसका समाधानका जटिलताहरूले गर्दा एउटा व्यक्ति वा एक्लो परिवारको प्रयासले मात्र यसको निकास दिन नसक्ने स्पष्टै छ । त्यसैले समस्याको खोजी र समाधानमा सामूहिक प्रयासको अभिव्यक्ति पनि स्वास्थ्य सहकारिता नै हो ।

जनसहभागिताको कुरा गर्दा सहभागिता र स्वामित्वको अन्तरसम्बन्धको चर्चा सान्दर्भिक हुन्छ । स्वास्थ्य सेवाको निजीकरणको प्रक्रियाले स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूमाथि लगानीकर्ताको स्वामित्व स्थापित गरिदिने हुनाले त्यहाँ जनसहभागिताको मुद्दा नै असान्दर्भिक हुन्छ । जनताको हैसियत केवल उपभोक्ता हुन्छ, उसको क्रय क्षमता नै उसको हैसियत बन्दछ ।

**विकल्पको संभावनाको संकेत**

यस सन्दर्भमा, स्वास्थ्य सहकारिता सामूहिक रूपमा जनस्वामित्वको वास्तविक परिचायक हुनसक्छ । स्वास्थ्य सेवामा जनताको स्वामित्व स्वास्थ्य सहकारीताले नै स्थापित गराउन सक्दछ । आजको बजारमुखी परिवेशमा जनताले सामूहिक प्रयासबाट आफ्नै स्वामित्वमा भएको प्रणालीबाट स्वास्थ्य सेवा प्राप्त गर्नसक्ने संभावनाको कडी हुनसक्छ- स्वास्थ्य सहकारी । र, यो नै स्वास्थ्य सेवाको निजीकरणको एउटा विकल्प बन्नसक्छ ।

## चुनौतिरहित छैन स्वास्थ्य सहकारी

सोझो र अड्चनरहित छैन स्वास्थ्य सहकारिताको बाटो पनि । स्वास्थ्य सहकारी आन्दोलनमा राजनैतिक, आर्थिक, सामाजिक एवं मनोवैज्ञानिक अप्ठ्याराहरू छन् । तिनीहरूमाथि विजय पाउन निकै लामो र अनवरत आन्दोलनको जरूरत पर्दछ । त्यो संघर्षपूर्ण आन्दोलन राज्यसँग, बजारसँग, आफैंसँग गर्नुपर्दछ । राज्यसँग र बजारसँग गर्नुपर्ने राजनैतिक तथा आर्थिक मुद्दाका आन्दोलन कठिन भए पनि त्यो बढी स्पष्ट छ, त्यसको दिशा र औजारहरू पनि केही स्पष्ट नै छन् । तर आफैंभित्र समूहमा व्यक्तिसँग गर्नुपर्ने सामाजिक र मनोवैज्ञानिक संघर्ष भने ज्यादै जटिल छ । यो संघर्षको दिशा भन्नु संस्कारको रूपान्तरण हो । अथवा, व्यक्तिमा र समूहमा सामूहिकताको संस्कारको विकास यस आन्दोलनको दिशा हो । सामूहिकताको संस्कारको अभावमा सामूहिक स्वामित्वको कुनै पनि अर्थ हुँदैन, किनकि त्यतिबेला सामूहिक स्वामित्व नै संभव हुँदैन । आजको विश्व-राजनीति र आर्थिक परिवेशहरूले मानिसलाई जसरी स्वच्छन्दतावादी र व्यक्तिवादी बनाएका छन् र बन्नलाई उक्साइरहेका छन्, सामूहिकताको संस्कारको लागि गरिने आन्दोलन अत्यन्तै शक्तिशाली धारको विरूद्ध चुनौतिपूर्ण आन्दोलन हो । सामूहिक स्वामित्वको अभ्याससँगै यो आन्दोलन धारिलो बन्दै जाने हुनाले स्वास्थ्य सहकारी यस आन्दोलनको लागि एउटा अवसर पनि हो । यी अवसर र चुनौतिहरूको बीच नेपालमा शुरू भएको स्वास्थ्य सहकारी आन्दोलन नितान्त कलिलो अवस्थामा भए पनि यसले स्वास्थ्य सेवामा भएको निजीकरणको विकल्पको एउटा संभावनालाई भने पक्कै संकेत गरेको छ । ❑

# मलेसियामा काम गर्दा मैले भोगेका र देखेका कुराहरू


- समीरकृष्ण महर्जन

अस्पतालले अप्रेशनको लागि भर्ना हुन कम्पनीबाट चिठी लिएर आउनू भनेकोले म फेरि कम्पनीमा गएँ । तर उसले मलाई चिठी लेखेर दिएन ।

म हालै रोजगारीको लागि मलेसिया गएको थिएँ । त्यहाँ काम गर्दागर्दै मलाई पेटको रोगले च्याप्यो । म काम गर्ने कम्पनीको क्लिनिकमा जचाउँन गएँ । त्यहांको डक्टरले 'यो अपरेशन गर्नुपर्ने रोग हो, कम्पनीबाट चिठी लेखाएर अस्पताल जानू' भने । कम्पनीले लेखेको चिठी लिएर म अस्पताल गएँ । अस्पतालले अप्रेशनको लागि भर्ना हुन कम्पनीबाट चिठी लिएर आउनू भनेकोले म फेरि कम्पनीमा गएँ । तर उसले मलाई चिठी लेखेर दिएन । त्यसपछि मलाई दिनको सिफ्टमा काम गर्न लगाइयो । मेरो लागि रातमा भन्दा दिनमा बढी गर्मी हुने भएकोले झन् काम गर्न गाह्रो भयो । त्यसैले मैले काम गर्न छाडें । त्यसैबीच मैले 'कि मलाई उपचार गराऊ कि नेपाल फर्काऊ' भनेर दरखास्त लेखेर कम्पनीलाई दिएँ । कम्पनीले यी दुवै कुरा स्वीकार गरेन । म दुई महिनासम्म काम नगरी त्यहीं बसिरहें । यही बीचमा मैले नेपाली एम्बेसीमा 'म काम गरिरहेको कम्पनीले मलाई उपचार पनि गराएन, काम पनि दिएन र घर पनि पठाएन ।' भनेर दरखास्त दिएँ । अझै मेरो ७ महिना त्यहाँ बस्ने म्याद बाँकी थियो । त्यसै बसिरहँदा मलाई आर्थिक समस्या पर्न थालेको थियो । त्यसैले मैले गर्न सक्ने सजिलो काम कहीं पाइन्छ कि भनेर खोज्न थालें । काम खोज्ने क्रममा मैले स्टुडेण्टभिसामा गइरहेकी एकजना नेपाली महिलालाई भेटें । उनले मसँग ५०० रिङ्गेट लिएर सालान भन्ने ठाउँमा गार्डको काम मिलाइदिइन् । त्यहाँ पनि महिनाको हजार रूपियाँ दिने भनेकोमा ७०० मात्र दिइयो । त्यतिमा काम नगर्ने भनेपछि अर्को महिना ८५० दिइयो । ३ महिना काम गरेपछि मसँग नेपाल आउन पुग्ने पैसा भयो र नेपाल आउनको लागि फेरि म एम्बेसीमा गएँ । एम्बेसीले पहिलेको कम्पनीमा फोन गरिदियो । 'त्यहाँबाट टिकट लिएर आउनू पासपोर्ट फिर्ता दिन्छु' भनेपछि म टिकट लिएर गएँ र पासपोर्ट लिएर नेपाल फर्कें ।

यो समस्या मेरोमात्र होइन, त्यहाँ काम गर्न जाने धेरैजसो नेपाली कामदारहरूको हो । ठूला ठूला कम्पनीहरूमा बाहेक साना साना कम्पनीहरूमा यहाँका रोजगारदाताहरूले जति काम र तलब पाउने भनेर त्यहाँ पठाउँछन्, त्यहाँ कामदारहरूले त्यति काम र ज्याला पाउँदैनन् । कुनै कुनै कम्पनीहरूमा मात्र यहाँबाट भनेजस्तै ८ घण्टा नियमित काम र ४ घण्टा ओभरटाइम गर्न पाइन्छ । तर धेरैजसो साना साना कारखानाहरूमा ओभरटाइम काम पाइँदैन । तर नियमित कामबाट हामीजस्ता कमाउनकै लागिमात्र भनेर त्यहाँ गएकाहरूको लागि पैसा पुग्दैन । त्यहाँको नियमअनुसार रेगुलर कामको ४७५ रिङ्गेट (ने.रू. ७,६००) र ओभरटाइम ४ घण्टा काम गरेवापत ३०० चानचुन रिङ्गेट पाइन्छ । ओभरटाइम काम नपाएपछि साना साना कम्पनीमा पुगेका नेपालीहरू धेरै तलब पाउने राम्रो काम पाउनको लागि आफू गएको कम्पनी छाडेर बाहिर जान्छन् । तर पासपोर्ट पहिले काम गरेको कम्पनीले नै लिएर राखेको हुन्छ । कसैकसैले राम्रै ठूला कम्पनीहरूमा काम पाउँछन् । र, पैसा तिरेर पासपोर्ट फिर्ता लिन जान्छन् । कसैकसैले राम्रो काम पाउँदैनन् र पासपोर्ट पनि फिर्ता लिन जाँदैनन् । उनीहरूले त्यहाँ अवैध रूपमा बस्नुपर्ने हुन्छ । प्रहरीले नभेटुन्जेल त उनीहरूलाई कुनै आपद हुँदैन । प्रहरीले पक्रेपछि भने उनीहरू जेलमा पर्छन् । र उनीहरूसँग भएको सबै पैसा पनि लुटिन्छ । चलाख मान्छेहरू प्रहरीलाई घुस दिएर पनि उम्किन्छन् । जेलमा उनीहरूका आफन्तले लिन गएमा उनीहरू छुट्छन्, नभए उनीहरू थाइलैण्डको जंगलमा छाडिन्छन् । उनीहरूमध्ये पनि कोही दलालहरूको माध्यमबाट मलेसिया आइपुग्छन् र काम गर्न थाल्छन् । यसरी काम गर्ने नेपालीहरू पनि त्यहाँ धेरै छन् । तर उनीहरूको टाउकोमा जहिले पनि खँतरा मडारिइरहेको हुन्छ ।

मलेसियामा नेपालीहरू अथवा बाहिरबाट जाने कामदारहरूले पाउने काम भनेको मलेसियालीहरूले गर्न नचाहेका कठिन कामहरूमात्र हुन् । त्यसमा पनि उनीहरूलेभन्दा बाहिरबाट जाने कामदारहरूले कममात्र सुविधा पाउँछन् । उनीहरूले प्रत्येक चाडपर्वमा र शनिवार विदा पाउँछन् तथा खाना भत्ता र हाजिरी भत्ता भनेर विभिन्न भत्ताहरू पनि पाउँछन् । तर बाहिरबाट गएका कामदारहरूले कुनै कुनै कम्पनीमा बाहेक धेरैजसो कम्पनीमा त्यस्ता भत्ता र विदा पाउँदैनन् । यतिसम्म



*मलेशियामा कामदारलाई दिनेमध्येको राम्रो कोठा भनेको यस्तो हुन्छ*


कि विरामी भए तापनि कारखानामा गएर काम गर्नुपर्ने बाध्यता हुन्छ उनीहरूलाई । कम्पनीले करारमा लिएको क्लिनिकको डक्टरले 'यसले काम गर्न सक्तैन' भनेर सिफारिस लेखिदिएमा मात्र विरामी कामदारले विदा पाउँछ । तर डक्टरले सितिमिति यस्तो सिफारिस दिंदैनन् । बाहिरका कामदारले 'इद'को एकदिन र चाइनिजहरूको नयाँ वर्षमा एक हप्ता हो विदा पाउने भनेको । त्यो पनि ती दिनहरूमा कारखानाहरू नै बन्द हुने भएकोले विदा पाउने हुन् ।

यसरी विरामी नै नभनी लगातार काम गर्दा पनि बाहिरबाट गएका कामदारहरूले समयमा तलव पाउँदैनन् । त्यहाँका जनताले १ तारिखमै तलव पाउँछन् भने बाहिरका कामदारहरूले १६/१७ तारिखमा मात्र तलव पाउँछन् । छिटो तलव दियो भने काम छाडेर भाग्छन् भन्ने धारणाले यसो गरिएको हो ।

बाहिरबाट जाने कामदारहरूलाई काम गराउने कम्पनीले नै बस्नको लागि कोठा दिन्छन् । तर धेरैजसो कम्पनीले दिने कोठाहरू यहाँ खोलाको किनारमा बनाइएका सुकुम्वासीहरूका छाप्राहरूजस्तै हुन्छन् । कम्पनीहरूले आफ्ना कारखाना नजिकै साना साना भयाल भएका ठूला ठूला टहराहरू बनाइदिएका हुन्छन् । त्यस्तो एउटै टहरामा ३०/४० जना बस्नुपर्ने हुन्छ ।

धेरैजसो कारखानाहरूमा कम्पनी मालिकले भनेजस्तै गरी काम गरेर उनीहरूलाई चित्त बुझाउन सकिएन भने कामदारहरूलाई उनीहरूबाट अपमानित हुनुपर्छ । उनीहरूले भनेजति काम गर्न नसकेपछि केही नेपालीहरू 'हामी घरमै फर्कन्छौं पासपोर्ट फिर्ता देऊ' भनेर बाभछन् पनि । तर उनीहरूले 'तिमीहरू त हामीले किनेका कामदार हौ, फर्कने भए हामीले सरकारलाई बुझाएको लेवी तिर' भन्छन् । कुनै


**बाहिरबाट जाने कामदारहरूलाई काम गराउने कम्पनीले नै बस्नको लागि कोठा दिन्छन् । तर धेरैजसो कम्पनीले दिने कोठाहरू यहाँ खोलाको किनारमा बनाइएका सुकुम्वासीहरूका छाप्राहरूजस्तै हुन्छन् ।**



*मलेशियामा समीरकृष्ण : आफ्नो कोठामा*

कुनै कम्पनीले त लेवी तिरेपछि पासपोर्ट फिर्ता दिन्छ पनि तर धेरैजसो कम्पनीले प्रहरी ल्याएर समात्न लगाउने र कुटपिट गर्ने पनि गर्छन् । यस्ता व्यक्तिहरू पासपोर्ट नै नलिई कारखाना छाडेर राम्रो काम पाउने आशामा बाहिर जाने गर्छन् । पछि उनीहरू प्रहरीको फन्दामा पर्छन् र अलपत्र पर्छन् । तर दुःखको कुरा, त्यस्ता व्यक्तिलाई 'सहयोग गरेर नेपाल फर्काइदिऊँ' भन्ने भावना नेपालीहरू धेरैजसोमा छैन ।

अभ त्यहाँ योभन्दा पनि दुःखको कुरा के हो भने नेपालीहरूबाट नेपालीहरू नै ठगिन्छन् । त्यहाँ पनि नेपाली दलालहरू थुप्रै छन् । पासपोर्ट नभएर अलपत्र परेकाहरू फेरि त्यस्ता दलालहरूबाट ठगिन्छन् । ती दलालहरूले 'टिकट काटेर नेपाल पठाइदिन्छु' भनेर १५ सयदेखि २५ सय रिङ्गेटसम्म लिएर नेपाल पठाउने काम गर्छन् । उनीहरूले १५ सय रिङ्गेट दिनेलाई थाइलैण्ड हुँदै नेपाल पठाउँछन् भने २५ सय रिङ्गेट दिनेलाई मलेसियाबाट सिधै नेपाल पठाउँछन् । जब कि नेपाल आइपुग्नको लागि ७ सय रिङ्गेट भए पुग्छ । त्यस्तै गरेर नेपाली कामदारहरूको पैसा 'हुण्डी गरेर नेपाल पठाइदिन्छु' भनेर लिने र भाग्नेहरू पनि छन् । जस्तो : होटेल एभरेष्टका एकजना पार्टनर दयाराम पाल्पाली र मेरै कम्पनीमा काम गर्ने एकजना नारायण सापकोटाले पनि धेरै नेपालीहरूको 'घरमा पैसा पठाइदिन्छु' भनेर पैसा लिएर भागे । यस्ता थुप्रै घटनाहरू त्यहाँ घट्छन् ।



*क्वालालम्पुरको एउटा बगैंचा*

यसरी नेपालीहरू पैसा कमाउन भनेर विदेशमा जान्छन् । तर त्यहाँ पनि धेरै हण्डर र दुःख कष्ट सहनु पर्छ । यदि यहाँ नै काम पाइने भएको भए हामीजस्ता कामदारहरूले जतिसुकै दुःख कष्ट सहनु परेपनि यहीं काम गरेर बस्नेथियौं । कमसेकम अर्काको देशमा गएर अपमान त सहनु पर्दैनथ्यो । ❑

*– मुक्ता श्रेष्ठसँगको कुराकानीमा आधारित*

# लुम्बिनी क्षेत्रमा दानो नदी प्रदूषणले निम्त्याएका समस्याहरू

इ. खेटराज दाहाल

त्रिवेणी डिष्टिलरी र रिलायन्स पेपर मिल दानो नदीको तल्लो खण्डको प्रदूषणका मुख्य श्रोतहरु हुन्

**महाभारत** पहाडको श्रृंखलाबाट बग्ने तिनाउ नदी बुटवल नगरपालिकाबाट दुई भागमा विभाजन भएर एउटा भाग तिनाउको नामले र अर्को भाग दानो (दानव)को नामले चिनिन्छ । दानो नदी भौगोलिक विभाजन अनुसार दोश्रो स्तरको नदीमा पर्दछ । यो नदीको प्रदूषण प्रकृया मुहानबाट नै शुरू हुन्छ । पाल्पाको तानसेन नगरपालिका, मिसन अस्पताल र बुटवल नगरपालिकाको फोहोरले प्रदूषित हुँदै हुँदै रिलायन्स पेपरमिल र त्रिवेणी डिष्टिलरीमा पुग्दा दानो नदी अत्यधिक मात्रामा प्रदूषणको चपेटामा परेको छ । रिलायन्स पेपरमिल र त्रिवेणी डिष्टिलरी लुम्बिनी- भैरहवा सडक खण्डको करिव मध्य भागमा दानो नदीको किनारमा अवस्थित छन् । यी दुई उद्योगले नदीलाई मात्र हैन, त्यहाँको वरपरको सम्पूर्ण जनजीवनलाई समेत प्रभावित पारेका छन् । प्रो-पब्लिक नामको संस्थाले हालै गरेको स्थलगत सर्भेक्षणबाट पानीको नमूना परीक्षण गर्दा दानो नदीमा रिलायन्स पेपर मिलले फ्याँकेको फोहोरको मात्रा वातावरण मन्त्रालयले तोकेको मापदण्डभन्दा कैयौं गुणा बढी पाइएको छ । तल तालिका-१ मा पेपर मिल नजिकको पानीको नमूना परीक्षणको नतिजा पस्तुत गरिएको छ ।

उपरोक्त तालिकाले के स्पष्ट गर्छ भने जनसंख्या तथा वातावरण मन्त्रालयले गरेको मापदण्डको दायरालाई पेपरमिलबाट निस्कने फोहोरले कैयौं गुँणा नाघेको छ ।

त्यसैगरी त्यही नदीमा र त्यही क्षेत्रमा त्रिवेणी डिष्टिलरी अवस्थित छ । त्रिवेणी डिष्टिलरीले पनि फ्याक्ट्रीबाट उत्पन्न भएको फोहोरलाई पूर्ण रूपमा प्रकृया पूरा नगरीकन नदीमा फ्याँक्ने गर्दछ । डिष्टिलरीबाट तलतिर बग्ने पानी पूरै कालो र दुर्गन्धित देखिन्छ । लुम्बिनी क्षेत्रमा भ्रमणमा जाने जो-कसैले पनि त्रिवेणी डिष्टिलरीको दुर्गन्धित फोहोर देखेको हुनुपर्दछ । त्यसै स्थलका वरपर रहने मानिसहरू यो प्रदूषणको चपेटामा परेका छन्, तर कसलाई भन्ने त ? समस्या कसरी निराकरण गर्ने ? त्यस मामिलामा भने त्यहाँका जनता अनभिज्ञ देखिन्छन् । प्रो-पब्लिकले नै त्रिवेणी डिष्टिलरीको फोहोर नदीमा मिसिएपछिको पानीको नमूना परीक्षण गरी त्यसको नतिजा उपलब्ध गराएको छ । प्राप्त नतिजालाई तल तालिका-२ मा प्रस्तुत गरिएको छ ।

अतः त्रिवेणी डिष्टिलरी र रिलायन्स पेपर मिल दानो नदीको तल्लो खण्डको प्रदूषणका मुख्य श्रोतहरू हुन् भन्ने तथ्य सर्वसाधारणलाई अब ज्ञात भै सकेको छ । प्रो-पब्लिकले ती दुवै उद्योगको स्थलगत भ्रमण र पानीको नमूना संकलन गर्ने क्रममा स्थानीय वुद्धिजीवीहरू, श्री ५ को सरकारका कर्मचारीहरू, पत्रकारहरू तथा वातावरणविदहरूको पनि उपस्थिति रहेको थियो । पानीको नमूना परीक्षणपश्चात् प्यारामिटर्समा देखिएको अपत्यारिलो प्रदूषणको मात्राले यस सम्बन्धि चासो राख्नेहरूलाई सजग हुन बाध्य बनाएको छ ।

दानो नदी र तिनाउ नदीका दुईवटा शाखा एकैठाउँमा मिसिएपछिको पानी नै मर्चवार क्षेत्रको सिंचाइको लागि प्रयोगमा ल्याइएको छ र त्यो पानीबाट गरिने सिंचाईले बालीनालीमा गंभीर असर गरेको तथ्य कृषि-विज्ञहरूले बताएका छन् ।

यसै सन्दर्भमा जिल्ला कृषि विकास कार्यालय रूपन्देहीका प्रमुख रत्नध्वज शाहीले वि.स. ०५८ सालमा नै नदीको प्रदूषणबाट हुन सक्ने हानीको बारेमा एक विस्तृत अध्ययन प्रतिवेदन तयार पार्नुभएको थियो र प्रतिवेदनको प्रतिलिपी रिलायन्स पेपरमिल, त्रिवेणी डिष्टिलरी र मर्चवार अप्लिफ्ट जल-उपभोक्ता समूहलाई पनि उपलब्ध

**तालिका-१**

## रिलायन्स पेपर मिलनजिक नदीको पानी परीक्षण

| प्यारामिटर | इकाइ | नमूना संख्या | | | जनसंख्या तथा वातावरण मन्त्रालयले तोकेको मापदण्ड |
|---|---|---|---|---|---|
| | | १ | २ | ३ | |
| पि.एच. | - | ८.० | ७.३ | ८.१ | ५.५-९.० |
| रंग | हयाजेन | १५ | ८५ | ३० | - |
| गन्ध | - | गन्धहिन | फावल अडर | गन्धहिन | - |
| टि.डि.एस. | मिलीग्राम / लि. | २४८ | ८५७ | २७९ | - |
| टि.एस.एस. | मिलीग्राम / लि. | ३८ | ३७४ | ७६ | १०० |
| सल्फेट | मिलीग्राम / लि. | ९.५ | २६५.१ | ९.१० | - |
| सि.ओ.डी. | मिलीग्राम / लि. | ५.५ | ५०० | ५४.० | - |
| बि.ओ.डि. | मिलीग्राम / लि. | २.५ | २४५ | २३.५० | १०० |
| सोडियम | मिलीग्राम / लि. | ७.३ | ६७.३० | ९.१० | - |

*श्रोतः पानी परीक्षण प्रतिवेदन, प्रो-पब्लिक*

तालिका-२

## रिलायन्स पेपर मिलनजिक नदीको पानी परीक्षण

| प्यारामिटर | इकाइ | नमूना संख्या | | | जनसंख्या तथा वातावरण मन्त्रालयले तोकेको मापदण्ड |
|---|---|---|---|---|---|
| | | १ | २ | ३ | |
| पि.एच. | - | ८.१ | ७.३ | ८.१ | ५.५-९.० |
| टि.एस.एस. | मिलीग्राम/प्र.लि. | ७६ | ६५४ | २० | १०० |
| बि.ओ.डि. | मिलीग्राम/प्र.लि. | २३.५ | २७०० | १५७.५ | ६० |

श्रोतः पानी परीक्षण प्रतिवेदन, प्रो-पब्लिक

गराउनु भएको थियो ।

यथार्थमा दानो नदीमा प्रदूषणको मात्रा त्रिवेणी डिष्टिलरीले भन्दा रिलायन्स पेपर मिलले बढाएको तथ्य त्यस बेलाको शाहीको प्रतिवेदनमा उल्लेख गरिएको छ । दानो नदीको प्रदूषणको असर मुख्य गरी त्यस क्षेत्रका आसपासका गा.वि.स.हरू कम्हरीया, सक्रौन पकडी, सिपवा, आमा, भगवानपुर, बेतकूईंया, मभगावा, सेमरा, रोहीणीहवा, फरेना, थुमुवा पिपरहवा, बोगडी, बयरघाट, आदिमा परेको छ । यो नदी कालान्तरमा बोगडीमा मिसिएर भारततर्फ बग्दछ र यसले यो प्रदूषण नेपालमा मात्र हैन भारतमा पनि पुऱ्याउँदछ । दानो नदीको छेउछाउमा रहेका करिव ४ हजार घरधुरीका २४ हजार जनसंख्या प्रत्यक्ष रूपमा प्रदूषणबाट ग्रसित छन् ।

कसरी पेपर मिलले असर पुऱ्याएको छ त ? प्रथमतः पेपरमिलबाट निस्कने फोहोर पानी विना कुनै उपचार नदीमा फ्याँक्नाले यसले दुर्गन्ध बढाएको छ । नदीमा पाइने विभिन्न जातका माछाहरू लोप हुन थालेका छन् । जलहाँसहरू पाइन छाडेका छन् । त्रिवेणी डिष्टिलरी र रिलायन्स पेपर मिल स्थापना हुनु अघि दानो नदीको पानीमा स्थानीय जनताहरू नुहाउँने र रमाएर पौडी खेल्ने गर्दथे । बस्तुभाउहरूलाई त्यहींको पानी खुवाउँथे । तर अहिले त्यहांको पानीमा कसैले स्नान गऱ्यो वा पौडी खेल्यो भने जिउभरि खटिरा निस्कने र पुरै जिउ चिलाउने रोग लाग्दछ । वस्तुभाउहरूले त्यहांको पानी खान रूचाउँदैनन् । र, कसै कसैले खाइहाले पनि विभिन्न रोगहरूबाट ग्रसित हुने र मर्ने गर्दछन् । त्यस्तै यहाँको दुर्गन्धिले कहिल्यै नदेखिएका किराहरू देखिन थालेका छन् र जीवहरूमा नयाँ-नयाँ प्रकारका रोगको जन्म भएको छ । कृषकहरू, बुद्धिजीवीहरू तथा विशेषज्ञहरूको टिमले गरेको अध्ययन र छलफलबाट यो सबै हुनुमा रिलायन्स पेपर मिल र त्रिवेणी डिष्टिलरी जिम्मेवार रहेको निष्कर्ष निस्केको छ । नदीको पानी कृषि उत्पादनका लागि प्रयोग गर्दा कतै बाली नै मर्ने त कतै उत्पादनमा कमी आउने प्रक्रिया शुरू भएको छ । दानो नदीको वरपर (दानोको पानीले सिंचित क्षेत्रमा) रिलायन्स पेपर मिल स्थापना हुनुभन्दा पहिले र स्थापनापश्चात् भएको उत्पादनको फरकलाई तल तालिका-३ मा प्रस्तुत गरिएको छ ।

**दानो नदी प्रदूषणले लुम्विनी आउने पर्यटकहरुलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको छ र आर्थिक रुपमा देशले घाटा बेहोरेको छ**

तालिका-३


## उद्योग स्थापनाअघि र पछिको उत्पादनको अवस्था

| क्र.सं. | बालीको नाम | बाली उत्पादन, प्रतिहेक्टर, टनमा | |
|---|---|---|---|
| | | पेपर मिल स्थापना हुनुअघि | पेपर मिल स्थापना भएपछि |
| १. | धान | ४.७ | ३.० |
| २. | गहुं | ४.० | १.५ |
| ३. | तोरी | ०.८ | ०.३ |
| ४. | आलु | १५ | ८ |
| ५. | तरकारी | १३ | ७ |
| ६. | दलहन | ०.६ | ०.४ |

श्रोतः दानो नदी प्रदूषण प्रतिवेदन, जिल्ला कृषि विकास कार्यालय, रुपन्देही

दानो नदी प्रदूषणले लुम्विनी आउने पर्यटकहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको छ र आर्थिक रूपमा देशले घाटा बेहोरेको छ । उद्योग धन्दा खोलेर देशको अर्थ व्यवस्था मजबूत हुन्छ भन्ने सूत्र सबै ठाउँमा लागु हुँदैन । कतिपय यस्ता उद्योगहरू छन्, जसले राष्ट्रलाई लाभभन्दा हानी नै बढी पुऱ्याएका हुन्छन् । त्रिवेणी डिष्टिलरी र रिलायन्स पेपर मिल यसको नमूना हुन् । देशमा सरकार चलाउनेहरूलाई कमसेकम यति कुरा थाहा हुनुपर्दछ कि - कुन उद्योगले कस्तो खालको प्रदूषण निम्त्याउँछ र यसको दीर्घकालीन असर कस्तो पर्दछ ? त्यस्तै सरकारको नियम-कानून पालना गरी कार्य गर्न-गराउन अनुमति दिनेहरूले त्यतातिर बेलैमा ध्यान दिनु पर्ने हो, तर विडम्बना त्यस्तो हुनसकेन । अहिले दानो नदीको आसपासमा अन्य उद्योगहरू पनि धमाधम खुल्दैछन् र यो नदीलाई दिनानुदिन प्रदूषणमाथि प्रदूषणको भार थप्दैछन् । एक प्रकारले भनौं, यो क्षेत्र अघोषित औद्योगिक क्षेत्रकै रूपमा विकास हुँदैगएको छ । विज्ञहरूका नजरले ध्यान दिएर हेर्दा यस्तो लाग्छ कि - लुम्विनी क्षेत्र कुनै दिन उद्योगै-उद्योगले भरिपूर्ण हुनेछ । र, कुनैबेला यो ठाउं अहिलेको मेक्सिको र काठमाण्डौं शहरभन्दा कैयौं गुणा बढी प्रदूषित स्थलको रूपमा चिनिने छ । यस्तो हुन नदिन कसले ध्यान पुऱ्याउने त ? नियन्त्रणको जिम्मा कसको हो ? निश्चय पनि राष्ट्रको डाडू-पन्यू जसको हातमा छ- समस्याको निराकरणको जिम्मा पनि उसैले लिनु पर्दछ । जनतालाई खुला आकासमा श्वास लिन र प्राकृतिक स्रोतको समुचित उपयोग गर्न पाउँने अधिकारवाट वन्चित गरिनु हुँदैन । एउटाको फाइदाले हजारौं घरबार पीडित बन्नुलाई वातावरणीय न्याय मानिँदैन । त्यसैले यथाशीघ्र यस्तो समस्या समाधान गर्न जिम्मेवार निकाय अग्रसर रहोस् र परिस्थितिकी प्रणाली (Ecosystem) को जगेर्ना गरियोस् । संक्षेपमा भन्नुपर्दा दानो नदीलाई रिलायन्स पेपर मिल तथा त्रिवेणी डिष्टिलरी दुवैले प्रदूषित बनाएको छ । तर त्रिवेणी डिष्टिलरीको तुलनामा रिलायन्स पेपर मिल नदीलाई दूषित गर्न बढी जिम्मेवार छ । यी दुवै उद्योगहरूबाट निस्कने फोहोरलाई उपचारपश्चात् तोकिएको मापदण्डअनुसार मात्र नदीमा फ्याँक्न पाइने व्यवस्था गरिनुपर्दछ र यसका लागि सरकारी पक्षबाट कडाभन्दा कडा कदम चालिनुपर्दछ । यसैगरी वातावरणको क्षेत्रमा कार्यरत संघसंस्था, पत्रकारहरू र नागरिक समाज सबैले यसको बचावटका लागि समयमै ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । ❑

चित्र साभार : हाम्री महिला



धूँवा र धूलोमा महिलाहरु

# महिलाहरू किन बढी अस्वस्थ हुन्छन् ?

● मुक्ता श्रेष्ठ

> वास्तवमा महिला स्वास्थ्य भनेको प्रजनन स्वास्थ्य मात्र होइन

'**स्वस्थ घर, स्वस्थ परिवार**' -यो भनाइ एउटा परम सत्य हो । वास्तवमा स्वस्थ घर भयो भने नै परिवारका सदस्यहरू स्वस्थ हुन सक्छन् । कुनै पनि व्यक्ति स्वस्थ हुनको लागि चाहिने मुख्य कुराहरू भनेकै सरसफाइ, सन्तुलित भोजन र व्यायाम हुन् । सन्तुलित भोजन र व्यक्तिगत सरसफाइ भन्ने कुरा घरबाटै प्राप्त हुने कुरा हो । हाम्रो समाजमा घरको सम्पूर्ण सरसफाइ गर्ने काम तथा खानाको तयारी गर्ने काम महिलाहरूबाटै हुन्छ । यस स्थितिमा घरकी महिला स्वस्थ भएको खण्डमा मात्र घरको वातावरण पनि स्वस्थ हुनसक्छ । उनी स्वस्थ छिन् भने परिवार तथा समुदायलाई समेत स्वस्थ राख्न उनले ठूलो भूमिका खेल्न सक्छिन् । त्यसैले सन् १९९५ मा चीनमा भएको अन्तरराष्ट्रिय महिला सम्मेलनले पनि महिला स्वास्थ्यलाई शिक्षा तथा विकासका अन्य कार्यक्रमहरूसँग जोडेर लानुपर्छ भन्ने कुरा पारित गरेको थियो ।

अहिले महिला स्वास्थ्य भन्नाले खालि प्रजनन् स्वास्थ्यमा मात्र सीमित नगरेर त्यसलाई व्यापक अर्थमा लिइनुपर्छ भन्ने कुरा पनि उठिरहेको छ ।

वास्तवमा महिला स्वास्थ्य भनेको प्रजनन स्वास्थ्य मात्र होइन पनि । उनीहरू पनि पुरूषहरूजस्तै अन्य सामान्य रोगबाट पनि पीडित हुन्छन् । यसका साथै, उनीहरूको शारीरिक बनोटले गर्दा महिलाहरूमा मात्र लाग्ने रोगहरूबाट पनि उनीहरू पीडित भएका हुन्छन् । जस्तो : गर्भावस्थामा हुने समस्याहरू, स्त्रीरोग, पेशागत रोग आदि महिलाहरूलाई हुने थप समस्याहरू हुन् । अझ, समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेशले पनि उनीहरूको स्वास्थ्यमा थप समस्या पैदा गरेको हुन्छ ।


हाम्रो समाज पुरूषप्रधान समाज हो । यहाँ व्यवहारमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा लिइन्छ । धार्मिक, सामाजिक तथा आर्थिक रूपले नै महिलाहरू पुरूषहरूभन्दा तल्लो स्तरमा जिइरहेका छन् । हरेक क्षेत्रमा नै उनीहरू असमान छन् । यही असमानता महिलाहरूले आफू स्वस्थ रूपले बाँच्न पाउने अधिकारमा पनि व्यहोरिरहेका छन् । यसरी स्वास्थ्य क्षेत्रमा पनि महिला र पुरूषबीच हुने आधारभूत असमानताले गर्दा महिलाहरूको शरीर कमजोर हुने, कमजोर शरीरमाथि छिटो रोगले आक्रमण गर्ने र अस्वस्थ भइरहने हुन्छ ।

नेपालका अधिकांश महिलाहरू न्यून पोषण, कामको बढी बोझ तथा बारम्बार गर्भवती हुने समस्याले ग्रसित छन् । हाम्रो सामाजिक संस्कारअनुसार महिलाहरूले पुरूषहरूले भन्दा अगाडि खाना खान नहुने र मीठा र पोषक खानेकुराहरू पुरूषहरूलाई बढी खुवाउनुपर्ने चलन रहेको छ ।

अधिकांश घरहरूमा लोग्ने र छोराहरूलाई खुवाइसकेपछि मात्र आमा, बुहारी तथा छोरीहरूले खाने र दूध, घ्यू, दही तथा मासुजस्ता पोषणयुक्त खाद्यपदार्थ पनि पुरूषहरूलाई पुग्नेगरी खुवाइसकेपछि मात्र महिलाहरूले खाने चलन छ । पुरूषहरूलाई खुवाइसकेपछि उनीहरूको भागमा थोरै मात्र खाना बाँकी रहन्छ । त्यही थोरै खानाले नै उनीहरू गुजारा गर्छन् । यो चलन बालबालिकाको जन्मदेखि नै लागु हुन्छ । छोरीलाई छोरालाई भन्दा कम खाना भए पुग्छ भन्ने चलनअनुसार छोरीलाई छोरालाई भन्दा कम खाना दिइन्छ । पौष्टिक तत्व पनि छोराले भन्दा छोरीले ज्यादै कम मात्र खान पाउँछन् । शहरी तथा शिक्षित परिवारमा यो व्यवहार कम हुँदै गएतापनि गाउँघरमा यो चलन अझैसम्म पनि रहेको छ ।

यसरी छोरीहरूले सानै बेलादेखि कम खाना र कम पोषक तत्व प्राप्त गर्ने हुँदा उनीहरू ढिलो बढ्ने र कमजोर शरीर लिएर हुर्किन्छन् । यसले गर्दा पनि नेपालमा बालकको भन्दा बालिकाको मृत्यु दर बढी हुने गरेको छ । जस्तो कि : जीवितहरूमध्ये प्रति हजारमा पाँच वर्षभित्रका बालकहरूको मृत्यु दर १०४.८ छ भने बालिकाहरूको मृत्यु दर ११२.४ रहेको छ । (नेपाल मानव विकास प्रतिवेदन २००१, गरिबी न्यूनिकरण र शासन, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम, पृष्ठ ४८) युवा भएपछि गर्भावस्था र स्तनपान गराउनुपर्ने बेलामा पनि उनीहरू आवश्यक मात्रामा पोषणयुक्त खाना पाउँदैनन् । यसैको फलस्वरूप उनीहरू कमजोरी र रक्त अल्पताबाट ग्रसित हुन्छन् । नेपालमा ७५ प्रतिशत गर्भवती महिलाहरू रक्त अल्पताबाट ग्रसित भएका छन् । यसको असर महिलाहरूको बुढेसकालसम्म पनि रहेको देखिएको छ ।

न्यून पोषणबाहेक महिलाको स्वास्थ्यलाई कमजोर पार्ने अर्को तत्व हो- कामको बढी बोझ । नेपालका अधिकांश महिलाहरू, चाहे ती पढेलेखेकी जागिरदार होउन् या अशिक्षित ग्रामिण महिला, दोहोरो कामको बोझबाट पीडित छन् । ती दुवै खालका महिलाहरू अफिस वा खेतीपातीको कामदेखि घरका सम्पूर्ण कामहरू तथा बालबच्चा र बिरामीको स्याहार गर्ने कामसमेत स्वयं गर्न बाध्य छन् । ती कामहरूले गर्दा धेरैजसो महिलाहरूले एकछिन आराम गर्नसम्म पनि समय



***नेपाली महिलाहरू :***
***समयमा स्वास्थ्य परीक्षणको अवसर कति छ ?***

पाउँदैनन् । उनीहरू दिनको करिव १५/१६ घण्टा नै काममा व्यस्त हुन्छन् । यसले गर्दा पनि उनीहरू बढी थकित हुने र बिरामी पर्ने हुन्छन् । यसबाहेक पनि महिलाहरूलाई धूलो, धुँवा र पानीबाट हुने रोगले पनि बढी प्रभाव पारेको हुन्छ । धुँवा र धूलोबाट हुने खालका फोक्सोका रोगहरू त उनीहरूको पेशागत रोगजस्तै भइसकेका छन् ।

हाम्रो समाज पुरूषप्रधान भएको कारणले छोराको जन्मलाई बढी नै महत्व दिइएको छ । यसले गर्दा छोराको जन्म नहुञ्जेल बच्चा जन्माइरहनु पर्ने बाध्यता महिलाहरूको छ । यो समस्या परिवार नियोजनका साधनहरू नपुगेका र त्यसबारे जानकारी नै नपुगेका ठाउँका महिलाहरूले पनि भोगिरहनु परेको छ । सन् २००१ को नेपालको जनसांखिक तथा स्वास्थ्य सर्भेक्षणको प्रतिवेदनअनुसार पनि नेपालमा परिवार नियोजन अपनाउनेहरूको संख्या ३८.९ प्रतिशत मात्र रहेको छ । यसरी बारम्बार गर्भवती भइरहने, बच्चाहरू जन्माइरहनु पर्ने, त्यस समयमा पनि काम त्यतिकै गरिरहनु पर्ने तर खाना समयमा खान नपाउने र आवश्यक मात्रामा पौष्टिक खाना खान नपाउने आदि कारणले महिलाहरूको शरीर ज्यादै कमजोर हुने हुन्छ । उनीहरूको कमजोर शरीरमा अन्य सामान्य रोगहरूले पनि छिट्टै असर गर्ने हुन्छ । यसले गर्दा महिलाहरू पुरूषहरूभन्दा बढी रोगबाट ग्रसित हुन्छन् ।

महिलाहरू खालि शारीरिक रोगहरूबाट मात्र ग्रसित छैनन् । मानसिक रोगबाट पनि उनीहरू पुरूषहरूभन्दा बढी ग्रसित छन् । महिलाहरूमाथि हुने विभिन्न खालका उत्पीडन तथा हिंसाले उनीहरूको मानसिक स्वास्थ्यमा ठूलो असर पारेको हुन्छ । कैयौं युवतीहरू आफ्नै पति तथा आफन्त र अन्य पुरूषहरूको यौन तथा शारीरिक दुर्व्यवहारबाट पीडित भएका हुन्छन् । यसको साथै पतिबाट हुने कुटपिट, अन्य खालका हिंसा, गरीवी आदि कारणले पनि उनीहरूको मानसिक स्वास्थ्यमा आघात पारिरहेको हुन्छ ।

यसरी महिलाहरू रोगहरूबाट बढी ग्रसित भएतापनि उपचारको मामलामा भने पुरूषहरूभन्दा पछाडि नै पर्छन् । महिलाहरू बढीजसो रोगले आक्रान्त पारिसकेपछि मात्र उपचारको लागि जाने गर्छन् अथवा उनीहरूलाई लैजाने गरिन्छ । कति महिलाहरू त रोगको पहिचान नै नभइकन मृत्युको मुखमा पुग्ने गर्छन् । उपचारकै समयमा पनि पुरूषहरूले जति सेवा र खाना पाउँछन्, त्यति महिलाले पाउँदैनन् ।

गर्भावस्थामा समेत अधिकांश महिलाहरूले गर्भजाँच गराउन पाउँदैनन् । चिकित्सकहरूको भनाइअनुसार गर्भवती महिलाले कम्तिमा ४ पटक स्वास्थ्य परीक्षण गराउनु पर्नेमा ९ प्रतिशत गर्भवती महिलाले मात्र त्यो प्रक्रिया पूरा गरेको देखिन्छ । 'सेभ द चिल्ड्रेन यु.एस.'को सन् २००१ को सर्भेक्षणअनुसार ५५.७ प्रतिशत गर्भवती महिलाले गर्भको जाँच नै गराएका छैनन् । १०.८ प्रतिशत महिलाहरूले मात्र स्वास्थ्यकर्मीको उपस्थितिमा बच्चा जन्माउन पाएका छन् । (प्रगति प्रतिवेदन २००२, पूर्वोक्त, पेज २७) यसरी गर्भावस्थामा र सुत्केरी अवस्थामा राम्रो उपचार नपाउनु, आवश्यक पौष्टिक आहारको कमी हुनु आदिको कारणले गर्दा प्रति एक लाख जीवित जन्ममा ५३९ जना आमाहरूको मृत्यु हुने गरेको छ । (प्रगति प्रतिवेदन २००२ पूर्ववत् पेज २७) यसरी आवश्यक खाना नपाएर र आवश्यक उपचार नपाएर धेरै महिलाहरू अकालमा मर्ने गरेका छन् ।

आखिर यस्तो किन भयो त भन्ने प्रश्नको उत्तर खोज्ने हो भने माथि भनिएझैं महिलाहरूको स्थिति दोश्रो दर्जाको हुनु नै हो । महिलाहरूको यही स्थितिले गर्दा उनीहरूले आफ्नो लागि पनि आफैंले निर्णय गर्न सक्तैनन् । हरेक कुरामा




**बारम्बार गर्भवती भइरहने, बच्चाहरू जन्माइरहनु पर्ने, त्यस समयमा पनि काम त्यतिकै गरिरहनु पर्ने, तर खाना समयमा खान नपाउने र आवश्यक मात्रामा पौष्टिक खाना खान नपाउने आदि कारणले महिलाहरूको शरीर ज्यादै कमजोर हुने हुन्छ ।**

पुरूषहरूको मुख ताक्नुपर्ने हुन्छ । यतिसम्म कि श्रीमानको अनुमतिविना उनीहरू बिरामी परेको बेलामा उपचारका लागि जान पनि सक्दैनन् । किनभने एक त, धेरैजसो स्वास्नीमान्छेहरू लोग्नेको स्वीकृतिविना कहीं जान सक्तैनन्, दोश्रो, उपचारको लागि उनीहरूसँग पैसा नै हुँदैन । धेरैजसो स्वास्नीमान्छेहरू दिनको १५/१६ घण्टा काम गर्ने भएतापनि आर्थिक उत्पादनको काममा लागेका हुँदैनन् र घरको सम्पतिमाथि उनीहरूको अधिकार पनि हुँदैन । सम्पति वा पैसा चलाउने काम अधिकांश परिवारमा पुरूषहरूकै हुन्छ । उनीहरूले खटाएर दिएअनुसार मात्रै महिलाहरूले खर्च गर्न पाउँछन् । उपचार गर्न जानको लागि पुरूषको स्वीकृति र पैसा पाइहालेता पनि अधिकांश महिलाहरू अशिक्षित भएको कारणले स्वास्थ्य केन्द्रमा एक्लै जान सक्तैनन् । दोश्रो कुरा, गाउँघरमा स्वास्थ्य चौकीहरू तथा केन्द्रहरू पनि आफ्नो घरबाट निक्कै टाढा टाढा रहेका छन् । एक पटक स्वास्थ्य केन्द्र जानको लागि कम्तिमा २/४ घण्टा समय जान्छ । तर ग्रामिण महिलाहरूको लागि त्यति समय निकाल्नु भनेको ज्यादै कठिनाइको कुरा हुन्छ । तेश्रो, महिलाहरूका सबै स्वास्थ्य समस्याहरू गाउँका स्वास्थ्य केन्द्रबाट समाधान हुँदैनन् । त्यसको लागि शहर तथा राजधानी नै जानुपर्ने हुन्छ । यो कुरा अधिकांश नेपाली जनताको लागि संभव कुरा होइन । किनभने अहिले देशमा बढिरहेको ऋण तिर्नको लागि ऋणी राष्ट्रहरूको दवावबाट सरकारले पहिलेदेखि शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा दिँदै आएका सुविधाहरू धमाधम कटौती गर्न थालेको छ । र, ती क्षेत्रहरूमा समेत निजीकरण गर्ने नीति सरकारले अपनाउन थालेको छ । यही निजीकरणले स्वास्थ्य क्षेत्रमा पनि ठूलो प्रभाव पारिरहेको छ । र, सरकारी अस्पतालहरूमा सेवा शुल्कहरू बढाउन थालिएको छ । प्राइभेट नर्सिङ्ग होमहरू खोल्नको लागि प्रोत्साहन दिइएको छ । यी निजी नर्सिङ्ग होमहरूमा उपचार खर्च यति महंगो छ कि त्यो खर्च अधिकांश नेपालीहरूले व्यहोर्न सक्तैनन् । यसबाट पनि बढी पीडित नेपाली महिलाहरू नै भइरहेका छन् ।

अब यस स्थितिमा महिलाहरूको स्वास्थ्यमा सुधार गर्नको लागि हाम्रो समाजको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनामा नै आमूल परिवर्तन ल्याउनु जरूरी भएको छ । यसको आमूल परिवर्तनपछि मात्र महिलाहरू पनि पुरूषहरूसरह समान नागरिक भएर जिउन पाउने छन् र उनीहरूको स्वास्थ्यमा पनि क्रमिक सुधारको आशा गर्न सकिने हुन्छ ।

युद्धतर यो कुरा अहिले तत्काल संभव पनि छैन । यस स्थितिमा घर परिवार तथा पुरूषहरूमा मात्रै पनि महिलालाई हेर्ने दृष्टिकोणमा सुधार आएको खण्डमा महिलाहरूको स्वास्थ्यमा केही सुधार गर्न सम्भव देखिन्छ । उनीहरूमा महिलाहरू पनि घर र समाजको एउटा अभिन्न अंग हुन्, महिला स्वास्थ्य भनेको महिलाको मात्र सरोकारको विषय मात्र नभएर समग्र राष्ट्रकै सरोकारको विषय हो, उनीहरूलाई स्वस्थ पार्नु हामी सबैको कर्तव्य हो भन्ने कुराको बोध हुनुपर्दछ । र, उनीहरूले महिलाहरूको अवस्थामा सुधार ल्याउन सहयोग गर्नुपर्दछ । उनीहरूले घरको काममा पनि सहयोग गर्ने, खाना खाँदा सँगै बसेर खान प्रोत्साहन गर्ने, छोराछोरी तथा श्रीमती र आफूलाई पनि पोषणयुक्त खाना बराबर बाँड्ने तथा बाँड्न प्रोत्साहन गर्ने, छोरा नै पाउनु पर्ने संस्कार त्याग्ने, श्रीमती बिरामी हुँदा उपचार गर्न प्रोत्साहन गर्ने आदि काम मात्र गरेतापनि महिलाहरूको स्वास्थ्यमा धेरै सुधार हुनसक्छ । यति मात्र नभएर महिलाहरू आफैं पनि आफ्नो स्वास्थ्यको बारेमा सजग हुनु आवश्यक छ र आय-आर्जनको काममा लाग्नु आवश्यक छ । ❑



इतिहासको गहिरो
अध्ययन नगरीकनै
फटाफट् भन्दै
हिंड्ने एक प्रकारको
फेसनको हावा
चलेको छ अहिले

'शतपथ ब्राम्हण' यजुर्वेदको एउटा ब्राम्हण ग्रन्थ हो । त्यो रामायण र पुराणहरूभन्दा निकै पुरानो हो । त्यसका रचयिता दार्शनिक ऋषि याज्ञवल्क्य हुन् । त्यस ग्रन्थको काण्ड-१, अध्याय ४ र अरू विभिन्न पौराणिक ग्रन्थअनुसार गंगा र यमुनाको नजिक रहेको सरस्वती नदी (जुन अहिले सुकेर हराइसकेको छ)को किनारमा इक्ष्वाकु नामक एउटा वैदिक कविला रहन्थ्यो । त्यसका धर्मप्रमुख वशिष्ठ र गणप्रमुख निमि थिए । एउटा यज्ञको सन्दर्भमा वशिष्ठ र निमिको बीचमा विवाद चर्कंदा निमि मारिए र त्यो कविला विभाजित भयो । त्यसपछि निमिका छोरा मिथि गणप्रमुख भई ब्राम्हण गौतम रहुगणलाई धर्मप्रमुख बनाएर त्यहाँको अग्निकुण्डबाट आगो लिई पूर्वतिर लागे । तिनीहरूले नारायणी नदी तरी मिथिला भूमिको स्थापना गरे । यसरी मिथिको नेतृत्वमा ब्राम्हण र क्षत्रीयहरूले वैदिक कालमा पहिलो पटक नारायणी नदी तरेको कुरा पौराणिक सन्दर्भहरूले बताउँछन् ।

बाल्मिकी रामायणअनुसार मिथिला भूमिका दुई शासन केन्द्र थिए- उत्तरमा विदेह र दक्षिण-पश्चिममा वैशाली । विदेहमा मिथिवंशी जनकहरूको नेतृत्व थियो

● मोदनाथ प्रश्रित

# नेपालमा वर्ण व्यवस्थाको प्रवेश र विकास

**नेपालमा** वर्ण व्यवस्थाको प्रवेश कहिलेदेखि भयो र यसको विकास प्रक्रिया कस्तो रह्यो ? यसबारे अहिले निकै छलफल चल्न थालेको छ । केही मानिसहरू उत्तरी भारतमा मुसलमानी आक्रमण भएपछि मात्रै नेपालमा ब्राम्हण-क्षेत्रीयहरूको प्रवेश हुनथालेको हो भन्दछन् भने कतिपयले जयस्थितिमल्ल (ई. १३८२-९५)को शासनकालदेखि वर्ण व्यवस्था शुरू भएकोसमेत भन्ने गर्छन् । इतिहासको गहिरो अध्ययन नगरी आफूलाई लागेको कुरा फटाफट् भन्दै हिंड्ने एक प्रकारको फेसन वा आग्रहको हावा चलेको छ अहिले । यस्तो स्थितिमा नेपालमा वर्ण व्यवस्थाको इतिहास सन्दर्भमा केही चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

सबै मुलुकले आ-आफ्नो इतिहासको अध्ययन गर्दा आ-आफ्नो वर्तमान भूगोललाई केन्द्रविन्दू बनाई त्यसैको सेरोफेरो र ऐतिहासिक साइनो सन्दर्भ पहिल्याउने प्रचलनअनुरूप नेपालको वर्तमान भूगोललाई ध्यानमा राखी यस विषयमा छलफल अघि बढाऔं ।

शुरूमा वर्ण व्यवस्थाको क्रमिक विकास सिन्धु नदीदेखि गंगा नदीको बीचमा भएको हो । त्यसको सबभन्दा सघन विकास कानपुर, अयोध्या र वारणसीको बीचमा भयो । गंगा र यमुनाबीचको भाग प्राचीनकालमा ब्रम्हावर्त या ब्रम्हार्षि देशको केन्द्र मानिन्थ्यो । वर्णाश्रम व्यवस्था वैदिक कालको अन्तिम समयदेखि त्यहींबाट सबैतिर फैलिंदै गएको हो ।

भने वैशालीमा नाभाग नेदिष्ट वंशीहरूको । रामायणअनुसार जनकवंशीहरू क्षेत्रीय थिए भने मार्कण्डेय पुराणअनुसार नाभाग-नेदिष्ट वंशीहरू वैश्य थिए । समय क्रममा वैशाली उद्योग-व्यापारको केन्द्र बन्यो भने विदेह दर्शन, उपनिषद् या ज्ञानको केन्द्र बन्यो । विदेह या उत्तरी मिथिलाको क्षेत्र नारायणीदेखि कोशीसम्म फैलिएको थियो ।

बाल्मीकी रामायण आदिकाण्ड (७१/३-१३)अनुसार मिथिको एक्काइसौं पुस्तापछि सीताका धर्मपिता सीरध्वज जनक भएका थिए । यसबाट स्पष्ट छ, विदेह (जनकपुर)को स्थान वैदिक कालमै भएको थियो र उत्तर वैदिक कालमा त्यो क्षेत्र उपनिषद्का विद्वान ऋषिमुनि जनक, याज्ञवल्क्य, गौतम, गार्गी, अष्टावक्र, जैमिनी, विभाण्डक आदिजस्ता विविध दर्शनका प्रणेता मनिषीहरूको अध्ययन, चिन्तन-मननको विराट केन्द्र बन्नपुग्यो । यो विभिन्न सन्दर्भहरूको विश्लेषणबाट अन्वेषक र इतिहासविद्हरूले हाम्रो मिथिला क्षेत्रमा वर्ण व्यवस्थाको प्रवेश ई.पू. २०००-१५०० को बीचमा भएको निष्कर्ष निकालेका छन् ।

यसरी वैदिक मूलका आर्यहरूले मिथिला क्षेत्रमा कृषि, शिक्षा र

विविध व्यवसायको विकास गर्नथालेपछि त्यहाँ वैदिक संस्कृतिको विस्तार हुँदैगयो र टाढा-टाढादेखि चिन्तक, अन्वेषक, विद्वान, दार्शनिकहरू आउने-जाने गर्नथाले । त्यसपछि अन्वेषक ऋषिमुनिहरूले नदीहरूको बाटो पहाड र हिमालतिर यात्रा गरेर ती क्षेत्रका अनेकौं, विशेषता पत्ता लगाई सुन्दर र स्वास्थ्यबर्द्धक ठाउँहरूलाई तप, साधना, अध्ययन र अन्वेषणका केन्द्र बनाई त्यहीं बसेर वर्णवादी धर्म-संस्कृति, कृषि, शिक्षा र उपचारको प्रचार-प्रसार गर्नथाले । यस्तै सन्दर्भहरूमा नै कोशी क्षेत्रमा विश्वामित्र, बाग्मतीमा नेमुनि, नारायणी क्षेत्रमा बाल्मिकी र भृगु, देवघाटमाथि कालीगण्डकी क्षेत्रमा पुलह, और्व, देवदत्त, शृंगी, माण्डव्य, मादी र सेतीको बीचमा वेदव्यास आदिजस्ता ऋषिहरूले तपस्या या कार्यक्षेत्र बनाएको कुरा पुराणहरू बताउँछन् ।

प्राचीन जनकपुरमा हामी हिंसात्मक वैदिक यज्ञमार्ग र ब्रम्हवादी ज्ञानमार्गको बीचमा निकै विवाद बढेको पाउँछौं । जनक, याज्ञवल्क्य, अष्टावक्र आदि ज्ञानमार्गी थिए ।

ब्रम्हावर्त, काशी र अयोध्यातिरको वर्णवादी प्रभाव पश्चिम नेपालको तराई हुँदै पहाडतिर पनि फैलिएको थियो । त्यसले समाजमा जातपात र छुवाछूतको भेद्भाव बढाउँदै गएपछि त्यसको कु-प्रभाव रोक्न ऋकुच्छन्द्र, कनकमुनि र गौतम बुद्धजस्ता ज्ञानमार्गीहरूले वर्णवादको विरोधमा आन्दोलन चलाउन थालेका थिए । गौतम बुद्धका विचार काशी, कोसल र मगधतिर मात्र होइन, कपिलवस्तुका शाक्यभिक्षुहरूमार्फत् पहाड र बागमती उपत्यका हुँदै हिमालपारितिर पनि लागे । वैशालीका लिच्छवी र गोरखपुरका मल्लहरूमा बुद्ध संस्कृतिको राम्रो प्रभाव परेको थियो । पछि कोसल र मगधको आक्रमणमा परेर कपिलवस्तुका शाक्य, नवलपरासीका कोलिय, वैशालीका लिच्छवी र गोरखपुरका मल्लहरू पनि पहाडी क्षेत्रहरू र काठमाडौं उपत्यकातिर फैलिंदै गए । लिच्छवीहरूले काठमाडौंलाई केन्द्र बनाई कोशीदेखि गण्डकीसम्म राज्य विस्तार गरे । त्यसरी काठमण्डौतिर निस्केका लिच्छवीहरूमा चौंथो शताब्दीसम्म बौद्ध धर्म-दर्शनको बढी प्रभाव देखिन्छ । तर भारतको गुप्त साम्राज्य (ई. ३२०-५००)कालमा सामन्तवादको तीव्र विकास हुने क्रममा समाजमा वर्ण व्यवस्था (जातपात, छुवाछूतप्रथा) व्यापक रूपमा फैलिंदै गयो । त्यसले बौद्ध संस्कृतिका अनुयायी काठमाडौंका लिच्छवीहरूमा पनि प्रभाव जमायो । फलस्वरूप विक्रमको पाँचौं शताब्दीका लिच्छवी राजा वृषदेवमा पुगेर बौद्ध परम्परा टुंगियो र उनका छोरा शंकरदेव (अनु. वि. ५०१-६०)देखि हिन्दू वर्ण व्यवस्थाको प्रचार-प्रसार शुरू भयो । मानदेव प्रथम (वि. ५२०-६५)ले चाङ्गुनारायणजस्ता विष्णु मन्दिर बनाउन थाले । उनले चाङ्गुनारायणमा राखेको शिलालेखमा आफ्ना बाबु धर्मदेवले वैदिक धर्मअनुसार ठूल्ठूला यज्ञहरू गरेको उल्लेख गरेका छन् । त्यसपछि बागमती उपत्यकामा वर्ण व्यवस्थाले प्रोत्साहन पाउँदैगयो । र यहाँ ब्राम्हण र क्षेत्रीयहरूदेखि शूद्र र चण्डाल (अछूत शुद्र)सम्मका अनेक जातहरूको विस्तार हुँदैगयो ।

एघारौं शताब्दीदेखि मिथिला क्षेत्रमा स्थापित कर्णाटवंशी राज्यले वर्ण व्यवस्था (जातपात, छुवाछूत)लाई तीव्र रूपले प्रोत्साहित गर्दैगयो । त्यहाँ जातपातहरूको निर्धारण, गणना र व्यवस्थापन गर्न पञ्जिकाधिकारीहरूको व्यवस्था गरियो । राजा हरिसिंहदेवका विद्वान मन्त्री चण्डेश्वर ठाकुरले ई. १३१४ मा हिन्दू विधि व्यवहारको आचारसंहिता 'कृत्य रत्नाकर' ग्रन्थ लेखी त्यसैअनुसार जातपात व्यवस्था चलाउनथाले । त्यस राज्यमा वर्ण व्यवस्थाले ज्यादै व्यापक रूप लिएको थियो । त्यहाँ ई. १३२४ मा गयासुद्दीनले आक्रमण गरेपछि हरिसिंहदेव दलबलसहित काठमाडौंतिर निस्के । त्यसपछिको स्थितिमा नै काठमाण्डौ उपत्यकामा राजा जयस्थिति मल्लले परम्परागत वर्ण व्यवस्थालाई स्थानीय विभिन्न पेशाहरू र सिमरौन गढका अनुभवहरूको आधारमा पुनर्गठन गरेका हुन् ।

त्यसपछि पाल्पादेखि मोरंग सुनसरीसम्म फैलिएका सेन राज्यहरूमा (वि.सं. १५७०-१८१९)ले पनि प्रचलित वर्ण व्यवस्थालाई व्यवस्थित गरी आफूलाई 'हिन्दूपति'समेत भन्न थालेका थिए ।

नेपालका पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलमा उपनिषद् र स्मृतिकालदेखि नै ब्राम्हण ऋषिहरूको आवागमन हुनथालेको थियो भन्ने कुरा त्यता रहेका प्राचीन तीर्थस्थल र पौराणिक कथाहरूले पनि पुष्टि गर्छन् । तर पछि त्यता अवैदिक आर्य मूलका खसहरूको संख्या बढेपछि वर्ण व्यवस्था केही शिथिल हुँदैगयो । त्यहाँका खसहरूको ठूलै संख्या तेह्रौं-चौधौं शताब्दीसम्म पनि 'ब्रात्य क्षेत्रीय' (वर्णविहीन क्षेत्रीय)कै रूपमा थियो । तीमध्ये थुप्रै 'मतवाली' खस पनि थिए । कर्णाली प्रदेशका राजा पुण्यमल्ल (वि. १३८८-९५) र पृथ्वीमल्ल (१३९५-१४१५)का समयमा मुसलमान पीडित दक्षिणतिरबाट आउने वर्णवादी बाहुन-क्षेत्रीहरूको संख्या बढ्दै गएपछि खसहरू पनि त्यसमा सामेल हुने प्रक्रिया बढ्यो र वर्ण व्यवस्थाको विस्तार हुँदैगयो ।


पन्ध्रौं-सोह्रौं शताब्दीमा कुमाउ गढवालातिरबाट बाहुन-क्षेत्रीहरूको अर्को ठूलो लहर पूर्वतिर ओइरिन थाल्यो । तिनीहरू कर्णालीको खस प्रदेश (सपादलक्ष्य) हुँदै, गण्डकी, बाग्मती प्रदेशसमेत छिचोल्दै पूर्वतिर लागे । त्यसै सन्दर्भमा गोर्खाका राजा रामशाह (वि. १६६२-९३)ले पुराना, नयाँ सबै बाहुन-क्षेत्रीहरूको अनुभव समेटेर वर्ण व्यवस्थाको नयाँ स्थिति बाँधेका हुन् । त्यसबेला पूर्वी अभियानमा गएका बाहुन-क्षेत्रीहरू किरात क्षेत्र, सिक्किम, दार्जिलिङ्ग, भुटान, आसाम, मणिपुर र बर्मासम्म वर्णवादको हावा थप्दै थप्दै गए ।



**लामो इतिहासका तथ्यहरूलाई बेवास्ता गरी इतिहासकै गलत हवाला दिएर वर्ण व्यवस्थाको चर्चा गर्दा वास्तविक तथ्य-सत्यको उद्‌घाटन हुँदैन**

वेद र उपनिषद्कालमा वर्ण व्यवस्था ज्यादै लचिलो थियो, कामको आधारमा वर्ण मानिन्थ्यो र एउटा काम छोडेर अर्को काम थालेपछि वर्ण (जात) पनि स्वतः फेरिन्थ्यो । त्यसबेला विवाहको क्षेत्र पनि फराकिलो थियो । पहिले युद्ध र हिंसा गर्ने विश्वामित्र र जनकजस्ता राजर्षिहरू पछि ज्ञानमार्गमा लागी ब्राम्हण, ब्रम्हर्षि मानिएका थिए । उर्वसी वेश्याका छोरा वशिष्ठ र पराशर र मफिनीबाट जन्मेका वेदव्यास विख्यात् ब्राम्हण ऋषि बनेका थिए । बाबु-आमाको ठेगान नभएकी सीताजस्ती सुन्दरीसँग विवाह गर्न ठूल्ठूला राजघरानाहरूमा होड चलेको थियो । उपनिषद्कालदेखि मसानघाटको काम गर्ने चण्डाल (डोम)हरू अछूत मानिनथाले । तर चण्डालका छोरीसित ब्राम्हण क्षेत्रीयहरूले विवाह गरेको कथा पनि पुराणमा छ । स्मृतिकाल (ई.पू. ६०० देखि ईसाको शुरूसम्म)बाट वर्ण व्यवस्था र छुवाछूत प्रथा जटिल बन्दैगयो । र, सामन्तवादी कालमा आएर त्यसले चरम रूप लियो । त्यसपछि वर्ण र जात कामको आधारमा होइन, जन्मको आधारमा पुस्तौंपुस्ता चल्नथाल्यो । समाजमा जति-जति नयाँ नयाँ पेशा-व्यवसायहरू थपिंदै गए, त्यसैअनुसार जातहरूको संख्या पनि बढ्दैगयो ।

नेपालमा वर्ण व्यवस्थाको प्रवेश र विकासबारे छलफल, अध्ययन, अनुसन्धान, प्रचार वा खण्डन गर्दा यसखाले सबै पक्षतिर ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । लामो इतिहासका यथार्थ तथ्यहरूलाई बेवास्ता गरी इतिहासकै गलत हवाला दिएर वर्ण व्यवस्थाको चर्चा गर्दा वास्तविक तथ्य-सत्यको उद्घाटन हुँदैन । फलस्वरूप जनताको बीचमा अनावश्यक आपसी द्वन्द्व र अविश्वास झन्झन् बढ्नसक्छ र हामी अर्कोखाले जातीय द्वन्द्वको शिकार बन्ने खतरा हुनजान्छ । त्यसको केही पूर्वसंकेत अहिले पनि देखिन थालेका छ । वर्ण व्यवस्थालाई व्यापक सुधारसहित उदार, लचिलो बनाई सबैको सम्मान गर्ने स्थिति नबनाएसम्म विदेशीहरूले धर्मको नाममा यहाँ घुसपैठ गर्ने स्थितिको अन्त्य हुन सक्दैन । ❑



समिर सिंह

# वैशेषिक दर्शनका विभिन्न अंगहरू

**परमाणुद्वारा नै जगत संचालित भैरहेको हो भने त्यो कसरी संभव छ त ? यो प्रश्नलाई समाधान गर्न नै वैशेषिक दर्शनका व्याख्याता कणाद ऋषि जगतका सबै वस्तुहरुलाई ६ पदार्थमा विभाजित गर्दछन् ।**

> वैशेषिक दर्शनमा उल्लेख गरिएका अन्य पदार्थहरूमध्ये 'सामान्य' चौथो पदार्थ हो, जसको अर्थ हुन्छ- एकभन्दा अधिक वस्तुहरूमा पाइने समान गुण, जुन गुणले कुनै वस्तुलाई अन्य चीजहरूबाट अलग्याउँछ

**भौतिक** जगतका विभिन्न रहस्यहरूको चिरफार गर्दै- वैशेषिक दर्शन, 'अन्तिम अविभाज्य कण' परमाणुसम्म पुग्दछ । र, परमाणुलाई नै केन्द्रविन्दु बनाउँदै दार्शनिक व्याख्यालाई अगाडि बढाउँछ । यसरी यो दर्शनले के स्वीकार गर्दछ भने जगतको अन्तिम कारण कुनै ईश्वर अथवा ब्रम्हा होइन, 'शाश्वत्' परमाणु नै हो ।

परमाणुद्वारा नै जगत संचालित भैरहेको हो भने त्यो कसरी संभव छ त ? यो प्रश्नलाई समाधान गर्न नै वैशेषिक दर्शनका व्याख्याता कणाद ऋषि जगतका सबै वस्तुहरूलाई ६ पदार्थमा विभाजित गर्दछन् । र, यी पदार्थहरूमध्ये पहिलो पदार्थ, द्रव्य नै जगतको अधार भएको उनले दावी गर्दछन् । पृथ्वी, जल, अग्नि, वायु आदि द्रव्यहरूमा अन्तरनिहित गुण र क्रियाहरूको आधारमा नै ती चीजहरूमा गति सम्भव हुने वैशेषिक दर्शनको मत छ ।

कणादका अनुसार यस्तो कुनै द्रव्य हुँदैन, जसमा कुनै गुण नहोस् । वैशेषिक सूत्रमा रूप, रस, गन्ध, स्पर्श, संख्या, परिमाणलगायत सत्रवटा गुणहरूको बारेमा उल्लेख गरिएको छ । कणादले परमाणुहरूलाई आ-आफ्ना विशेषताहरूको आधारमा चार प्रकारले विभाजित गरेका छन् :

१. ती परमाणु, जसबाट गन्ध उत्पन्न हुन्छ ।
२. ती परमाणु, जसबाट रस उत्पन्न हुन्छ ।
३. ती परमाणु, जसबाट रुप उत्पन्न हुन्छ र,
४. ती परमाणु, जसबाट स्पर्श उत्पन्न हुन्छ ।

यसरी परमाणुलाई चार प्रकारले विभाजित गरिएतापनि कुनै द्रव्यमा एउटामात्रै गुण हुनसक्ने तथा कुनै द्रव्यमा एकभन्दा बढी गुण पनि हुनसक्ने- सूत्रमा बताइएको छ । **रुपरसगन्धस्पर्शवती पृथ्वी । रुपस्पर्शवत्य आपो द्रवा: स्निग्धा: । तेजो रुपस्पर्शवत् स्पर्शवान् वायु: ।** अर्थात् पृथ्वीमा गन्ध, रस, रूप र स्पर्श हुन्छ, जलमा रस, रूप र स्पर्श हुन्छ, अग्निमा रूप र स्पर्श हुन्छ भने वायुमा केवल स्पर्श हुन्छ । यसप्रकारका गुणहरूका आधारमा द्रव्यहरू स्वतः क्रियाशील हुने अर्थात् त्यस प्रकारको क्रियाशीलताको लागि कुनै बाह्य शक्तिको आवश्यकता नपर्ने यो दर्शनको धारणा छ । यो भौतिकवादी अवधारणा हो ।

वैशेषिक दर्शनको पहिलो र दोस्रो पदार्थ क्रमशः द्रव्य र गुण हुन् भने तेस्रो पदार्थ कर्म हो । यो पदार्थ, कृ धातुबाट लिएको हो, जसको अर्थ हुन्छ 'गर्नु' । यहाँ कर्मलाई वैदिक सूत्रहरूमा उल्लेख गरिएजस्तै केवल मानव कर्मको रूपमा मात्रै नलिएर यसलाई सबै प्रकारका गतिहरूको रूपमा लिइएको छ ।

वैशेषिक सूत्रमा पाँच प्रकारका कर्म (गति)हरूको बारेमा उल्लेख गरिएको छ -

१. माथितिरको गति
२. तलतिरको गति
३. संकुचन
४. प्रसारण (फैलाव) र
५. प्रगति ।

यी सबै गतिहरू पदार्थमा अन्तरनिहित हुने सूत्रमा बताइएको छ । कर्मलाई परिभाषित गर्दै सूत्रमा भनिएको छ- 'कर्म त्यो हो, जुन कुनै पदार्थमा अन्तरनिहित हुन्छ तथा जुन संयोग र वियोगको स्पष्ट परिणाम हो ।' जस्तै : आधुनिक वैज्ञानिक तथ्यहरूको आधारमा हामीले निम्न प्रकारले बुझ्न सक्छौं- दुई भाग हाइड्रोजन र एक भाग अक्सिजनका बीचमा रासायनिक क्रिया भयो भने पानी बन्दछ । यहाँ पानी कर्म भयो, जुन हाइड्रोजन र अक्सिजनको संयोगको स्पष्ट परिणाम हो । र, यस प्रकारको कर्म, पदार्थभित्र अन्तरनिहित गुणका आधारमा मात्रै सम्भव भएको हो । वैशेषिक दर्शनमा के पनि उल्लेख गरिएको छ भने गुणजस्तै कर्मको पनि द्रव्यभन्दा स्वतन्त्र अस्तित्व हुँदैन । यसरी स्पष्ट हुन्छ कुनै पनि द्रव्य-गुणहरू कर्मसित अभिन्न रूपमा जोडिएको हुन्छ, जसको फलस्वरूप नै पदार्थ, निरन्तर परिवर्तन तथा विकासको दिशामा अग्रसर भैरहेको हुन्छ ।

वैशेषिक दर्शनमा उल्लेख गरिएका अन्य पदार्थहरूमध्ये 'सामान्य' चौथो पदार्थ हो, जसको अर्थ हुन्छ- एकभन्दा अधिक वस्तुहरूमा पाइने समान गुण, जुन गुणले कुनै वस्तुलाई अन्य चीजहरूबाट अलग्याउँछ, त्यो 'विशेष' हो, जुन वैशेषिक दर्शनको पाँचौं पदार्थ हो । यो कुरा हामी निम्न उदाहरणबाट स्पष्ट हुनसक्छौं- सबै मान्छेको मृत्यु हुन्छ, यहाँ 'मनुष्यको मृत्यु' सामान्य भयो । किनभने यो सबै मानिसहरूमा पाइने समान गुण हो । एउटा अर्को उदाहरण- रमेश कायर छ, विकास रिसाहा छ । यहाँ 'रिसाहा हुनु' 'कायर हुनु'ले कुनै पनि व्यक्तिलाई अन्य व्यक्तिबाट अलग्याउँछ । अतः यी गुणहरू विशेष भए । यसरी कणादको स्पष्ट मत छ कि सामान्य र विशेष एक अर्कासित अभिन्न रूपमा सम्बद्ध हुन्छन् तथा सामान्यबाट नै विशेषतर्फ अग्रसर भइन्छ । जस्तै : परमाणु सबैभन्दा सामान्य भयो । किनभने यो सबै वस्तुहरूमा अन्तरनिहित हन्छ । हामीले के देख्दछौं भने परमाणुहरूमा अन्तरनिहित गुणहरूका आधारमा भिन्दाभिन्दै वस्तुहरू पृथ्वी, जल आदि निर्माण हुँदैगइरहेका हुन्छन् । यसरी

निर्माण भएका वस्तुहरू 'विशेष' भए । फेरि पृथ्वी, जल आदि द्रव्यहरूले सामान्यको रूप लिन्छन् । त्यसबाट विशेष चीजहरू निर्माण हुँदै गइरहेका हुन्छन् । र, यसरी नै प्रक्रिया निरन्तर रूपमा अगाडि बढिरहेको हुन्छ, जसको फलस्वरूप नै परिवर्तन र विकास संभव हुँदै गइरहेको हुन्छ ।

वैशेषिक प्रणालीमा सामान्यलाई पदार्थको रूपमा स्वीकार गरिएतापनि बौद्ध, जैनलगायतका दर्शनकहरूले ती कुराहरूलाई अस्वीकार गर्दछन् । बौद्धहरूको के मत छ भने सामान्य, केवल कल्पनामात्रै हो । बौद्ध दर्शनअन्तर्गतको **सर्वदर्शन संग्रह** नामक पुस्तकमा के बताइएको छ भने कुनै वस्तुलाई बुझ्नको लागि वस्तुहरूबीचको भिन्नतामात्रै बुझ्नु पर्याप्त छ । जस्तैः हामीले एउटा मान्छेको बारेमा बुझ्नुपर्‍यो भने मनुष्यत्वको बारेमा कल्पना गर्नु आवश्यक छैन, बरू हामीले यति बुझे हुन्छ कि उसमा पशुत्व इत्यादि लक्षण छैन । यसरी भिन्नताको आधारमा जुनसुकै वस्तुको पनि निर्धारण गर्न सकिने बौद्धहरूको मान्यता छ । तर वैशेषिकले यो मान्यतालाई स्वीकार गर्दैन । विशिष्टता, सामान्यको एउटा अंगमात्रै भएको यो सूत्रको ठहर छ ।

छैठौं पदार्थ, समवायको बारेमा चर्चा गर्नुभन्दा पहिले हामीले के कुरा बुझौं भने आधुनिक वैज्ञानिकहरूले पनि गतिको अस्तित्वलाई स्वीकार गर्दछन्, तर उनीहरूको गतिको स्वरूप यान्त्रिक हुन्छ । उनीहरूले पदार्थको गतिलाई स्वीकार गरे पनि सर्वप्रथम कुनै ईश्वरीय शक्तिबाट गति प्रदान गरिने मान्यता राख्दछन् । कुनै पनि चीजलाई सही रूपमा ठम्याउने सन्दर्भमा यान्त्रिक भौतिकवादीहरूभन्दा पनि अझ एक हदअगाडि बढ्दै वैशेषिक सूत्रले के स्वीकार गर्दछ भने ईश्वर अथवा ब्रम्हाजस्तो कुनै बाह्य शक्तिबाट त्यस प्रकारको 'प्रथम गति' सम्भव छैन, यो जगतको अन्तिम कारण ब्रम्हा नभएर भौतिकतत्व, परमाणु नै हो । स्वयं परमाणुमा नै गतिशील हुने तथा एक-अर्कासित संयोग अथवा वियोग हुने प्रवृत्ति हुन्छ, जसको फलस्वरूप नै जगतको संरचना सम्भव भएको हो । र, यसको लागि कुनै बाह्य शक्तिको आवश्यता नै पर्दैन । यो मान्यतालाई पुष्टि गर्न वैशेषिक दर्शनले 'समवाय'को धारणा प्रस्तुत गर्दछ । वैशेषिक दर्शनको यो धारणा भौतिकवादी धारणा हो ।

यहाँ समवायको अर्थ- दुईवटा वस्तुहरूको सामान्य संयोग नभएर अन्तरनिहित सम्बन्ध हो । र, यो सम्बन्ध यस्तो वस्तुहरूको बीचमा हुन्छ, जो एक-अर्काबाट अलग हुँदैनन् । जस्तैः सुतीको धागोको गुच्छा, सामान्य संयोगमात्रै भयो, तर त्यो धागोलाई बुनेर कपडा तयार गरिंदा कपडा र धागोबीचको सम्बन्ध समवाय सम्बन्ध भयो । त्यस्तै, द्रव्य र गुणबीचको सम्बन्ध, गति र गतिशील वस्तुबीचको सम्बन्ध, कुनै वस्तु र त्यसका अंगहरूबीचको संम्बन्धलाई वैशेषिक दर्शनमा समवायको रूपमा लिइएको छ । यो कुरालाई आर गार्वेले पनि आफ्नो पुस्तक **इन्साक्लोपीडिया अफ रिलीजन एण्ड एथिक्समा** स्पष्ट पार्दै बताएका छन् । 'समवायमा जुन सम्बन्ध प्रकट, हुन्छ, उदाहरणको लागि सम्पूर्ण र त्यसका अंगहरू, वंश र जाति, विशिष्ट वस्तु र सामान्य जसमा त्यो सम्बन्धित हुन्छ, कुनै वस्तु र त्यसका गुणहरू, गति र गतिशील वस्तुहरूबीचको सम्बन्धमाथि आधारित हुन्छ ।' समवायका आधारमा नै परमाणुहरू एक अर्कासित सम्बद्ध हुने तथा दिक् र कालमा एक अर्कासित क्रियाप्रतिक्रिया गर्ने वैशेषिक प्रणालीको ठहर छ । त्यसप्रकारको क्रियाशीलता अर्थात् अन्तरनिहितताबाट नै कुनै चिज, एउटा रूपबाट अर्को रूपमा परिणत हुन प्रेरित गर्ने र विभिन्न प्रकारका भौतिक वस्तुहरू, जीवहरू आदिको निर्माण सम्भव हुने बताइएको छ । वैशेषिक दर्शनको यो धारणामा द्वन्द्ववादको अंश भेटिन्छ ।

वैशेषिक दर्शनमा उपयुक्त छ पदार्थहरूबाहेक 'आत्मा'को बारेमा पनि चर्चा गरिएको छ । तर यहाँ आत्मालाई वैदिक सूत्रहरूजस्तै तात्विक रूपमा नलिएर एउटा पदार्थको रूपमा स्वीकार गरिएको छ । यहाँ आत्मालाई तात्विक रूपमा नलिइएको भन्नुको अर्थ के हो भने यसको कुनै स्वतन्त्र अस्तित्व हुँदैन । र, यो पदार्थहरूको संयोगको परिणामस्वरूप नै अस्तित्वमा आउँछ । त्यस्तै, चेतना, ज्ञान, बुद्धि आदिको पनि स्वतन्त्र अस्तित्व (जस्तो कि आदर्शवादीहरूले त्यस्तो भएको दावी गर्दछन्) नभएर अन्तरनिहित गुणमात्रै भएको बताइएको छ । पदार्थहरूबीचको संयोग अथवा क्रिया-प्रतिक्रियाको फलस्वरूप नै उत्पन्न हुन्छ आत्मा ।

कणादले उपर्युक्त छ पदार्थहरूको बारेमा मात्रै चर्चा गरे । तर पछि वैशेषिक दर्शनका उदयन, श्रीधर, प्रशस्तपादहरूले सातौं पदार्थको रूपमा 'अभाव'लाई लिए । उनीहरूले जुन रूपमा भावको अस्तित्व हुन्छ, त्यही रूपमा अभावको पनि अस्तित्व हुने दावी गरे । तर यहाँ अभावलाई शून्य अथवा निरपेक्ष अभावको रूपमा नलिएर सापेक्ष अभावको रूपमा लिइएको छ, जुन कुरालाई द्वन्द्ववादले पनि स्वीकार गर्दछ । किनभने द्वन्द्ववादको प्रसिद्ध मान्यता के हो भने 'कुनै चिज छ पनि छैन पनि' 'मेरो अस्तित्व छ पनि छैन पनि' किनभने मेरो अस्तित्व भएको मेरा रूप, आकार, तौल आदिले निर्धारण गर्दछ, जबकि मेरो अस्तित्व नभएको, प्रत्येक क्षण पुराना तत्वहरू नष्ट भैरहेको प्रत्येक क्षणमा मभित्र भैरहेको परिवर्तनले निर्धारण गर्दछ । यसरी एकातिर म भाव भए जबकि त्यही समयमा मभित्र अभाव पनि अन्तरनिहित रहिरहेको हुन्छ । र, यसरी भाव र अभावबीचको संघर्षको फलस्वरूप मेरो परिवर्तन हुँदै गइरहेको हुन्छ ।

हामीले यहाँ विशेष गरेर कणादको वैशेषिक दर्शनको बारेमा नै चर्चा गर्‍यौं, जसमा भौतिकवादी चिन्तन भेटिन्छ । तर पछि उदयमन, श्रीधर, प्रशस्तपाद लगायतका दार्शनिकहरूले वैशेषिक दर्शनको व्याख्यालाई अगाडि बढाए । तर उनीहरूले दार्शनिक व्याख्यालाई भौतिकवादी प्रकारले होइन, आदर्शवादी प्रकारले व्याख्या गरे । भौतिक जगतको स्रष्टा ईश्वर नै भएको दावी गर्दै उनीहरूले आफ्नो व्याख्यालाई अगाडि बढाए । उनीहरूको धारणा के थियो भने एउटा यस्तो सर्वशक्तिमान सत्ता अवश्य हुनुपर्दछ, जसले जगतको उत्पत्तिको प्रक्रिया शुरू गरेको होस् । उदयनले आफ्नो पुस्तक **कुसुमांजलिमा** ईश्वरको पक्षमा तर्क दिंदै के बताए भने जगत एउटा कार्य हो । यदि त्यसो हो भने यसप्रकारको कार्यको लागि एउटा निमित्त कारण अवश्य हुनुपर्दछ । र, त्यो ईश्वर नै हुन सक्दछ । उनले ईश्वरलाई एउटा यस्तो व्यवस्थापकको रूपमा लिएका छन्, जसले योग्यता अनुसारको न्याय गर्दछ । ❑

**स्वयं परमाणुमा नै गतिशील हुने तथा एक-अर्कासित संयोग अथवा वियोग हुने प्रवृत्ति हुन्छह्य जसको फलस्वरूप नै जगतको संरचना सम्भव भएको हो । र, यसको लागि कुनै बाह्य शक्तिको आवश्यता नै पर्दैन । यो मान्यतालाई पुष्टि गर्न वैशेषिक दर्शनले 'समवाय'को धारणा प्रस्तुत गर्दछ । वैशेषिक दर्शनको यो धारणा भौतिकवादी धारणा हो ।**



गोत्र समुदायका मानिस



# पुख्र्यौली संस्कृतिको नमूना

# गोत्र र गणचिन्ह

(२)

- डी. आर. पोखरेल -


अब केही चर्चा गणचिन्हको पनि गरौं । आदिमकालमा गणाचिन्हको सोच गोत्र-व्यवस्था जस्तै सामाजिक आवश्यकताको उपज थियो । यो धार्मिक-अनुष्ठानको मात्र सोच थिएन, यो सामाजिक व्यवस्थाको रूपमा प्रकट भएको थियो । यसबाट पनि रक्त सम्बन्धमा आधारित आदिम मानव समुदायको एकता कसिएको थियो । वैवाहिक सम्बन्ध निर्धारण, कुल वा वंश परिचय, सन्तान वृद्धि, सामुदायिक सम्पत्तिको संरक्षण, जमिनमाथिको सामुदायिक स्वामित्व आदि इत्यादि सामाजिक व्यवस्था स्थापना भएको थियो ।

गणचिन्ह, चिन्ह भएको कुलको नाम हो । कुललाई के द्वारा पहिचान गर्ने ? यो प्रश्नको बिटो मार्ने सिलसिलामा गणचिन्ह प्रार्दुभाव भएको थियो । आ-आफ्ना कुललाई चिनाउन पूर्वजहरूको सम्झनामा र आदि पूर्वज खुट्याउने प्रसङ्गमा यो जन्मिएको थियो । यसैगरी यो प्रतीकात्मक पनि थियो । किनभने सामुदयिक जीवनका यावत अनुभवहरू, समस्याहरू कतिपय रहस्यपूर्ण पनि लाग्दथे । आफ्ना अग्रजहरू वा पुर्खाहरू मरेर कहिल्यै घर नफर्किएको देखेपछि र आफ्ना बाबु-बाजेका स्वभाव वा चरित्रहरू बनैया जीवजन्तुहरूसित मिलेको जस्तो लागेपछि वा समुदायमा ल्याइएका शिकार गरिएका वा लखेटिएका जङ्गली जनावरहरू मध्ये कुनैबाट प्रभावित भएर वा कुनै फापसिद्ध भएर वा कुनै कार्य गर्दा कुनै संयोगले कुनै जनावर वा वनस्पति, गजबको लक्षणयुक्त लाग्न गएकाले त्यसलाई आफ्नो पुर्खाको आदिविन्दु मानी त्यसैलाई आफ्नो टाउकोमा वा काँधमा त्यसको प्रतीक मूर्ति बनाई हिड्ने चलन आमरूपमा चलेको थियो भन्ने उल्लेख पाइन्छ ।[५] प्रत्येकले आफ्नो टाउकामा आफ्नो गोत्रको प्रतीक चिन्ह अनिवार्य लगाउँथे । यति मात्र नभई त्यतिखेरका अग्रणी नेताहरूको मृत्युपश्चात् तिनका स्मारकहरू बन्दथे र स्मारकहरूमा तिनका गणचिन्हरू तिनले प्रयोग गरेका औंजारहरू, तिनका विशिष्ठ योगदानहरूलाई झल्काउने प्रतीकात्मक वस्तुहरू, स्मारकहरूमा अङ्कित गरिन्थ्यो । यसरी यो गणचिन्ह खुला पुस्तक जस्तो थियो । त्यसमा भोजपत्रहरू पनि प्रयोग गर्दथे । यो पनि खुला पुस्तकको पाना जस्तो थियो ।[६]

आदिम कविलाहरूमा गणचिन्ह अति लोकप्रिय थियो । यो लोकप्रिय हुनुमा यसको रहस्यवादिता वा इन्द्रजालीय (जादुमयता) पना थियो । यस टोटेमवादको वास्तविक वा मौलिक विशेषता भनेकै- पूर्वजका कुलको जन्म, कुनै प्राकृतिक घटना वा पशु-पंक्षी र वनस्पतिसित सम्बन्धित थियो भन्नेसित सम्बन्धित छ । यसैलाई उनीहरू गणाचिन्ह भन्दथे । यो चिन्ह प्रष्ट देखिने गरी लगाएर पनि हिंड्दथे । त्यतिखेर हरेक व्यक्ति कुनै न कुनै गणचिन्ह लगाएरै हिंड्दथ्यो । यस्तो पशु-पंक्षी-वनस्पति वा प्राकृतिक कुराहरूसित सम्बन्धित रहेको यिनको धारणा हेर्दा यसलाई तिनको जङ्गली वा शिकारी युगको सम्झना भन्नु पर्ने हुन्छ । टोटेमवादका आधार वस्तुहरूले यिनै कुरालाई जाहेर गरेका छन् ।[७]


गणचिन्ह, गोत्र, सर्वात्मवाद, जादु-टुनामुना र वजर्ना (Taboo) सबै एक अर्कोसित जोडिएका छन् । गणचिन्ह र गोत्रबारे हामीले थेरथोर चर्चा गरिसकेका छौं । जहाँसम्म सर्वात्मवादको कुरो छ- यो आदिम मानवको आमाधर्म हो । उनीहरू जसरी गोत्र र गणचिन्हको सोचमा प्राकृतिक वस्तुहरूमा (वन-जङ्गल, पहाड, नदी, पशु-पंक्षी आदिमा) आफ्ना पुख्र्यौली जोड्दथे, जसरी ती वस्तुहरूमा आफ्नो पुर्खाको नाता-सम्बन्ध वा रक्त सम्बन्ध जोडिएको ठान्दथे, त्यसरी नै उनीहरू निर्जीव वस्तुमा समेत आत्मा रहेको ठान्दथे । तिनलाई समेत आफ्नो रक्त सम्बन्धका ठान्दथे । यही नै सर्वात्मवादी (Animistic) सोच हो । यस्तै गरी आदिम मानव समूहले वस्तुगत जगतका नियमहरू (वर्षात् हुनु, नदी बग्नु, चट्याङ पर्नु, भूकम्प जानु, दिनरात हुनु, जाडोगर्मी हुनु, चन्द्रकलाहरू देखिनु, ज्वारभाटा उठ्नु, ज्वालामुखी फुट्नु) आदिलाई प्रकृति रिसाएको ठान्न पुगेका थिए । त्यसलाई उनीहरूले दैवीकरण, मानवीयकरण र पवित्रिकरण गरेर मिथकको रूपमा ग्रहण गर्न थाले ।[८] यही मिथकीय व्यवहारमा जब समुदायको नायकले यी मिथकीय घटना एवं वस्तुहरू र समुदाय बीचको सम्बन्ध निरूपण गर्न खोजे- जादु वा टुनामुना जन्मियो । यो त्यतिखेरको वस्तुगत सोचाइ थियो । अर्थात् वस्तुको यथाभूत चरित्रलाई नबुझी त्यसलाई बसमा पार्ने मानवीय

त्यतिखेरका अग्रणी नेताहरुको मृत्युपश्चात् तिनका स्मारकहरु बन्दथे र स्मारकहरुमा तिनका गणचिन्हरु तिनले प्रयोग गरेका औजारहरु, तिनका विशिष्ठ योगदानहरुलाई झल्काउने प्रतीकात्मक वस्तुहरु, स्मारकहरुमा अङ्कित गरिन्थ्यो ।



गोत्र समुदायको मानिस

प्रयत्न । यो त्यतिखेरको विज्ञान थियो । आदिम विज्ञान ।[४] त्यस्तैगरी वर्जना (Taboo) पनि यी मध्येकै एक थियो । यसलाई विधि निषेध पनि भनिन्छ । अर्थात् समाजका स्वतः प्रकट भएका अलिखित विधान वा विधि । त्यसकारण Taboo लाई विधिनिषेध पनि भनिन्छ । यसको केही अवशेष आज पनि पाइन्छ । जस्तो – आमा मर्दा दूध खानु हुँदैन, बाबु मर्दा दही खानु हुँदैन । औंसीमा हलो जोत्नु हुँदैन । बिरालोले बाटो काटे अपशकुन हुन्छ, त्यो बाटो त्यस समय पार गर्नु हुँदैन । यस्तैगरी यस्तो भए यस्तो गर्नु हुँदैन भनेर आम नियम बनेको पाइन्छ । यो नियम उल्लङ्घन गर्दा कसैलाई केही हानी त हुन्न । तर स्वयम् उल्लङ्घन-कर्ताको मन भने पश्चतापले भरिन्छ । यो पङ्क्तिको लेखकले काठमाडौंमा आएर पहिलो चोटी मःमः खाएको दिन ठूलो पश्चताप अनुभव भएको थियो । नखानु भनिएको भैंसीको मासु राखेको मःमः खाएर ठूलो पाप गरें, अपवित्र काम गरें भन्ने लागेको थियो । यसरी स्वयम्लाई पश्चताप, ग्लानी वा अपवित्रताको बोध, पापबोध भएको थियो । ३/४ चोटी त तातो पानीले मुख पनि खकालेको थिएँ । बाहुनले भैंसीको मासु खानु हुँदैन भन्ने वर्जनाको उल्लङ्घन गर्दा यस्तो अनुभव भएको थियो । पहिलोचोटी सुँगुरको मासु खाने जनैधारी बाहुनको छोरालाई भोमिट (बान्ता) समेत पनि हुनसक्छ, पापबोधका कारणले, अपवित्रताको भावनाले । किनभने सुँगुर त बाहुनले छुनै हुँदैन । छोएमा जात नै जान्छ भन्ने ठानिन्छ । पहिले कुनै दिग्गज ब्राह्मणलाई दण्ड दिनुपरेमा सुँगुरका पाठा उसको घाँटीमा झुण्ड्याउने गरिन्थ्यो भन्ने उल्लेख पनि पाइन्छ । वास्तवमा सूँगुर, नेपालका वा प्राचीन कविलाहरूमध्येका कसैका गणदेवता वा गणचिह्न हुनु धेरै संभव छ । आर्यहरू हिन्दकुश पर्वत नाघेर काँगडा उपत्यकामा आइपुग्दा त्यस 'किरभूमि' का किरातहरूसँग भयङ्कर युद्ध भएको र त्यस क्षेत्रलाई ईशाको एघारौं शताब्दीसम्म किरग्राम (सुँगुरभूमि) भनिथ्यो भन्ने पाइन्छ । हुन पनि हो अझै पनि किरातहरू आर्यका



*गोत्र समुदायले लट्ठी, सिङ र हड्डीले बनाएको गुफा*

**यो पङ्क्तिको लेखकले काठमाडौंमा आएर पहिलो चोटी मःमः खाएको दिन ठूलो पश्चताप अनुभव भएको थियो ।**


गणचिह्न – बोको वा बाख्रा छुँदैनन् र बाहुन-क्षेत्रीले सुँगुर छुँदैनन् । यी दुवै गणचिन्हहरू परस्परमा Taboo पनि भएका छन् । एउटा जातिको गणचिह्न अर्को वंश वा जातिका लागि Taboo को वस्तु ठहरिएको देखिन्छ । यसरी Taboo / Totem जोडिएका छन् । अनि Totem चाहिँ सर्वात्मवादी सोच (Animistic thinking) को मूलाधार भएको छ । यी सबै आदिम मानवका चिन्तन एवं संस्कृतिका नमूनाहरू हुन् ।

यी सबै चर्चाहरूबाट के निस्पत्ति निस्कन्छ भने गोत्र-व्यवस्था मातृसत्तात्मक र पितृसत्तात्मक दुवै प्रकारका थिए । मातृसत्तात्मक गोत्र प्रणाली सामुदायिक प्रणाली थियो । परिवार, निजी सम्पत्ति र राज्यको उदय त्यतिखेर भएको थिएन र राज्यसत्ता नभएकाले शासक र शाषित पनि थिएनन् र तेरो मेरो र अर्घेलो पनि थिएन । तर आज त तेरो मेरो कै राज छ । राज्य, वर्गीय राज्य बनीसकेको छ र निजी सम्पत्ति र यसको मानसिकताले गर्दा मानिस नितान्त व्यक्तिवादी, निराश एवं हतास बन्दै गएको छ । अहिलेको वंशको खोजी भनेको यही हतास मनस्थिति छोप्ने र यही निजीत्वमा रमाउने उपक्रम मात्र हो । यसले जातीय, वंशीय र गोत्रीय विद्वेष बढाउन सिवाय अरू कुनै राष्ट्रिय भावनाको विकास गर्न सक्तैन ।

त्यसकारण हिजो गोत्र-व्यवस्थाको भव्ययुग आयो अनि गयो । अहिले त्यसलाई पन्छाएर हुँदैन । हिजो गोत्र, गणचिन्ह, सर्वात्मवाद, ट्याबु, जादुटुना सबै समाज विकासको ऐतिहासिक आवश्यकताका रूपमा प्रकट भएका कुराहरू हुन् । हिजो तिनै धारणाहरू, सोचहरू र व्यवहारहरूको आधारमा मात्र समाज अघि बढ्न सक्तथ्यो । हिजो तिनै प्राकृतिक, जङ्गली वा आदिम भौतिकवादी सोच पद्धतिले नै समाज चल्न सक्दथ्यो । तर आज हिजोको परिस्थिति छैन । आजको समाज गतिशील हुन आजकै परिस्थितिलाई सुहाउने चिन्तन वा व्यवस्थाको जरूरी हुन्छ । किनभने आज के कसरी हुन्छ भन्ने कुरा आजै निर्धारण गर्ने कुरा हो । पृथ्वीनारायण शाहले बाईसी चौबीसी र सेनराज्यहरूमा विभाजित भएको नेपाललाई एउटै सूत्रमा उन्नका निम्ति आफ्नो गोत्र (भारद्वाज) नै परिवर्तन गर्नु परेको थियो । काशी गएर 'भारद्वाज' गोत्र छोडेर 'कश्यप' गोत्र धारण गर्नु परेको थियो । यो त्यस बेलाको आवश्यकता थियो किनभने गोत्रहत्याको दोष पृथ्वीनारायणमाथि लाग्न सक्थ्यो । नेपाल एकीकरणको काम फत्ते नहुन सक्तथ्यो, त्यसो भएकाले पृथ्वीनारायण शाहले गोत्र नै परिवर्तन गर्नु भयो ।

त्यसकारण गोत्र, वंश वा पूर्खाहरूको पहिचान गर्ने नाममा हामीले युगका पदचापहरू, युगका मागहरूलाई भुल्न मिल्दैन । आज त हामीले ऐतिहासिक द्वन्द्वात्मक चिन्तन प्रणालीको आधारमा मात्र समाजका यावत घटना र वस्तुहरूलाई ठीक ढङ्गले व्याख्या विश्लेषण गर्न सक्तछौं । हिजोका ती नमूना संस्कृतिहरू त हाम्रा सांस्कृतिक सम्पदा मात्र हुन् । तिनले केही कुरा मात्र ईशारा गर्न सक्तछन्, तर आजको मानव जीवनलाई तिनले दिशानिर्देश भने गर्न सक्तैनन् ।

❑ **समाप्त**



*मानव प्रयोगका प्राचीन हतियारहरु*

**गोत्र, वंश वा पूर्खाहरूको पहिचान गर्ने नाममा हामीले युगका पदचापहरू, युगका मागहरूलाई भुल्न मिल्दैन**

सन्दर्भ सामाग्री


५. *म.इल्दिन र ए.सेगाल अनु-कृष्णप्रकाश श्रेष्ठ, मान्छेको पराक्रम, मास्को : रादुगा प्रकाशन, १९९०, पृ. १८५ ।*

६. *म. इल्दिन र ए.सेगाल उही – पृ. १८७ ।*

७. *के.दामोदरण – पूर्ववत् – पृ.–२६ ।*

८. *डी आर. पोखरेल 'मिथक हाम्रो सांस्कृतिक चिन्तनको स्रोत' मूल्यांकन (अंक-११३, वर्ष- २२, २०६०), पृ-३० ।*

९. *Shibdas Ghosh, Marxism and Development of human Society, Calcutta, SUCI.– C.C., 1992, Page.–16.*

# विगत ६ महिनामा नेपालको अर्थतन्त्रको स्थिति



दीपेन्द्रबहादुर क्षेत्री

**अमेरिकी डलरको तुलनामा नेपाली रूपैयाँ ४.७ प्रतिशतले अधिमूल्याङ्कित भएको छ**

**चालु** आर्थिक वर्षको पहिलो ६ महिनामा देशको व्यापार, राजश्व उठती र वैदेशिक विनियम संचितिअनुकूल अवस्थामा रह्यो । अन्तर्राष्ट्रिय व्यापारमा निर्याततर्फ ऊनी गलैंचा र चाँदीका गर-गहनाबाहेक अन्य वस्तुहरूको निर्यात निराशाजनक ढंगले घटेको छ । राजश्वतर्फ पनि पारिश्रमिक करजस्ता प्रत्यक्ष करको उठती राम्रो भए पनि अप्रत्यक्ष कर, मूल्य अभिवृद्धि करलगायत अन्य शुल्क आदिको उठ्ती उत्साहबर्द्धक रहेनन् । वैदेशिक विनिमयमा त परिवर्त्य मुद्रा (डलर, पौण्ड आदि)मा वृद्धि भए तापनि अपरिवर्त्य (भारतीय रूपियाँ) मुद्राको संचिती घट्ने क्रममा तीव्रता आएको छ ।

प्रतिकूल स्थितिमा देखिएका आर्थिक परिसूचकहरूमा मूल्यवृद्धि, पूंजी बजारको सूचकांक परेका छन् । मूल्य वृद्धितर्फ उपभोक्ता मूल्य अघिल्लो वर्षको पौष महिनाको तुलनामा यस वर्षको सोही महिनामा ५१.५ प्रतिशतले बढेको छ । थोक मूल्य पनि ७७७.८ प्रतिशतले आकासिएको छ । परिवर्त्य मुद्रा देशमा भित्रिने श्रोतमध्ये निर्यातबाट भएको आम्दानी, विदेशी ऋण, अनुदान र विप्रेषण (रेमिट्यान्स) पर्दछन् । यस अवधिमा वैदेशिक अनुदान रू. २०६.८ करोड भित्रिएको छ भने विदेशी ऋण रू. ६६८.६ करोड देशले उपभोग गरिसकेको छ । विदेशी मुद्रा भित्रिएपछि त्यति नै बराबर (विनिमय दरका आधारमा)को नेपाली रूपैयाँ अर्थ व्यवस्थामा थपिन्छ । त्यो रकम व्यापारीको निर्यात आर्जन, विकास परियोजनाअन्तर्गत निर्माण सामाग्री खरीद, ज्याला, मजदूरीका रूपमा सर्वसाधारणको हातमा पुग्दछ । हातमुख जोर्ने समस्या भएका वर्गले आम्दानी जति सबै खाद्यान्न, लत्ताकपडा, उपभोग्य वस्तुमा खर्च गर्दछन् । त्यसको परिणाम मूल्य वृद्धिमा बज्रन्छ ।

उक्त कारणले विस्तृत मुद्रा चलन-चल्तिमा रहेको रूपैयाँ, चल्ति, बचत वा मुद्धतिमा रहेको रकम समीक्षा अवधिमा ११.२ प्रतिशतले बढेर रू. २ खर्ब ५८ अर्ब पुगेको छ । परिवर्त्य मुद्राको संचिती ३०.५ प्रतिशतले बढ्यो, तर भारतीय मुद्राको संचिती ५१.१ प्रतिशतले घट्न पुगेको छ । भारतसँगको खुद व्यापार घाटा रू. २२ अर्ब २० करोड पुग्न जाँदा भुक्तानी हुने भारूको संचिती घटेको हो ।

सरकारले केन्द्रीय बैंकसँग लिएको कर्जा स्वात्तै घटेको छ । समीक्षा अवधिमा रू. ४ अर्ब ९४ करोड बचत भएको छ । जब कि गत वर्ष यसै अवधिमा २९ करोड कर्जा लिइएको थियो । विकास खर्च ७.३ प्रतिशतले बढेर रू. ४ अर्ब ८४ करोड पुगेको छ । अमेरिकी डलरको तुलनामा नेपाली रूपैयाँ ४.७ प्रतिशतले अधिमूल्याङ्कित भएको छ । यो डलर अन्तर्राष्ट्रिय मुद्रा बजारमा कमजोर हुन गएकोले हो, हाम्रो रूपैयाँ बलियो भएर होइन । ❑

## नेपालको विगत ६ महिनाको आर्थिक परिसूचक

*(रू. करोडमा)*

| विवरण | २०५९ पौष | २०६० आषाढ | २०६० पौष | एक वर्षको अन्तर प्रतिशत |
|---|---|---|---|---|
| विस्तृत मुद्रा (क) | २३१६३ | २४५९१ | २५७६८ | ११.२ |
| मुद्राप्रदाय (ख) | ७७२५ | ८३७५ | ८२७६ | ७.१ |
| बैंकिङ क्षेत्रको | | | | |
| विनिमय संचिती | १०६९८ | ११०३९ | १२२२४ | १४.३ |
| परिवर्त्य मुद्रा | ८५६६ | ९९१७ | १११८२ | ३०.५ |
| भारतीय मुद्रा | २१३२ | ११२२ | १०४३ | -५१.१ |
| विनिमय दर (डलरमा) | ७८.२६ | ७७.६६ | ७४.३० | ४.७ |
| **मुद्रास्फिति (प्रतिशत)** | | | | |
| उपभोक्ता मूल्य | ३.३ | ५.२ | ५.० | ५१.५ |
| थोक मूल्य | -०.९ | ३.८ | ७.० | ७७७.८ |
| **सरकारी खर्च** | | | | |
| सरकारी खर्च | ३०४० | ७२२० | ३१९७ | ५.२ |
| विकास खर्च | ४५१ | १६५३ | ४८४ | ७.३ |
| साधारण खर्च | २४५९ | ५४३० | २५५५ | ३.९ |
| अन्य खर्च | १३० | १३७ | १५८ | २१.५ |
| अधिविकर्ष (ओभरड्राफ्ट) | २९ | -१३३ | -४९४ | १७०३.४ |
| राजश्व उठती | २३४३ | ५६३३ | ३६६० | १३.५ |
| **ब्यापार** | | | | |
| निर्यात | २३५२ | ४९२५ | २५५४ | ८.६ |
| आयात | ५७९० | १३५५५ | ६४८२ | १२.० |
| कुल व्यापार | ८१४२ | १७४८० | ९०३६ | ११.० |
| भारत | ४६५५ | ८३०३ | ५१६३ | १०.९ |
| अन्य मुलुक | क३४८७ | ९१७७ | ३८७३ | ११.१ |
| शोधनान्तर स्थिति | १३३ | ५२० | अप्राप्त | - |
| चालु खाता | -६७७ | ९४३ | अप्राप्त | - |
| नेप्से परिसूचक | २००.८ | २०४.८६ | २०२.० | ०.६ |

(क) मुद्रा प्रदाय र मुद्धति खाताको रकम । (ख) चलनचल्तिमा रहेका सिक्का र चल्ति खाताको रकम ।

*श्रोत : नेपाल राष्ट्र बैंक ।*



दक्षिण अफ्रिकामा सपन्न संविधानसभाको चुनावमा मतदान गर्न लाइन बस्दै मतदाताहरु

# दक्षिण अफ्रिकामा संविधानसभाको अनुभव

## विशेष अन्तर्वार्ता : दक्षिण अफ्रिकी द्वन्दविज्ञ निकोलस हेसम 'फिन्क'सित

**द्वन्द्व समाधानको अनुभव के छ भने वार्ताको प्रक्रिया र उपजमा स्वामित्व हुनेगरी द्वन्द्वरत सबै पक्षहरू वा दलहरू वार्ताको टेबलुमा सहभागी भएनन् भने वार्ताको प्रतिफललाई टेबुलमा अनुपस्थित हुनेले अस्वीकार गर्ने गर्दछ । यसप्रकार वार्ताको प्रतिफल नै नष्ट हुनपुग्छ ।**

**प्रोफेसर** निकोलस हेसम 'फिन्क' दक्षिण अफ्रिकाको नयाँ संविधान निर्माण प्रक्रियामा शुरूदेखि अन्तसम्म संलग्न अन्तर्राष्ट्रिय स्तरको द्वन्द्वविज्ञका रूपमा चिनिनु हुन्छ । पेशाले उहाँ अहिले विट्स विश्वविद्यालयमा कानून विषयको भिजिटिङ प्रोफेसर हुनुहुन्छ । दक्षिण अफ्रिकामा अन्तरीम संविधान निर्माण गर्दा र संविधानसभाबाट नयाँ संविधान बनाउँदा भएका सम्मेलनहरू (CODESA) मा, तमाम बहुदलीय वार्ताहरूमा र संविधानसभामा प्राविधिक विज्ञ, कानूनी सल्लाहकार र वार्ताकारका हैसियतले उहाँ घनिष्ठ रूपले संलग्न हुनुहुन्थ्यो । उहाँ राष्ट्रपति नेल्सन मण्डेलाको शासनकालभरि उहाँको प्रमुख कानूनी सल्लाहकारसमेत हुनुहुन्थ्यो । राष्ट्रपति मण्डेलाको अवकाशपछि थुप्रै मुलुकहरूको द्वन्द्व समाधान, संविधान निर्माण, लोकतान्त्रिक सुधारहरू, संवैधानिक तथा निर्वाचनसम्बन्धी सुधारहरूमा उहाँ संलग्न हुनुहुन्छ । जस्तो कि, श्रीलंकामा, बुरूण्डीमा, सुडानमा, इण्डोनेशियामा, पूर्वी टिमोरमा, सोमालियामा, कोलम्बिया, कंगो र लेवनानमा । दक्षिण अफ्रिकामा उहाँ अहिले पनि संसदका सभामुखको सल्लाहकार हुनुहुन्छ ।

प्रोफेसर हेसम फागुनको दोश्रो हप्तामा नेपाल आउनुभएको थियो, नेपालको द्वन्द्वसम्बन्धी एउटा सेमिनारमा भाग लिन । पोहोरसाल स्वीट्जरल्याण्डको मोन्टेजिल्लोनमा भएको एकहप्ते सेमिनारमा पनि दक्षिण अफ्रिकाको द्वन्द्व समाधान बारेमा एउटा महत्वपूर्ण व्याख्यान दिन उहाँ उपस्थित हुनुहुन्थ्यो । त्यही परिचयलाई प्रयोग गर्दै उहाँ नेपाल आउनुभएको बखत पारेरे यो अन्तर्वार्ता लिइएको हो ।

नेपालमा संविधानसभा कसरी हुन्छ, त्यसले संविधान कसरी बनाउँछ, सार्वभौम जनताले संविधान निर्माण प्रक्रियामा कसरी भाग लिन्छन् भन्ने जस्ता प्रश्नहरू सर्वत्र उठिरहेको समयमा यो अन्तर्वार्ताले ती जिज्ञाषा शान्त गर्न केही मदत अवश्य गर्नेछ भन्ने उद्देश्यले यो अन्तर्वार्ता प्रस्तुत गरिएको छ ।

*– प्रधान सम्पादक*

**मूल्यांकन**- *तपाईं दक्षिण अफ्रिकाको द्वन्द्व समाधानमा आफैं संलग्न हुनुहुन्थ्यो । यस नाताले तपाईंसित दक्षिण अफ्रिकाको द्वन्द्व-समाधानसम्बन्धी प्रत्यक्ष अनुभव पनि छ, ज्ञान पनि । वास्तवमा दक्षिण अफ्रिकामा कसरी त्यति सफलतापूर्वक द्वन्द्व समाधान हुनसक्यो ?*

**हेसम** - दक्षिण अफ्रिकाको शान्ति प्रक्रिया त्यति सफल हुनुमा केही कारक तत्वहरू छन् । दक्षिण अफ्रिकामा शान्ति प्रक्रिया त सन् १९९० मै शुरू भएको हो, तर हिंसा भने १९९३ पुगेपछि मात्र साँच्चै नै शिथिल हुनथाल्यो । किनकि सन् १९९३ मा मात्र द्वन्द्वरत पक्षहरूबीच शान्ति प्रक्रियाको रोडम्यापमा सहमति हुनसक्यो । नत्र यसअघिसम्म खालि सरकार र अफ्रिकी राष्ट्रिय कांग्रेस (ए.एन.सी.)बीच मात्र होइन, इन्काथा फ्रिडम पार्टी र अरूहरूबीच पनि लगातार द्वन्द्व जारी थियो । नेपालमा जस्तै दक्षिण अफ्रिकामा पनि विवादको प्रमुख मुद्दा नयाँ संविधान निर्माण र संविधानसभा नै थियो ।

दक्षिण अफ्रिकामा के समस्या थियो भने अल्पसंख्यकहरू-सत्तारूढ नेशनल पार्टी र इन्काथा फ्रिडम पार्टीसमेत संविधानसभा चाहँदैनथे । यी दुवै लोकतान्त्रिक प्रक्रियाको विरूद्ध थिए । किनभने तिनीहरू संविधानसभा हुँदा असुरक्षा महशूस गर्थे । बहुमतको प्रक्रियामा जाने हो भने अल्पमतको अधिकारको सम्मान हुँदैन कि भन्ने उनीहरूलाई भय थियो । अफ्रिकी राष्ट्रिय कांग्रेस (अराकां)को माग भने संविधानसभाकै थियो । त्यसले लोकतान्त्रिक प्रक्रियाबाटै संविधान बन्नुपर्छ

भन्ने कुरा उठाइरहेको थियो । बहुमतको रायको कदर भएन भने दिगो समाधान संभव छैन भन्ने उसको धारणा थियो । किनभने द. अफ्रिकामा काला बहुसंख्यकमाथि सेता अल्पसंख्यकहरूको शासन थियो । त्यहाँ बहुसंख्यकहरूलाई अधिकारविहीन र स्रोत-साधनविहीन पारिएको थियो ।

यही हुनाले सन् १९९३ मा सहमतिको प्रक्रिया सम्बन्धमा एउटा सम्झौता गरियो । यो दुई चरणको प्रक्रियासम्बन्धी सहमति थियो ।

पहिलो चरणको प्रक्रियाअन्तर्गत बहुदलीय सम्मेलन गरियो । यो बहुदलीय सम्मेलनमा ठूला-साना सबै पार्टीहरूलाई भावी लोकतन्त्रको ढाँचा सम्बन्धमा आफ्ना कुराहरू राख्न समान हक स्थापित गरियो । ठूला पार्टीहरूले सानालाई पेल्छन् र सानाको सुनवाई नै हुँदैन भन्ने डरलाई मेट्न सम्मेलनमा सबैको समान सुनवाइको व्यवस्था गरिएको थियो । बहुदलीय सम्मेलनले नयाँ बन्ने संविधानका सिद्धान्तहरूबारेमा सहमति कायम गर्‍यो । यी सिद्धान्तहरू संविधानका आधारभूत सिद्धान्तहरू थिए, जसको आधारमा आगामी नयाँ संविधान बन्नेवाला थियो । बहुदलीय सम्मेलनले अन्तरिम संविधानको मस्यौदा पनि तयार पार्‍यो, जुन संविधानका आधारमा संविधासभाबाट नयाँ संविधान नबनेसम्म देशको शासन संचालन हुने भयो । बहुदलीय सम्मेलनले यसको साथसाथ लोकतान्त्रिक निर्वाचनको लागि आवश्यक पर्ने कानून पनि तर्जुमा गर्‍यो । यी कानूनहरूमा स्वतन्त्र निर्वाचन आयोगसम्बन्धी कानून, एउटा स्वतन्त्र ब्रोडकास्टिङ्ग प्राधिकरणसम्बन्धी कानून र सरकारलाई पहिलो चुनावसम्म पर्यवेक्षण गर्न एउटा संयन्त्र स्थापना गर्नेसम्बन्धी कानूनी व्यवस्था मुख्य रूपमा छन् ।

जब लोकतान्त्रिक चुनाव सम्पन्न भयो, तब दोस्रो चरण प्रारम्भ भयो । निर्वाचित नयाँ राष्ट्रिय सभा (National Assembly) बस्यो र त्यसले नै संविधान सभाको समेत काम गर्‍यो । यही सभाले नयाँ संविधानको अन्तिम मस्यौदा तयार गर्‍यो । जब नयाँ संविधानको मस्यौदा तयार भयो, यो सम्वैधानिक अदालतमा पठाइयो । सम्वैधानिक अदालतले नयाँ मस्यौदा-संविधान बहुदलीय सम्मेलनले तर्जुमा गरेको आम सहमतिको संवैधानिक सिद्धान्तमुताबिक बन्यो कि बनेन भन्ने कुराको जाँचपरख गर्‍यो र ठीक छ भनेर प्रमाणित गर्‍यो । त्यसपछि राष्ट्रपतिले हस्ताक्षर गरेपछि नयाँ संविधान जारी भयो ।

यसरी हामीले दक्षिण अफ्रिकामा त्यस्तो शान्ति प्रक्रिया अपनायौं, जसले बहुमतले नै सबै कुरा पेलेर लान्छ कि भन्ने अल्पसंख्यकको डरलाई सम्बोधन गर्‍यो । हामी देख्न सक्छौं कि हामीले यो प्रक्रियाभित्र एकातिर विश्वास निर्माणका कुराहरू समावेश गर्‍यौं, जुन साझा सहमतिका सम्वैधानिक सिद्धान्तहरूबाट हासिल भयो, अर्कोतिर, हामीले सामेलीपूर्ण प्रक्रिया अपनायौं जसद्वारा प्रारम्भदेखि नै ठूला साना सबै दलहरू नीति/निर्णय गर्ने, संविधान निर्माण गर्ने प्रक्रियाको एउटा अंग हुन सकून् ।

दक्षिण अफ्रिकामा आम सहमतिको सम्वैधानिक सिद्धान्तहरू नै त्यस्तो साँचो सावित भयो, जसले सबै ट्राफिक जामहरूलाई खोल्ने काम गर्‍यो । म हालसालै सुडान र श्रीलंकाको द्वन्द्व समाधान प्रक्रियामा पनि सामेल भएको छु । त्यहाँको द्वन्द्व समाधान प्रक्रियाको सबैभन्दा कमजोर पक्ष के देखिन्छ भने त्यहाँ उनीहरू त्यस्तो स्थान बनाउन विफल भए जहाँ द्वन्द्वरत सबै दलहरू वा पक्षहरू एउटै टेबुलमा बसेर न्यूनतम सहमतिका सिद्धान्तहरू तयार पारून् । मेरो द्वन्द्व समाधानको अनुभव के छ भने वार्ताको प्रक्रिया र उपजमा स्वामित्व हुनेगरी द्वन्द्वरत सबै पक्षहरू वा दलहरू वार्ताको टेबलुमा सहभागी भएनन् भने वार्ताको प्रतिफललाई टेबुलमा अनुपस्थित हुनेले अस्वीकार गर्ने गर्दछ । यसप्रकार वार्ताको प्रतिफल नै नष्ट हुनपुग्छ । श्रीलंकामा के भयो भने त्यहाँ तीनवटा द्वन्द्वरत पक्षहरू थिए : सत्तारूढ दल तथा सरकार, लिट्टे र प्रतिपक्ष, तर त्यहाँ शान्ति वार्ता अगाडि बढाइंदा दुई वटा पक्षमात्र वार्ताको टेबुलमा बसे र सहमतिमा पुगे, तेस्रो पक्ष- संसदीय विपक्षलाई शान्ति वार्ता प्रक्रियामा सामेल गराइएन । नतिजा के भयो भने त्यहाँको विपक्ष शान्ति वार्ताको उपजलाई अहिले पनि स्वीकारिरहेको छैन । ऊ वार्ता भाँड्नतिर लागेको छ ।

यसरी विश्वका सफल र असफल वार्ताहरूबाट मैले सिकेको पाठ के हो भने शान्ति वार्ता यथासंभव सामेलीपूर्ण हुनुपर्छ । द्वन्द्वरत ठूला-साना सबै दलहरूलाई वार्ता प्रक्रियामा सामेल गराउनु पर्छ । वार्ताको प्रक्रियामा पनि उनीहरूको स्वामित्व सृजना गर्नुपर्छ वार्ताको उपजमा पनि । अनिमात्र फलदायी वार्ता संभव हुन्छ ।

वार्ता प्रक्रिया यथासंभव सामेलीपूर्ण हुनुपर्छ भन्ने मेरो भनाइको तात्पर्य यो होइन कि युद्धविरामको घोषणा गर्दा पनि त्यसमा सबै पक्षको सामेली हुनुपर्दछ । युद्धविरामको घोषणा भनेको दुई द्वन्द्वरत मुख्य शत्रुहरूबीचको सहमतिबाट हुने घोषणा हो, मित्रहरूका बीचमा युद्धविराम हुँदैन । त्यसैले, युद्धविरामको घोषणा सत्तारूढ पक्ष र ऊसित लडिरहेको विद्रोही पक्षबीचकै सहमतिबाटै हुने कुरा हो । तर व्यापक सान्दर्भिकता राख्ने राजनीतिक सहमतिको कुरा गर्दा भने वार्ताको टेबुलमा सकेसम्म सबैलाई सामेल गराउनुपर्दछ ता कि हरेकलाई लागोस् कि वार्ताको प्रतिफलमा मेरो पनि केही न केही योगदान र सहभागिता छ, र नतिजामा वार्ताको उपज सबैलाई स्वीकार्य होस्, यो दिगो र लामो समयसम्म टिकाउ होस् । सबै मुख्य खेलाडीहरूले वार्ताको प्रतिफललाई मानून् । दक्षिण अफ्रिकामा त्यही प्रक्रिया अपनाइयो, त्यसकारण वार्ता त्यति सफल भएको हो । युद्धविराम घोषणा भएर शान्ति वार्ता त दक्षिण अफ्रिकामा सन् १९९० देखि नै शुरू भएको हो । तर प्रारम्भमा २-३ वर्षसम्म त्यहाँको शान्ति प्रक्रिया पनि सामेलीपूर्ण हुनसकेन । त्यसैले, त्यहाँ पनि वार्ताहरू विफल भए । त्यही कारणले सन् १९९१ र १९९२ मा सम्पन्न पहिलो र दोस्रो सर्वदलीय सम्मेलन (CODESA) त्यहाँ पनि विफल भयो । हिंसा पुनः भड्कियो ।

**यसरी विश्वका सफल र असफल वार्ताहरूबाट मैले सिकेको पाठ के हो भने शान्ति वार्ता यथासंभव सामेलीपूर्ण हुनुपर्छ । द्वन्द्वरत ठूला-साना सबै दलहरूलाई वार्ता प्रक्रियामा सामेल गराउनु पर्छ ।**




*नयाँ संविधानमा लक आउट र संपत्तिसम्बन्धी प्रावधान राखिनु हुन्न भनेर माग राख्दै आम जनताहरु सडकमा प्रदर्शन गर्दै, मे १९९६*

तर जब सामेलीपूर्ण वार्ता भयो, यो सफल भयो ।

**मूल्यांकन**- *तपाईं व्याख्या गरिदिन सक्नुहुन्छ- त्यहाँ सहमतिमा पुगिएको सम्वैधानिक सिद्धान्तका गूदी कुराहरू के के थिए ?*

**हेसम**- सम्वैधानिक सिद्धान्तहरू आम-खालका सिद्धान्तहरूमात्र हुन् । विस्तृत प्रमुख कुराहरू संविधान सभाको निम्ति छोड्नुपर्ने हुनाले लोकतान्त्रिक संविधानका आवश्यक तत्वहरूमात्रै ३४ सुत्रीय सम्वैधानिक सिद्धान्तमा समेटिएका छन् । जस्तो कि आधारभूत मानव अधिकारका कुराहरू, भविष्यको राजनीतिक प्रणाली बहुदलीय हुनेछ भन्नेजस्ता कुरा, कार्यकारी व्यवस्थापिकाप्रति उत्तरदायी हुनेछ, त्यसमा समानुपातिक प्रतिनिधित्व हुनेछ भन्ने कुरा, नियमित आवधिक चुनाव हुनेछ भन्ने जस्ता कुराहरू, बहुसांस्कृतिक र बहुभाषिक राज्य हुनेछ भन्ने कुरा, स्वशासनयुक्त प्रान्तहरूको व्यवस्थाको कुरा, स्वायत्तताको कुरा, संविधानतः सबै रंग, लिंग, भाषा र संस्कृतिमाथिको भेदभाव अन्त्य हुनेछ भन्ने कुरा, कानून निर्माणमा अल्पसंख्यकहरूको सहभागिता पनि सुनिश्चित गरिनेछ भन्ने कुरा आदि यसमा परेका छन् । सहमतिमा पुग्न सजिलो हुने आधारभूत सिद्धान्तहरूमात्र यसमा राखिएका छन् । भविष्यको शासन-व्यवस्था कस्तो पो होला, संविधान सभाले कस्तो पो संविधान बनाउला भन्ने सत्तारूढ नेशनल पार्टी र अल्पसंख्यक इन्काथा फ्रिडम पार्टी आदिको शंका मेट्न सम्वैधानिक सिद्धान्तको तर्जुमा गरिएको हो ।

यी सिद्धान्तहरू अत्यन्त आम भए तापनि अत्यन्त प्रभावकारी सावित भएका छन् । नेपालको शान्ति वार्तामा यस्तो आम सहमतिको सम्वैधानिक सिद्धान्त तर्जुमा हुन सकेन । त्यसैले वार्तामा ट्राफिक जाम भयो ।

**मूल्यांकन** - *यसरी पहिले नै सवैधानिक सिद्धान्त बनाउँदा संविधानसभाको प्रभुसत्ता संकुचित र सीमित हुँन जाँदैन र ? यो त संविधानसभामाथि शर्त लगाउनु जस्तो हुन जाँदैन र ?*

**हेसम** - त्यस्तो हुँदैन । यी त लोकतन्त्रका ज्यादै आम सिद्धान्तहरूमाथिको सहमति मात्रै त हुन् नि । अबको लोकतन्त्रमा यी यी विशेषता र गुदी कुरा हुनेछन् भन्ने कुरामा मात्र संवैधानिक सिद्धान्त बनाउने हो । फेरि यी सिद्धान्तहरू त देशका सबै दलहरूको आम सहमतिबाट जनतालाई पूरै जानकारी दिनेगरी तय हुने कुरा हुन् । त्यसो गर्दा संविधानसभाको प्रभुसत्ता कसरी खुम्चिन्छ र ?

**मूल्यांकन** - *सम्वैधानिक सिद्धान्त तयार गर्ने सवालमा के-कस्ता कठिनाइहरू आइलाग्दा रहेछन् ?*

**हेसम** - संविधान सभामा जाने भन्नेबित्तिकै त्यसको नतिजा के होला भन्ने डर एकथरिलाई हुँदोरहेछ, विशेषगरी संस्थापन पक्षलाई र अल्पसंख्यकहरूलाई । उनीहरू असुरक्षित महशूस गर्दा रहेछन् । निस्कने नतिजाबारे न्यूनतम ग्यारेण्टी भयो भने उनीहरूलाई शान्ति प्रक्रियाभन्दा बाहिर रहन गाह्रो हुँदोरहेछ ।

सबैभन्दा गाह्रो काम शुरूको काम थियो, जतिखेर हामीले सम्वैधानिक सिद्धान्त तयार गऱ्यौं । यो प्रक्रियालाई हामीले बहुदलीय वार्ता प्रक्रिया भन्यौं । सबै पार्टीको सम्मेलन गर्नु, गोलमेच सम्मेलन गर्नु र त्यहाँ सहमतिको प्रक्रियाद्वारा कुनै निर्णयमा पुग्नु निकै गाह्रो काम थियो । सहमति भन्नेबित्तिकै एउटा सानो अल्पसंख्यकले पनि उसको वास्तविक अनुपातभन्दा निकै ज्यादा शक्ति उपभोग गर्ने हुँदोरहेछ, सानो मतभिन्नतामा निर्णय समेत ब्लक गरीदिने हुँदोरहेछ । र, निर्णय प्रक्रिया ज्यादै जटिल हुन जाँदो रहेछ । त्यसैले, हामीले नयाँ उपाय अपनायौं- पर्याप्त सहमति (Sufficient consensus)को उपाय । यो भनेको सभाका ठूलो बहुसंख्याले र मुख्य पात्रहरू र अन्य धेरैजसो पात्रहरूले कुनै सवालमा सहमति जनायो भने त्यो पारित हुने, सबैको सहमति अनिवार्य नहुने उपाय हो । यही उपाय उत्तरी आयरलैण्डको शान्ति प्रक्रियामा पनि अपनाइयो ।

दक्षिण अफ्रिकामा हामीले अन्तर्राष्ट्रिय मध्यस्थता निम्त्याएनौं । हामीले राष्ट्रिय मध्यस्थताबाटै काम चलायौं । तर हामीले ठूलो अन्तर्राष्ट्रिय दवाब चाहिँ सृजना गऱ्यौं । आर्थिक नाकाबन्दी र बहिष्कार अन्तर्राष्ट्रिय दवाबको एउटा तरिकाको रूपमा त्यहाँ प्रयोग भयो । शान्ति प्रक्रिया सफल हुनका लागि अन्तर्राष्ट्रिय दवावले ठूलो काम गऱ्यो । तर अन्तर्राष्ट्रिय दवाब सृजना गर्नु एउटा ठूलो चुनौतिपूर्ण काम थियो ।



*सिरिल रामाफोसा ए.एन.सी. मुख्य वार्ताकार , रोल्फ मेयर, नेशनल पार्टीका प्रमुख वार्ताकार, एम एफ डब्ल्यु. डे क्लर्क र नेल्सन मण्डेला सँगै छलफल गर्दै (बायाँबाट क्रमशः)*

हामीले अन्तर्राष्ट्रिय मध्यस्थता निम्त्याएनौं । राष्ट्रिय मध्यस्थताबाटै काम चलायौं । तर ठूलो अन्तर्राष्ट्रिय दवाब चाहिँ सृजना गऱ्यौं ।

**मूल्यांकन**- *नेशनल एसेम्बलीले संविधान सभाको रूपमा नयाँ संविधान चाहिँ कसरी बनायो त ?*

**हेसम** - थोरै विस्तृतमा यसबारे स्पष्ट पारौं । सर्वदलीय सहमतिका आधारमा अप्रिल १९९४ मा दक्षिण अफ्रिकाको इतिहासमा पहिलो पटक जातिभेदविहीन लोकतान्त्रिक चुनाव भयो । यो चुनावबाट दुई सदनात्मक संसद अस्तित्वमा आयो- राष्ट्रिय सभा (नेशनल एसेम्बली) र सिनेट । संविधानसभाचाहिँ ती दुवै सदनका ४९० जना निर्वाचित सदस्यहरू लिएर बन्यो । पार्टीगत हिसावले संविधानसभामा सातवटै राजनीतिक दलका सांसदहरू राखिए । संविधान सभामा कुन दलको कति सदस्य भन्ने कुरा चाहिँ चुनावमा कुन पार्टीले कति प्रतिशत मत प्राप्त गऱ्यो भन्ने आधारमा आनुपातिक हिसावले राखियो । यसरी मे १९९४ मा ४९० सदस्यीय संविधानसभा बन्यो ।

संविधानसभा गठन भएपछि यसको अध्यक्ष चाहिँ अफ्रिकी राष्ट्रिय कांग्रेसका महासचिव सिरिल रामाफोसा भए, उपाध्यक्ष चाहिँ प्रतिपक्षपट्टिका राखियो । जुन १९९४ मा संविधान सभाले एउटा ४४ सदस्यीय सम्वैधानिक समिति गठन गऱ्यो । संविधानसभा चाँडो चाँडो बस्न असंभव हुने हुनाले बीचमा आवश्यक नीति-निर्णयहरू गर्न, कामको समन्वय गर्न र संविधानको मस्यौदा तयार गर्ने क्रममा बहुदलीय वार्ता गर्नका लागि नै यो सम्वैधानिक समिति गठन गरिएको थियो । यो सम्वैधानिक समितिमा संविधान सभामा रहेका पार्टीहरूले त्यहाँ आफ्नो जुन अनुपातमा प्रतिनिधित्व रहेको हो, त्यही अनुपातमा आफ्ना प्रतिनिधि राखे । ती प्रतिनिधिहरूमध्ये हरेक पार्टीको आफ्नो प्रमुख वार्ताकार पनि यस समितिमा राखियो ।

संविधानको मस्यौदा तयार गर्न ढिलाइ नहोस् भनेर थुप्रै गाँठो फुकाउने उपायहरू अपनाइए । संविधान सभाका प्रतिनिधिहरूले २ वर्षभित्र संविधान मस्यौदालाई अन्तिम रूप दिइसक्नुपर्ने समय सीमा तोकियो । नयाँ संविधान बहुदलीय वार्ता प्रक्रिया (MPNP) ले तैयार गरेको ३४ वटा सम्वैधानिक सिद्धान्तसित मिल्दोजुल्दो हुनुपर्ने र यसलाई दुईतिहाइ बहुमतबाट संविधान सभाले पारित गर्नुपर्ने प्रक्रिया किटान गरियो । यदि त्यस्तो हुन सकेन भने यसलाई संविधानसभाले साधारण बहुमतले पारित गर्नसक्ने, तर यो जनमत संग्रहका निम्ति प्रस्तुत गरिने र ६० प्रतिशत वा त्योभन्दा ज्यादा जनमत पक्षमा हासिल भएमा मात्र नयाँ संविधान अनुमोदन भएको ठानिने प्रक्रिया निर्धारण भयो । संविधान सभाले अनुमोदन गरेको मस्यौदालाई त्यसपछि सम्वैधानिक अदालतसमक्ष प्रस्तुत गरिने, सम्वैधानिक अदालतले पहिले तय भएको ३४ वटा सम्वैधानिक सिद्धान्तमुताविक नयाँ संविधान बनेको छ कि छैन, त्यो हेर्ने र प्रमाणित गर्ने

प्रक्रियासमेत तर्जुमा गरिएको थियो । स्मरणीय छ, सम्वैधानिक अदालतलाई बहुदलीय सम्मेलनले नै गठन गरेको थियो ।

संविधानसभाले सेप्टेम्बर १९९४ मा ६ वटा विषय समितिहरू पनि गठन गरेको थियो । ती समितिहरूले यी विषयहरूलाई ओगटेका थिए :

**१. लोकतान्त्रिक राज्यको चरित्र**
**२. सरकारको ढाँचा**
**३. सरकारका विभिन्न तहहरुबीचको सम्बन्ध**
**४. मौलिक अधिकारहरु**
**५. न्यायिक र कानूनी प्रणालीहरु**
**६. सरकारी संस्थाहरु**

विषय समितिको मुख्य काम संविधानका गूढी विषयवस्तुहरूबारे सबै पार्टीहरूको र पक्षहरूको राय र प्रस्ताव संकलन गर्नु थियो । संविधान निर्माण प्रक्रियामा बहुसंख्यक र अल्पसंख्यक सबैको सहभागिता सुनिश्चित गर्नका लागि यसो गरिएको थियो । हरेक विषय समितिलाई सघाउन ३-४ जनाको विज्ञ प्राविधिक समिति पनि गठन गरिएको थियो ।

जनवरी १९९५ देखि संविधान कस्तो हुनुपर्छ र त्यसमा के के कुरा पर्नुपर्छ भन्नेबारेमा आम जनताको धारणा आओस् भन्ने माग गर्दै सार्वजनिक विज्ञापन अभियान शुरू गरियो ।

संविधानको निर्माण प्रक्रियाबारे जनतालाई सुसूचित गर्न र त्यसबारे जनताको राय सुन्न पार्टीहरूले आ-आफ्ना सांसदहरूलाई निर्वाचन क्षेत्रमा पठाउने कार्य गरे । उनीहरूले त्यहाँ गएर भाषण दिने होइन, संविधानमा के के कुरा होस् भन्ने जनताको चाहना छ भन्नेबारेमा प्रश्न सोधेर जनताका कुरा सुन्नु उनीहरूको मुख्य काम बनाइयो । दुई-दुई पार्टीका सांसदहरूले यसरी एउटै टीम बनाएर उनीहरू निर्वाचन क्षेत्रको गाउँ-गाउँ, बस्ती-बस्ती गए । जनतालाई प्रत्यक्ष रूपमा संविधान निर्माण प्रक्रियामा सहभागी गराउन यस्तो प्रक्रिया अपनाइएको थियो । यो प्रक्रिया निकै प्रभावकारी सिद्ध भयो ।

अर्को, मैले उल्लेख गर्नुपर्ने कुरा के छ भने संविधान निर्माणको प्रक्रिया चलिरहँदा हिंसात्मक घटनाहरू घट्न गए । हिंसात्मक घटनाबाट संविधान- निर्माण प्रक्रियालाई बचाउनुका लागि देशव्यापी रूपमा शान्ति समितिहरू बनाइए । विशेष गरी नागरिक समाजको सक्रियतामा यस्ता शान्ति समितिहरू देशभरि बने । तिनले पनि राम्रो काम गरे ।

संविधान निर्माणमा जनताको सहभागिता सुनिश्चित गर्नका लागि अर्को महत्वपूर्ण उपाय के अप्नाइयो भने नोभेम्बर १९९५ सम्ममा पहिलो कामचलाउ संविधान मस्यौदा तयार भयो र यो सार्वजनिक जानकारीका लागि प्रकाशित गरियो । संविधानको पूर्ण मस्यौदा कस्तो प्रकारको हुनेछ भन्ने कुराको प्रारम्भिक जानकारी यसले जनतालाई दियो । मस्यौदामाथि आफ्नो राय र सुझाव पठाउनका लागि जनतालाई र नागरिक समाजलाई आह्वान गरियो । ४० लाखप्रतिभन्दा ज्यादा मस्यौदा संविधानको प्रति जनतालाई बाँडियो । लेखहरू र ग्राफहरूद्वारा मस्यौदा संविधानको गूढी वस्तुबारे व्याख्या गरियो । आम जनताले र नागरिक समाजले यो संविधानको मस्यौदामा छलफल र विचार विमर्श गरेर आफ्नो राय सुझाव पठाए । एक लाखवटा जति लिखित सुझाव आउँछ भनेर अपेक्षा गरिएकोमा झण्डै दुई लाखवटा भन्दा बढी त्यस्ता लिखित राय सुझाव-प्रस्तावहरू प्राप्त भए । कतिपय सुझावहरू संविधानसँग सिधै सम्बन्धित नभएर जनताले आफ्नो जीवनमा भोगिरहेका टड्कारा समस्याहरूका बारेमा पनि थिए । तर ती पनि अप्रत्यक्ष रूपमा त संविधानसँगै सम्बन्धित थिए । तिनीहरूलाई सारांशीकरण गरेर संविधानको मस्यौदा तयार गरिरहेका विज्ञ र सांसदहरूलाई दिइयो ।

अन्ततः २३ अप्रिल १९९६ सम्ममा नयाँ संविधानको मस्यौदा संविधानसभासमक्ष टेबिल गरियो । ८ मे १९९६ मा संविधानको अन्तिम मस्यौदालाई संविधान सभाको ९८ प्रतिशतको अत्यधिक बहुमतले अनुमोदन गर्‍यो । सबै दलको सहभागिता र सहमतिबाट संविधान निर्माण भएकाले संविधान सभामा नयाँ संविधानको पक्षमा ठूलो बहुमत प्राप्त भएको थियो । त्यसपछि यसलाई सम्वैधानिक अदालतमा पठाइयो । सम्वैधानिक अदालतले ८ वटा बुँदामा नयाँ संविधान सम्वैधानिक सिद्धान्तसित नमिलेको भनेर नयाँ संविधानलाई प्रमाणित गर्न अस्वीकार गर्‍यो । त्यसमा संशोधन गरेर संशोधित संविधानलाई ११ अक्टोबर १९९६ मा संविधान सभाले फेरि पारित गर्‍यो । र सम्वैधानिक अदालतमा पुनः पठाइयो । ४ डिसेम्बर १९९६ मा सम्वैधानिक अदालतले त्यसलाई ठीक छ भनेर प्रमाणित गरेपछि अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको दिन १० डिसेम्बर १९९६ मा संविधानको अन्तिम मस्यौदालाई राष्ट्रपति नेल्सन मण्डेलाले हस्ताक्षर गरेर ४ फरवरी १९९७ देखि लागु हुनेगरी अन्ततः संविधान जारी गरियो । यसरी बन्यो दक्षिण अफ्रिकाको नयाँ संविधान संविधान सभाबाट । देशका सबै ११ भाषामा यसलाई प्रकाशित गरियो । स्मरणीय छ, संविधानसभाका सबै छलफल र विचार-विमर्शहरू जन-साधारणका लागि खुला गरिएको थियो ।



*नेल्सन मण्डेला (अफ्रिकी राष्ट्रिय कांग्रेसका सभापति) र मोन्गोसुथु बुथेलेजी (इन्काथा फ्रिडम पार्टीका नेता आपसी द्वन्दको अन्त गर्न सँगै भेट्दै*

दक्षिण अफ्रिकाको संविधान निर्माण प्रक्रियामा महिलाहरूले ठूलो भूमिका निर्वाह गरेका थिए । बहुदलीय सम्मेलनबाटै के सिद्धान्त तय भएको थियो भने हरेक पार्टीको ५० प्रतिशत प्रतिनिधि महिला हुनेछन् । शुरूमा यो लागु गर्न पार्टीहरू हिच्किचाए पनि, तर पछि यो लागु भयो ।

**मूल्यांकन** - *संविधान सभाको स्वच्छ र निष्पक्ष चुनावको ग्यारेन्टी चाहिँ कसरी गरियो नि दक्षिणी अफ्रिकामा ?*

**हेसम** - हामीले एउटा संयन्त्र निर्माण गर्‍यौं । बहुदलीय सम्मेलनबाटै हामीले स्वतन्त्र निर्वाचन आयोग बनाउने कानून निर्माण गर्‍यौं । चुनावको पर्यवेक्षण गर्न अन्तर्राष्ट्रिय समुदाय पनि परिचालित भयो । एउटा चुनाव अनुगमन ब्यूरो पनि गठन भयो, जसले पूरै चुनावको अनुगमन गर्‍यो । यसरी त्यहाँ स्वच्छ निष्पक्ष चुनाव सम्पन्न भयो । दक्षिण अफ्रिकामा सेनाको चरित्र अत्यन्त व्यावसायिक हुनुको कारणले पनि स्वच्छ निष्पक्ष निर्वाचन संभव भयो । त्यहाँको परम्परा नै यस्तो छ कि सेना राजनीतिभन्दा बाहिर रहन्छ ।

**मूल्यांकन** - हिंसात्मक द्वन्द्वदेखि संविधान सभाको चुनाव र दिगो शान्तिसम्म पुग्न दक्षिण अफ्रिकामा कसरी आपसमा विश्वासको निर्माण गरियो ?

**हेसम** - त्यहाँको द्वन्द्व समाधान प्रक्रियामा पनि काफी धेरै उकाली-ओरालीहरू नभएका होइनन् । बेला-बेलामा वार्ता टुटेको पनि हो । हिंसा भड्केको पनि हो । तर त्यसबाट सिकिएको पाठ के हो भने, वार्ता सफल पार्नु छ भने हरेकले केही न केही छोड्नैपर्छ, हरेकले केही त केही हासिल गर्नैपर्छ । साझा सहमतिको संवैधानिक सिद्धान्त बन्नुले पनि आपसी विश्वासको निर्माणमा ठूलो काम गर्‍यो ।

सरकारले फरवरी १९९४ मा नेल्सन मण्डेलालाई जेलबाट मुक्त गर्‍यो र पार्टीमाथिको प्रतिबन्ध फुकुवा गर्‍यो, प्रत्युत्तरमा अफ्रिकी राष्ट्रिय कांग्रेसले आफ्नो हतियार बिसायो । सरकारले राजनीतिक बन्दीहरू मुक्त गर्‍यो, अ.रा.कं.ले दक्षिण अफ्रिकामाथि लाग्दै आएको केही सांस्कृतिक र अन्य प्रतिबन्ध हटाउन सहमति व्यक्त गर्‍यो, सरकारले वार्ताको पहल गर्‍यो अ.रा.कं.ले आर्थिक प्रतिबन्ध हटाउन मंजुरी व्यक्त गर्‍यो ।

यसप्रकार हामी के देख्छौं भने आपसी विश्वासको निर्माण हरेक पक्ष केही न केही छोड्न, लचिलो हुन तयार हुँदाखेरी हुन्छ, प्रत्येकले वार्ताबाट केही न केही प्राप्त गर्दा खेरी हुन्छ, अनि भएको सहमति राम्ररी कार्यान्वयन गर्दा खेरी हुन्छ ।

❑ *प्रस्तुति : श्याम श्रेष्ठ*

# इराकी कम्युनिष्ट आन्दोलनको नालीबेली

इराकको सैनिक विद्रोहमा राजा फैजल द्वितीय र नूरी अल-सईद मारिए

● राजेन्द्र महर्जन



*सद्दामको गिरफ्तारीमा खुसीयाली मनाउँदै इराकी कम्युनिष्टहरु*

**युद्धको** विभीषिकाबीच नराम्ररी फसाइएको मुलुक हो, इराक । मेसोपोटामियाको नामले प्रख्यात यस राष्ट्रको इतिहास र वर्तमान धेरै हिसाबले शिक्षाप्रद छन् ।

साम्राज्यवादीहरूको बुई चढेर आफ्नै जनता र छिमेकी राष्ट्रहरूविरूद्ध युद्ध थोपर्दै हिंड्ने शासकहरूको अन्तिम नियति कस्तो हुन्छ ? यस सवालको शिक्षाप्रद जवाफ प्राप्त गर्नका लागि त जिउँदो किताब नै भएको छ, सद्दाम हुसेनको उत्थान र पतन भएको राष्ट्र इराकको राजनीतिक इतिहास ।

यसबाहेक जनमुखी आन्दोलनको सट्टा सत्ताको भरेडमात्रै ताक्दै हिंडने पार्टीहरूको दुर्भाग्य कस्तो हुन्छ ? यसको बारेमा ज्ञान प्राप्त गर्ने सामग्रीले भरिपूर्ण जीवित पुस्तकालय नै हुन्, इराकको राजनीतिक इतिहासदेखि वर्तमानका घटनाक्रमहरू ।

यस्ता थुप्रै राजनीतिक पार्टीहरूमध्ये एउटा क्रान्तिकारी मानिने पार्टी अर्थात् इराकी कम्युनिष्ट पार्टीको नालीबेली नेपालका कम्युनिष्ट र वामपन्थी शक्तिहरूका लागि धेरै हिसाबले रोचक, प्रेरक र ज्ञानबर्द्धक देखिन्छ, चाहे ती नकारात्मक रूपमा होउन् या सकारात्मक रूपमा । अतः इराकी कम्युनिष्ट पार्टीको राजनीतिक उतार-चढावलाई केन्द्रविन्दुमा राखेर अध्ययन गर्ने प्रयत्न यहाँ गरिनेछ ।

**इराकी कम्युनिष्ट पार्टीले अमेरिकी कठपुतली प्रशासनमा किन सहभागिता जनाइरहेको छ त ?**

## तीनवटा सरकारमा सहभागिता

इराकी कम्युनिष्ट पार्टी त्यस्तो कम्युनिष्ट पार्टी हो, जुन अहिले इराकमाथि सैन्य-आधिपत्य जमाइरहेको अमेरिकी सरकारद्वारा स्थापित कठपुतली सरकारमा सहभागी भइरहेको छ । यो त्यस्तो कटु यथार्थ हो, जुन कुरा पढ्दा-सुन्दा पक्कै पनि धेरैलाई पत्याउनै गाह्रो हुनसक्छ । इराकमा अमेरिकी सरकारले बनाएको शासकीय परिषद् अर्थात् गभर्निङ काउन्सिल (Governing Council)मा यस पार्टीका मन्त्री क्रियाशील छन् ।

गभर्निङ काउन्सिलको संस्कृति मन्त्रालय सम्हालिरहेको यस कम्युनिष्ट पार्टीले त्यस्तो अमेरिकी कठपुतली प्रशासनमा किन सहभागिता जनाइरहेको छ त ? यस सवालको जवाफ खोज्नका लागि यस पार्टीले इतिहासमा चढेका-उत्रेका उकाली-ओरालीहरू र राजनीतिक घुम्तीहरूको नालीबेलीको बारेमा थोरबहुत खोजतलाश गर्नु आवश्यक हुन्छ ।

सर्वविदितै छ, यो पार्टी पहिलो पटक अरूको सरकारमा सहभागी भएको पक्कै होइन । विगतमा बेलायतको कठपुतली निरंकुश राजतन्त्रलाई फ्याँकेर गणतन्त्र स्थापना गर्ने कासीम सरकारमा पनि यो पार्टी सत्तासीन भएको थियो । र, सद्दाम हुसेनको बाथ पार्टीको सरकारमा समेत सहभागी भइसकेको थियो यो पार्टी । अतः सत्ता र कम्युनिष्ट पार्टीबीचको अन्तरसम्बन्ध बुझ्न र बुझाउनका लागि निकै उदारणीय देखिन्छ, यस कम्युनिष्ट पार्टीले तीन तीन पटकसम्म गरेको सत्तारोहणको कथा । यस्तो पार्टीको इतिहासका मोडहरू कम्युनिष्ट पार्टीहरूमा आउने राजनीतिक क्षयका कारणहरू र पृष्ठभूमिहरू अध्ययनका लागि पनि अत्यन्त उपयोगी देखिन्छन् ।

## इतिहासको ऐनामा इराक

सोभियत संघको अक्टोबर समाजवादी क्रान्तिको लहरले छोएको मुलुक हो- इराक । बीसौं शताब्दीको दोस्रो दशकतिर बेलायती उपनिवेश रहेको इराक पनि क्रान्तिको आँधीबाट बच्नसक्ने कुरै थिएन । त्यसैको असर स्वरूप यहाँ पनि बेलायती साम्राज्यविरूद्ध राष्ट्रिय मुक्ति आन्दोलनको लहर उठेको थियो र जनतामा मार्क्सवादी लेनिनवादी विचार फैलिएको थियो । पहिलो विश्वयुद्धमा टर्कीको अट्टोमन साम्राज्यको पतन भएपछि अरब जगतमा साम्राज्यहरूबीच नयाँ शिराबाट द्वन्द्व शुरू भएको थियो । र, प्रतिस्पर्धीको रूपमा देखापरेको फ्रान्सलाई पनि कुनातिर पन्छाउन सफल हुँदै बेलायती साम्राज्यको पकडमा परेको थियो, त्यसबेलाको इराकी सम्प्रभुता । विश्वयुद्धको एक विजयी भएको कारणले इराकलाई सन् १९२२ सम्म कानूनतः आफ्नो संरक्षणमा राखिछाडेको थियो, बेलायती साम्राज्यले ।

यस संरक्षणको अधिकारको अन्तर्यमा पसेर हेर्दा यस मुलुकलाई उसकै साम्राज्यको अंगको रूपमा गाभेर राखेको स्थिति देखिन्थ्यो । बेलायतद्वारा इराकमा पनि आफ्ना सबैजसो अरब उपनिवेशहरूमा जस्तै एकजना राजा स्थापित गरिएको थियो, कठपुतली शासकका रूपमा । उसले साउदी अरबमा इब्न साउदलाई जस्तै यस उपनिवेशमा पनि फैजल प्रथमलाई राजाका रूपमा थपना गरेको थियो, जो हेजाजका राजा शरिफ हुसेनका छोरा थिए । शिया समुदायको बाहुल्यता रहेको

यस देशमा सुन्नी समुदायका फैजललाई स्थापित गरेर उसले आफ्नो दूनो सोभ्याएको थियो । उसको मुख्य स्वार्थ थियो- 'तरल सुन'को रूपमा चर्चित तेलका खानीहरूमाथि आफ्नो ब्रिटिश पेट्रोलियमजस्ता कम्पनीहरूको लूटलाई जारी राख्नु ।

## नाममात्रको स्वतन्त्रता र बेलायत

त्यसबेला उत्तरी अरेबियाको नाममा पनि परिचित यस मुलुकमाथि सन् १९३० देखि उसले 'मैत्री तथा संघको सन्धि'जस्ता असमान सन्धिहरूको बलमा आफ्नो आधिपत्य कायम राख्दै आएको थियो । हुन त उसले समाजवादी क्रान्ति र राष्ट्रिय मुक्ति संघर्षको डरले सन् १९३२ मा यस मुलुकलाई औपचारिक रूपमा स्वतन्त्रता प्रदान गरेको थियो, जुन स्वतन्त्रता नाममात्रको थियो ।

अतः स्वतन्त्रतापछि पनि उसले पहिलेजस्तै ठूला सामन्तहरू र दलाल पूँजीपतिहरूको भरमा प्रतिक्रियावादी शासन कायम राखिछाडेको थियो । राजा फैजलको निरंकुश राजतन्त्रअन्तर्गत बनेका प्रत्येक सरकारहरू उसकै स्वार्थका लागि निर्माण हुन्थे अनि भत्कन्थे पनि उसकै स्वार्थका लागि ।

यस्ता कामहरूका लागि बेलायती साम्राज्यको प्रभावशाली एजेन्टको भूमिका खेलिरहेका थिए, राजा फैजल र उनका सहयोगी नूरी अल-सईदले । राजा फैजलको कुर्सीको सुरक्षाका शर्तमा सबैजसो सरकारहरूले गर्ने मुख्य काम थियो- उसको स्वार्थ पूर्तिका लागि आफ्नो देशका हेबानिया र शौयाबास्थित हवाई सैनिक अखडाहरू, इराकी सेना र सामरिक महत्वका संचारका साधनहरू उसकै मर्जीअनुसार प्रयोग गर्न दिनु ।

नूरी अल-सईदले सबै लोकतान्त्रिक अधिकारहरूमाथि हमला गर्ने क्रममा ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने र कम्युनिष्ट पार्टीलाई तितर-बितर पार्ने काम गरेका थिए । तर पनि धेरैजसो ठूलठूला साम्राज्यसँग भिडेका इराकी जनताको प्रतिरोध कहिल्यै अन्त्य भएन ।

## कम्युनिष्टहरूको प्रतिरोध

संयोगको कुरो, यस मुलुकले तथाकथित स्वतन्त्रता प्राप्त गरेकै साल इराकी कम्युनिष्ट पार्टीको जन्म भएको थियो । सन् १९३२ मा यस पार्टीलाई जन्माउन र हुर्काउन यहूदी बौद्धिक व्यक्तित्वहरूले निकै महत्वपूर्ण भूमिका खेलेका थिए, इजिप्ट र प्यालेस्टाइनको कम्युनिष्ट पार्टीलाई जस्तै । त्यस्तै सेनाभित्र रहेका तर्कपूर्ण ढंगले सोच्ने सैनिक अधिकारीहरू तथा मजदुरहरूले पनि यस कार्यमा राम्ररी सघाएका थिए, जो साम्राज्यवादको चपेटामा परेको कारणले आहत भइरहेका थिए ।

नवउपनिवेशमा रूपान्तरित आफ्नो देशको क्रान्तिकारी रूपान्तरणका लागि यस पार्टीका नेता र कार्यकर्ताहरूले साम्राज्यवाद र निरंकुश राजतन्त्रविरूद्ध वीरतापूर्वक अथक संघर्ष गरेका थिए । त्यसैले इराकको सबैभन्दा पुरानो मानिने यस पार्टीले व्यापक जनसमर्थन र सहयोग पाएको इतिहास स्मरणीय देखिन्छ ।

सन् १९४८ को शुरूवातातिर बेलायती साम्राज्यले इराकी राजतन्त्रसँग फेरि एकपटक नयाँ सम्झौता गरेको थियो । 'पोर्ट्समाउथ ट्रिटी'को नाममा नवउपनिवेशलाई एकपटक फेरि नवीकरण गरेको थियो उसले । त्यस सम्झौता पहिलेका सम्झौताहरूभन्दा बेसीमात्रामा समानतापूर्ण देखिएको थियो । तापनि त्यसले बेलायतको हवाई सैनिक अखडाहरूको मनपरी ढंगले उपयोग गर्ने अधिकारलाई भने छेकेको थिएन । त्यही कारणले इराकी कम्युनिष्ट पार्टीले त्यस सम्झौताविरूद्ध जनआन्दोलनको लहर नै सिर्जना गरेको थियो । यसैको फलस्वरूप यो पार्टी बेलायती साम्राज्य समर्थित यहाँको राजतन्त्रको प्रमुख विपक्षी पार्टीको रूपमा उदय भएको थियो । र, यो स्थिति पचास र साठीको दशकसम्म पनि कायम रहेको थियो ।

त्यसैले यस पार्टीमाथि चालीसको दशकमा बेलायत र इराकी राजतन्त्रद्वारा गरिएको दमन र उत्पीडनको व्यापकता पनि भयावह हुने हदसम्मकै थियो । उनीहरूले राजधानी बगदादका सडकहरूमा यसका नेता र कार्यकर्ताहरूको लाश झुण्ड्याएर सार्वजनिक रूपमा प्रदर्शन गरेका थिए । यसरी उनीहरूले आफ्नो राक्षसी अनुहार देखाउनुको कारण पनि त्यतिखेर यस पार्टीले देखाइरहेको जुझारूपना र जनजनमा भइरहेको यसको व्यापक सांगठनिक विस्तार नै थियो । वास्तवमा यस्तो बर्बरतापूर्ण दमनले उनीहरूको भयमात्रै प्रकट गरेको थिएन, कम्युनिष्टहरूको साहस पनि अभिव्यक्त गरेको थियो ।

## वाम प्रभावको व्यापकता

फलस्वरूप चालीसको दशकमा इराकको



*राजा फैजल द्वितीय*

सबैभन्दा पुरानो र बलियो विपक्षको रूपमा यो पार्टी विकसित भएको थियो । यस पार्टीको सिद्धान्त र राजनीति देशव्यापी रूपमा फैलिएको थियो, मूलतः ठूलठूला शहरहरूमा । 'वार अगेन्स्ट दि प्लानेट'का लेखक विजय प्रसादले तत्कालीन इराकी प्रहरी प्रमुख बहजात अतियाहद्वारा प्रस्तुत तथ्यांक उद्धृत गर्दै लेखेका छन्- 'इराकका ठूला शहरका सबैजसो वर्गका युवाहरूमध्ये पचास प्रतिशत त यसकै विचारको प्रभावमा थिए ।'

विजय प्रसादका अनुसार अरब जगतमा साम्यवाद र नासेरवाद तेलका बादशाह र उनीहरूलाई समर्थन-सहयोग गरी दूनो सोभ्याइरहेका पूँजीवादी शासकहरूका लागि सबैभन्दा ठूला चुनौतीका रूपमा देखापरेका विचारहरू हुन् । अरब राष्ट्रवादको रूपमा देखापरेको नासेरवाद र साम्यवादको प्रसार र प्रभावलाई रोक्नकै लागि बेलायत र अमेरिकाले सन् १९५४ मा 'बगदाद सन्धि' (Bughdad Pact) नामक गठबन्धन निर्माण गरेका थिए । बाहिर देखिंदा सोभियत संघलाई तह लगाउन यस्तो सैनिक गठबन्धन बनाइएको थियो । शुरूवातदेखि नै जुझारूपूर्वक यसको विरोध गर्न र यसलाई जरैदेखि उखेलेर फ्याँक्नका लागि इराकी कम्युनिष्ट पार्टीले महत्वपूर्ण भूमिका खेलेको थियो । र, सन् १९५८ मा सम्पन्न 'जुलाई क्रान्ति'को सफल भएकोलगत्तै यस गठबन्धनबाट इराक अलग्ग भएको घोषणा गरिएको थियो ।

वास्तवमा यहाँ सन् १९४८ देखि १९५२ सम्म ठूलठूला जनविद्रोहहरू भएका थिए, बेलायती साम्राज्यको नवउपनिवेशवाद र निरंकुश राजतन्त्रविरूद्ध । प्रत्येक न्यायपूर्ण सवालहरूमा हुने जनसंघर्ष विद्रोहको स्तरसम्म विकसित भएका थिए, तापनि ती विद्रोहहरूलाई पटक पटक दबाइएको थियो । जति पटक कुल्चिए पनि फेरि फेरि उठ्ने इराकी जनप्रतिरोधकै क्रममा सन् १९५७ मा नयाँ घटनाक्रम विकसित भएको थियो ।

इराकी कम्युनिष्ट पार्टी र राष्ट्रिय जनवादी पार्टी, इस्तिकलाल पार्टी र अरब समाजवादी पुनरूत्थान पार्टी (बाथ पार्टी)जस्ता पूँजीवादी पार्टीहरूसँग मिलेर एउटा एकिकृत राष्ट्रिय मोर्चा गठन गरिएको थियो । मिश्रलगायत अरू देशमा झैं यहाँ पनि इराकी सेनाभित्र 'आजाद अफिसर समाज' (फ्री अफिसर्स) नामक संगठन बनाइएको थियो । गोप्य रूपमा क्रियाशील यस संगठनले मोर्चासँग सहकार्य गर्न थालेको थियो ।

## राजतन्त्रविरूद्ध जुलाई क्रान्ति

यही समाजको अगुवाइमा सन् १९५८, १४ जुलाईमा दुई सय सैनिक अधिकारीहरूले निरंकुश राजतन्त्रविरूद्ध विद्रोह गरे । बगदादका सरकारी भवनहरूका साथै शाही महल र दरबारहरूमाथि कब्जा जमाई उनीहरूले इराकमा गणतन्त्र स्थापना भएको उद्घोष गरे । सैनिक विद्रोहको क्रममा राजा फैजल द्वितीय र नूरी अल-सईद मारिए । जुलाई महिनामा सफल भएको कारणले यस पूँजीवादी क्रान्तिलाई प्रतीकात्मक

रूपमा जुलाई क्रान्ति भनिन्छ ।

राजतन्त्र फालेर गणतन्त्र स्थापना गर्ने क्रममा विद्रोही सैनिकहरूका नेता ब्रिगेडियर जनरल अब्देल करीम कासिमको नेतृत्वमा सत्ता संचालन गरियो । यसले पूँजीवादी गणतान्त्रिक सरकारको स्वरूपमा काम गऱ्यो । साम्राज्यवादको शोषण र उत्पीडनविरूद्ध देखापरेको नासेरवादका समर्थक जनरल कासिम गणतन्त्रका प्रथम प्रधानमन्त्री भएपछि तत्कालै दुईवटा ठूला चुनौतीहरूको सामना गर्नु पऱ्यो । एउटा चुनौती थियो- बेलायत र अमेरिकाजस्ता साम्राज्यवादीहरूको सैनिक हस्तक्षेपको ज्वलन्त खतरा । अर्को थियो- इराकभित्रका जनताको समर्थन र सहयोग प्राप्त गर्नका लागि बलियो पार्टी संरचनाको अभाव ।

## इकपाको सहयोग र समर्थन

विजय प्रसादको विश्लेषणअनुसार निरंकुश राजतन्त्रविरूद्ध सैनिक विद्रोहद्वारा सत्तासीन भएको कारणले जराविहीन उनीहरूलाई यस्ता चुनौतीहरूको सामना कम्युनिष्ट पार्टीसँगको साझेदारीबाट मात्र संभव थियो । यस्ता दुवैखाले चुनौतीहरूको सामना गर्नका लागि सबैजसो अरब जगतका नासेरवादी शासकहरूले कम्युनिष्टहरूको साथ लिएका थिए ।

ठीक त्यस्तै, सत्तासीन इराकी आजाद अफिसर समाजले पनि कम्युनिष्ट पार्टीलाई नै साझेदार बनायो, अरू मुलुकमा जस्तै । यहाँ पनि प्रम कासिमको सरकार र उनको नेतृत्वमा रहेको समाज धेरै हदसम्म यस पार्टीप्रति निर्भर रह्यो । यसको समर्थन र सहयोगमा उनीहरूले थोरबहुत लोकतान्त्रिक सुधारका कामहरू व्यवहारमा अनुवाद गरे ।

निश्चित रूपमा त्यसबेला इराकी कम्युनिष्ट पार्टी त्यस्तो एकमात्र ठूलो र पुरानो पार्टी थियो, जसको जनतामा व्यापक पहुँच थियो र जो जनताको समर्थन र सहयोगको बलमा कार्यरत रहेको थियो । बेलायती साम्राज्य र निरकुश राजतन्त्रको निर्मम दमन, अवैध घोषणा र भूमिगत रूपमा क्रियाशीलताका बाबजुद अस्तित्ववान रहेको थियो यो पार्टी । अतः त्यही पार्टी जनतामा व्यापक मात्रामा लोकप्रिय थियो, जन आकर्षणको केन्द्रमा थियो त्यो ।

जुलाई क्रान्तिताका यस पार्टीका कार्यकर्ताहरूको संख्या २५ हजार थियो र जनवर्गीय संगठनका सदस्यहरूको समेत हिसाब गर्ने हो भने यसको पंक्ति ५ लाखभन्दा बेसी पुग्थ्यो । बाथ पार्टीसँग तुलना गर्दा यसको सदस्य संख्या र हैसियत स्पष्ट हुन्छ । सन् १९५६ मा तीनसय मात्रै सदस्य भएको बाथ पार्टीको सदस्य संख्या सन् १९५८ मा ३ हजारभन्दा बेसी थिएन ।

पिटर सिमोन्ड्सका अनुसार यस कम्युनिष्ट पार्टीको मजदुर र किसान संगठनहरूमा मात्रै हजारौं हजार मानिसहरू संगठित थिए र त्यसमार्फत् संघर्षशील थिए । त्यतिबेला बौद्धिकहरूको ठूलो तप्का र सेनाभित्रको वामखेमाको समर्थन प्राप्त गर्न सफल भएको



*विद्रोही सैनिकहरुका नेता ब्रिगेडियर जनरल अब्देल करीम कासिम*

थियो यो पार्टी । यसको प्रभाव 'पिपुल्स रेसिन्टेन्स फ्रन्ट' नामक मिलिशियामा बलियोसँग थियो । यो त्यस्तो जुझारू र सशस्त्र नागरिक संगठन थियो, जसमा १० हजारभन्दा बेसी मानिसहरू क्रियाशील थिए । सशस्त्र जनमिलिशियासँगै सबैजसो युवा संगठनहरूको समर्थन पनि त्यही पार्टीप्रति थियो, जसको तुलना अरू ससाना पार्टीहरूसँग गर्नु नै अयोग्य थियो । यी सबैको सहयोग र समर्थन पार्टीको एउटा आह्वानमा सडकमा पोखिन्थ्यो भन्ने तथ्य पटक पटक देखिएको थियो ।

अर्कोतिर त्यही बेला कासिमको सरकारमा नासेरवादी आजाद अफिसर समाज (फ्री अफिसर्स)मा फूट भयो । र, प्रम कासिमले इराकी कम्युनिष्ट पार्टीकै समर्थन र सहयोगको बलमा जनरल अब्द अल-सलाम आरिफको विद्रोहको मुकाबिला गरे । नासेरको नेतृत्वमा सन् १९५८ मा रहेको युनाइटेड अरब रिपब्लिक (UAR) मा इराकलाई पनि सहभागी हुनका लागि आरिफले चर्को दवाब दिएका थिए । यसको विरोधमा रहेका प्रम कासिमले उनलाई निष्काशन गर्ने हिम्मत गर्नसक्नुको कारण यही पार्टीको समर्थन थियो । र, यही मोर्चाबन्दीलाई तोड्नका लागि आरिफलाई केन्द्रमा राखेर दक्षिणपन्थी राष्ट्रवादीहरू र साम्राज्यवादीहरू क्रियाशील भए । त्यसमा बाथ पार्टीदेखि बेलायत र अमेरिकाको मोर्चाबन्दी र सक्रियता उल्लेखनीय देखिन्छ ।

बेलायत र अमेरिकाले जुलाई क्रान्तिलाई कलिलै अवस्थामा निमोठ्नका लागि लेबनान र जोर्डनबाट सैनिक आक्रमण गर्न खोजेका थिए । क्रान्तिको रक्षार्थ उभिएका इराकी जनताको संकल्प, उनीहरूले एशिया र अफ्रिकी जनताबाट पाएको समर्थन तथा समाजवादी खेमाबाट पाएको भरोसाको फलस्वरूप उनीहरू पछि हट्न बाध्य भएका थिए, केही समयका लागि । उनीहरू जुलाई क्रान्तिलाई नष्ट गर्न क्रियाशील रहेको कुरा बाथ पार्टीसँग गरिएको सहकार्य र आरिफको काँधमा बन्दूक राखेर थालिएको अभियानको क्रममा प्रकट भयो ।

## लोकतान्त्रिक र जनमुखी सुधार

यी दुवै चुनौतीहरूको सामना गर्ने क्रममा प्रम कासिमले पक्कै पनि केही ऐतिहासिक कामहरू गर्न थाले । यस क्रममा उनले इराकलाई स्वाधीन संप्रभुसत्तासम्पन्न बनाउने कार्य गरे । र, मार्च, १९५९ मा 'बगदाद सन्धि'बाट आफ्नो मुलुकलाई अलग पारे । कम्युनिष्टहरूसँगको सहकार्यको परिणाम लोकतान्त्रिक सुधारहरूमा पनि देखियो ।

यसबीच कासिम सरकारद्वारा केही महत्वपूर्ण लोकतान्त्रिक सुधारहरू लागू गरियो । देशमा गणतन्त्रीय शासन पद्धति शुरूवात गरियो । कुर्द र अरबहरूको समानताको घोषणा गरियो । मजदुर र किसानहरूलाई संगठित हुने अधिकार दिइयो । राजनीतिक पार्टीहरूमाथि लगाइएको प्रतिबन्ध हटाइयो । लामो समयदेखि प्रतिबन्धित इकपाको अखबार पनि वैध रूपमा प्रकाशित गर्न दिइयो । ३० सेप्टेम्बर, १९५८ मा भूमिसुधारको कार्यक्रम शुरू गरियो र जमिनदारहरूको सम्पत्तिको सीमा निर्धारण गरियो ।

यसबीचमा एउटा नयाँ प्रवृत्ति देखियो । जनरल कासिमको पूँजीवादी सरकारसँगको सहकार्यको क्रममा इकपाद्वारा सरकारमा जानुलाई नै एउटा उद्देश्य बनाइयो । र, सरकारमार्फत् लोकतान्त्रिक सुधारका कार्यलाई व्यापक र सघन

**जुलाई क्रान्तिताका इराकी कम्युनिष्ट पार्टीको कार्यकर्ताको संख्या २५ हजार थियो र जनवर्गीय संगठनका सदस्यहरूको समेत हिसाब गर्ने हो भने यसको पंक्ति ५ लाखभन्दा बेसी पुग्थ्यो ।**



*इराकी कम्युनिष्ट पार्टीका समर्थकहरु ३५ वर्षपछि पहिलोपटक जुलाई १४, २००३ मा जुलाई क्रान्तिको सम्झनामा सडकमा मार्च गर्दै*

पार्नुलाई नै लक्ष ठानियो । इकपाले आँटेको मात्र भए आफू एक्लैले सत्ता खोस्ने वा क्रान्तिकारी रूपान्तरण गर्ने परिस्थिति समेत त्यतिबेला विद्यमान थियो । तर इकपाको ध्यान भने पहिलो चरणमा सत्ता-साझेदारीद्वारा पूँजीवादी लोकतान्त्रिक सुधारलाई प्राथमिकता दिने र दोस्रो चरणमा समाजवादी क्रान्ति गर्ने सूत्रमा सीमित रह्यो, जुन सोभियत संघको जडसूत्रको जपाइको रूपमा अभिव्यक्त भएको थियो ।

## इकपाको मध्यमार्गी कार्यदिशा

मेरिअन फारूक-स्लुगेट र पिटर स्लुगेटको प्राज्ञिक अध्ययनअनुसार इकपाको केन्द्रीय नेतृत्वले सत्तामाथि कब्जा जमाउने समय र तौरतरिकाबारे पटक पटक सरसल्लाह नगरेको चाहिँ होइन । पोलिटब्यूरोमा भएका ताता ताता बहसहरूको क्रममा पार्टी नेतृत्व के सहमतिमा पुगेको थियो भने आँट्ने मात्र हो भने पार्टीको शक्तिले सत्तामाथि कब्जा जमाउने हदसम्मको आत्मगत स्थिति तयार भइसकेको छ ।

तर उनीहरूले के ठाने भने अहिले भइरहेको पूँजीवादी क्रान्ति सही दिशामा छ, यसलाई पूरा गरिसकेपछि मात्रै समाजवादी क्रान्तितिर फड्को मार्नु पर्छ । यही मौलिक राजनीतिक विश्लेषणका साथ उनीहरूले आफ्नो कार्यनीति तय गरे । उनीहरूले नरम मध्यमार्गी नीति लिने, सडक संघर्षबाट तीव्र दवाब नदिने र आफ्ना मागहरू कासिम सरकारसँग सरसल्लाहमा पूरा गर्ने तथा कासिम सरकारका नीति र कार्यक्रमहरूसँग आफ्ना नीतिहरू अनुकूल बनाउने कार्यनीति अपनाए ।

त्यसैले सन् १९५९ को मे दिवसको विशाल ऱ्यालीमा पार्टीको तर्फबाट लगाइएको केन्द्रीय नारा नै सरकारमा इकपाका प्रतिनिधिहरू समावेश गरिनुपर्ने रह्यो । ३ लाख जनताको सहभागिता भएको शक्तिशाली र ऐतिहासिक जनप्रदर्शनमा यसले सार्वजनिक रूपमा सरकारमा आफ्ना प्रतिनिधिहरूको सहभागिता हुनुपर्ने माग राखेर थोरबहुत सत्तालिप्सा देखाइयो भनी गरिएको आलोचनालाई गलत भन्न सकिन्न । विचारणीय पक्ष के हो भने यो लिप्सा मनोगत चाहनाबाट भन्दा पनि गलत सैद्धान्तिक कार्यनीति र रणनीतिको उपज थियो ।

यही कार्यनीतिअन्तर्गत सरकारमा जान खोजेको इकपाको एउटा केन्द्रीय मागको रूपमा सरकारमा आफ्नो सहभागिता हुनुपर्ने भन्ने रहेता पनि प्रम कासिमले भने केही समयसम्म टेरपुच्छर नै लगाएनन् । शुरूमा यस्तो मागलाई बेवास्ता गरिरहेका प्रम कासिमले आफ्नो सरकारप्रतिको यस पार्टीको समर्थनलाई यथावत रूपमा प्राप्त गरिराख्नका लागि थोरबहुत झुक्ने प्रयास गरे । दुई महिनापछि नै उनले इकपाका एक नेता नाजिया अल-दुलायमि र अरू दुईजना इकपा समर्थक व्यक्तिहरूलाई मन्त्रीको पदमा नियुक्त गरे ।

इराकको त्यसबेलाको राजनीतिक स्थिति अत्यन्त तरल थियो र त्यसमा ठोस राजनीतिक शक्तिको रूपमा विकसित इकपाले सत्तामाथिको कब्जाको सट्टा सत्ता-साझेदारीको मध्यमार्गी नीति लिएपछि यो पार्टी स्वयं सत्तासीन दलमा रूपान्तरित भयो र विपक्षी राजनीतिमाथि अरू शक्तिहरूकै प्रभुत्व कायम हुनपुग्यो ।

## प्रतिगमनको लर्को

सत्तामाथि कब्जा गर्न र राजनीतिक फड्को मार्न आमजनतालाई व्यापक रूपमा परिचालन नगरिएको कारणले दक्षिणपन्थी शक्तिहरूको चलखेल निकै बढ्यो । छिमेकी देश सिरियाली बाथ पार्टीका संस्थापक मिशेल अफलकजस्ता कट्टर साम्यवादविरोधी व्यक्ति र इराकी बाथ पार्टीको सक्रियता अचम्मसँग वृद्धि भयो । विजय प्रसादका अनुसार जुलाई क्रान्ति भएको दश दिनपछि नै बगदाद आएका अफलकको मूल ध्येय र ध्याउन्ना थियो, कासिम सरकारलाई इकपासँगको सहकार्यबाट अलग्याएर बाथ पार्टीतिर आकर्षित गर्नु । यसैबीच बाथ पार्टीले

> **इकपाको पोलिटब्यूरोमा भएका ताता-ताता बहसहरुको क्रममा पार्टी नेतृत्व के सहमतिमा पुगेको थियो भने आँट्ने मात्र हो भने पार्टीको शक्तिले सत्तामाथि कब्जा जमाउने हदसम्मको आत्मगत स्थिति तयार भइसकेको छ ।**

पनि वैधानिक संघर्षसँगै साम्राज्यवादी शक्तिहरूसँगको साठगाँठको सिलसिलामा ध्वंशात्मक कार्यलाई तेज पाऱ्यो । उसको लक्ष्य थियो, सके सरकारलाई आफूतिर तान्ने, नसके उसलाई ध्वस्त पार्ने ।

विडम्बना के भयो भने कासिम सरकार स्वयं पनि जनताका लोकतान्त्रिक माग र जनमुखी सुधारको कार्यलाई व्यवहारमा अनुवाद गर्नसक्ने हुति र बुद्धि भएका नेतृत्वको रूपमा देखिएन । त्यो त अरब जगतका अरू नासेरवादीहरूको तुलनामा पनि कमजोर देखियो । कासिम सरकारको व्यवहार हेर्दा लोकतन्त्रलाई मजबूत गर्ने र जनजीवनलाई समृद्ध पार्ने काममा त्यो पछौटे नै सावित भयो ।

साम्राज्यवादको विरोध र निरंकुश राजतन्त्रको उन्मूलनको एकसूत्रीय कार्यक्रमको भरमा सत्तासीन भएको कासिमसँग आमूल परिवर्तनको कुनै एजेण्डा थिएन । उनी शोषण-उत्पीडनमा आधारित समाजमाथि आउने चुनौतीहरूलाई निर्ममतापूर्वक दमन गर्न पनि पछि पर्दैनथे । र, उनको सरकार र उनको समाजको आफ्नै स्वतन्त्र सामाजिक आधार पनि थिएन । यस्तो भुइँफुट्टा भएको कारणले त्यसलाई जसले जहाँ पनि घुमाउने स्थिति बनेको थियो ।

यी सबै कुराको पृष्ठभूमिमा सन् १९५९ को मध्यदेखि कासिम सरकार राष्ट्रिय शक्तिहरूसँगको सहकार्य र लोकतान्त्रिक जनमुखी नीतिहरूबाट पछि हट्न थाल्यो । उसले राष्ट्रिय मोर्चा भंग गर्नुका साथै आफ्नो तानाशाहीलाई सुदृढ पार्न थाल्यो । बाथ पार्टी र साम्राज्यवादी शक्तिहरूको दवाब झेल्न नसकेर उसले आफूसँग सहकार्य गरिरहेको इकपामाथि नै दमनकारी व्यवहार देखायो । यस पार्टीका जनवर्गीय संगठनहरूलाई नियन्त्रित गरियो, यसको मुखपत्र र अखबारहरूमाथि प्रतिबन्ध लगाइयो र सन् १९६० देखि यसका कार्यकर्ताहरूको धरपकडलाई तीव्र पारियो ।

## मनतातो प्रतिरोधजन्य दुर्भाग्य

इकपासँग कासिम सरकारको अन्तरविरोध तीव्र र व्यापक भएको मौका छोपेर अमेरिकी सरकार र कम्युनिष्ट विरोधी बाथ पार्टीले नयाँ चाल चाल्यो । अमेरिकाको प्रत्यक्ष नीति-निर्देशन, निगरानी र लगानीमा बाथ पार्टीको लडाकू दस्ताका नाइके सद्दाम हुसेनको दस्तामार्फत् कासिमको हत्या गर्ने योजना बनाइयो । र, अक्टोबर १९५९ मा सद्दाम हुसेनको हत्यारा टोलीद्वारा हतारोमा गरिएको सैन्य आक्रमणमा उनी रौंभरको फरकले बाँच्न सफल भए । त्यसपछि पनि उनी झन् बेसी आक्रामक र निरंकुश हुन थाले, विशेषतः इकपाप्रति र यसको व्यापक जनाधार भएका उत्तरी इराकमा बस्ने कुर्द जातिप्रति ।

तर कस्तो अचम्म भने आफू सहभागी भइरहेको कासिमको सरकारले दमनकार्यलाई तीव्र पार्दा पार्दै पनि इकपाको प्रतिरोध नाममात्रको थियो, मनतातो मात्रै थियो । र, उसले त्यति हुँदा पनि सत्तालोलुपता उदांगो रूपमा प्रदर्शन हुने हदसम्म नै आफ्ना नेतृत्वदायी प्रतिनिधि नेता नाजिया अल-दुलायमिलाई मन्त्री पदमा यथावत रूपमा राखिछाड्यो । आफू सम्मिलित रहेको सरकारबाट आफ्नो पार्टी र सबै जनतामाथि दमनात्मक कार्य हुँदा पनि ईटको जवाफ पत्थरले दिनुको सट्टा मन्त्रीको कुर्सीमा टँसाइराख्नु कुनै पनि हिसाबले जायज थिएन ।

सन् १९६० नोभेम्बरमा कासिम सरकारबाट बर्खास्त नगरिएसम्म उनी मन्त्री पदमा टाँसिइ नै रहे, जुन कार्यलाई सामान्य लोकतान्त्रिक आचरणअनुसार पनि उचित मानिँदैन ।

पार्टी र नेताहरूको यस्तो स्वभावले गर्दा नै पछि गएर यसको जनसमर्थन र सहयोगका आधारमा पहिरो गयो र यो बाथ पार्टीले गरेको सैनिक विद्रोहको सशस्त्र जनप्रतिरोध गर्न असमर्थ भयो । ❑ *क्रमशः*

# लासहरूको नागबेली लामभित्र दोहोरो हत्यानीति

● विनोद ढुंगेल



*भिमान घटनामा मारिएका निहत्था नागरिक राजकुमार लामा*

*"**नेकपा** (माओवादी) विशेष केन्द्रीय कमाण्डअन्तरगत उपक्षेत्रीय ब्यूरो सदस्य तथा तामाङ्ग स्वायत्त प्रादेशिक जनसरकार सदस्य एवं अखिल नेपाल ट्रेड यूनियन महासंघका केन्द्रीय उपाध्यक्ष क. शम्भु पौडेल (रामचरण), उपक्षेत्रीय ब्यूरो सदस्य तराई स्पेशल कम्पनीका कमाण्डर क. रवीन्द्र र अर्का कार्यकर्ता क. पुरुषोत्तमलाई माघ २९ गते भवानीपुर गाउँमा शेल्टर लिई बिहान ११ बजेतिर नुहाइरहेको अवस्थामा शाही अमेरिकी जल्लादहरुले गोली हानी हत्या गरेको छ । उक्त घटनाको सुराकी देवापुर टेटा-१ घर भएको सिमरौनगढको शिक्षक रामेश्वर यादवलगायतहरुको प्रत्यक्ष संलग्नता रहेकोले निजलाई यही फाल्गुन १० गते सफाया गरिएको छ ।"*

यो माओवादीको विशेष केन्द्रीय कमाण्ड, क्षेत्रीय संगठन व्यूरोका इन्चार्ज सोनामले बाराको हिंसा-प्रतिहिंसामाथि गरेको टिप्पणी हो ।

राज्यको तर्फबाट पनि यस्तै टिप्पणीहरू दैनिकजसो सार्वजनिक हुने गरेका छन् । फलानो ठाउँमा भएको दोहोरो भिडन्तमा यतिजना 'आतंककारी' को मृत्यु भयो र सो ठाउँबाट सकेट बम यति थान, डेटोनेटर, प्रेसकुकर बम, केही बन्दोवस्तीका सामान र आतंककारी दस्तावेज बरामद गरिए भन्ने व्यहोराको समाचार विभिन्न श्रोतको हवाला दिदै सरकारी सञ्चारमाध्यमले प्रचार गरिरहन्छन् । मानवीय जीवनक्षतिको असंवेदनशील तथ्यांक यसरी सार्वजनिक हुनथालेको अब त नौ वर्ष लागिसकेको छ । राज्यसत्ता कब्जा गर्ने उदेश्यसहितको नेकपा(माओवादी)को सशस्त्र विद्रोह र प्राप्त राज्यसत्ताको साँचोलाई भनभन दर्बिलो गाँठोमा कस्दै जाने सत्तापक्षको छिनाभपटीमा मृत्युको खवर क्रमशः फिका हुँदै गएको छ । यसबीचमा माओवादी र राज्यसत्ता दुवै सैनिक सुदृढीकरणतर्फ तल्लीन छन् भने निशस्त्र रणनीतिक शक्तिहरू राजनीतिको मूल प्रवाहबाट क्रमशः किनाराका दर्शक हुँदैछन् ।

यो अवस्थामा, राजनीतिक दलहरूको नेतृत्वमा चलेको सरकार र राजाको प्रत्यक्ष शासनमा सञ्चालित २०५९ असोज १८ गतेपछिको सरकारका कार्यकालमा भएका हत्याका घटनाहरू अतुलनीय छन् । माओवादीले जनयुद्ध शुरू गरेयता शाही घोषणाको दिनसम्म मारिएका ५ हजार ८ सय एक जनामध्ये राज्यका तर्फबाट ३ हजार ८ सय ४९ जना र माओवादीका तर्फबाट एक हजार नौ सय ५२ थिए । इन्सेकको यो तथ्यांक अनुसार त्यो अवधिमा राज्यले दैनिक १.६१ र विद्रोहीले ०.८२ जनाका दरले नेपालीको ज्यान लिन्थे । तर, शाही घोषणापछि यो मृत्यु तथ्यांकमा हवात्तै फेरबदल आयो । अब राज्यले दैनिक ४.६४ जनाको र माओवादीले १.८६ जनाको ज्यान लिन थालेका छन् । फागुन १३ गतेसम्मको तथ्यांक हेर्ने हो भने राज्यले ६ हजार १ सय ६८ र माओवादीले २ हजार ८ सय ८३ जनाको हत्या गरेका छन् । त्यतिखेरसम्म प्रतिदिन ३.१३ जना नेपाली राज्य र विद्रोही दुवैले मिलेर मार्ने गरेका थिए । यसबीचमा दुइ पटक भएका युद्धविरामले मृत्यु श्रृंखला तोड्ने प्रयास गरेका थिए । दोस्रो युद्धविरामको करीव सात महिनाको अवधिमा दैनिक ०.६१ जना मान्छे मारिए । यसमध्ये राज्यले ८० र माओवादीले ४७ जनाको हिस्सा मात्र लिए । तर, त्यसपछिका दिनहरू भयानक कहालीलाग्दा देखापरेका छन् । दोस्रो युद्धविराम भंग भएपछि गत कुसेऔंसीका दिनदेखि शिक्षा दिवसको भोलिपल्टसम्मको अवधिमा दैनिक करिव एक दर्जन अर्थात् ११.६९ जनाको प्राणहरण भइरहेको छ । यस उद्योगमा माओवादीलाई सरकारले भण्डै तेब्बरको फरकले उछिनेको छ । माओवादीद्वारा दैनिक ३.१९ जना अर्थात् ५ सय ६७ र सरकारद्वारा दैनिक ८.५० अर्थात् १ हजार ५ सय १३ जना ।

हत्याको यो नागबेली लर्कोमा सबैभन्दा अगाडि फेरि पनि तिनै राजनीतिक दलका कार्यकर्ताहरू परेका छन्, जसलाई राज्यपक्षका शीर्ष पुरूष राजाले सम्मानका माला आफू पहिरेर अपमान गर्ने गरेका छन् र विद्रोही 'क्रान्तिकारी' हरूले गाउँ निकाला गरेका छन् । यसरी जनयुद्ध थालिएयता राज्यले ४ हजार ३२ जना र माओवादीले २ सय ९३ जना राजनीतिककर्मीको हत्या गरेका छन् । त्यसपछि क्रमशः कृषक, सरकारी कर्मचारी र सर्वसाधारण छन् । सञ्चारजगत र नागरिक समाज भने दुई थरिका बन्दूकका आवाज सुन्दै मृत्युको लेखा राखिरहेका छन् । मृत्युको यो श्रृंखलाभित्रबाट युद्धरत पक्षहरूको प्रवृत्तिगत हिंस्रक विशिष्टताहरू उजागर हुन थालेका छन् । गत कार्तिकको शुरूमै पोलिटव्यूरोको निर्णयअनुसार राजनैतिक नेता, कार्यकर्तामाथि कारवाही नगर्ने निष्कर्षमा पुगेर ज्यादती घटाएको माओवादीको त्यो प्रवृत्ति स्थिर रहन सकेन । त्यसयता करीव चार महिनाको अवधि बित्दानबित्दै फागुनको पहिलो सातासम्ममा दुई दर्जनभन्दा बढी राजनीतिक कार्यकर्ताको हत्या भइसकेको छ । जुनसुकै आरोपमा भए पनि त्यसरी भएका हत्याले माओवादीलाई प्रश्न गर्ने प्रशस्त ठाउँ दिएको छ । राजनीतिक कार्यकर्ताका अलावा सर्वसाधारण, सामाजिक कार्यकर्ता, विद्यार्थी, पत्रकार, मजदूर पनि माओवादीको हातबाट मारिइरहेका छन् । यसैगरी सेती र कर्णालीतिरबाट माओवादीले कब्जा गरेका व्यक्तिहरूलाई 'मुसल' लगाएर यातना दिने गरेका घटनाहरू थाहा भएका छन् । माओवादीले हत्यापछि त्यसको जिम्मेवारी लिंदै 'सफाया' गरेका प्रायःजसो सबैलाई 'सुराकी' भएको आरोप सार्वजनिक गर्ने गरेको छ ।

सरकारले पनि औपचारिक रूपमै 'आत्मसमर्पण नीति' जारी गरेर 'सुराकी' हुन वा खुला रूपमा जानकारी दिन प्रलोभन नै प्रस्तुत गरेको । त्यसअनुसार आत्मसमर्पण गर्नेको संख्या बढ्दै गरेको जानकारी सुरक्षा अधिकारीहरू



*भिमान घटनामा परेको एउटा घर*


नियमित पत्रकार भेट्घाटमै दिइरहेका छन् । यद्यपि, माओवादीनिकट विश्लेषकहरू भने माओवादीको 'कोर फोर्स' नभएर ढुल्मुले चरित्रका, स्वार्थी र पार्टी कारवाहीमा परेका व्यक्तिहरूले मात्र आत्मसमर्पणमा आफ्नो 'अनुहार देखाएको' दावी गर्छन् । तर, त्यो विश्लेषणमा भने काफी पूर्वाग्रह र माओवादीप्रतिको सदाशयता प्रकट हुन्छ । मकवानपुरको हाँडीखोला गाविस, भिमानखोलामा माघको अन्तिम साता सुतिरहेका पर्सा जिल्ला सचिव बासु लामिछानेलगायतका माओवादी कार्यकर्ता र केही सर्वसाधारणको समेत सेनाले हत्या गर्न सक्नुमा माओवादीको उपल्लो स्तरका कार्यकर्ताले सुराकी गरेको स्रोतहरूले जानकारी दिएका छन् । सोही सुराकीको आधारमा सिंगो पर्सा जिल्लास्तरीय नेतृत्व मात्र नभएर जनसरकार उप-प्रमुखसहितको हत्या हुन पुगेको बताइएको छ ।

पछिल्ला दिनहरूमा माओवादीले पहाडभन्दा तराईमा बढी क्षति भोग्नु परेको देखिएको छ । अहिले सुरक्षा फौजका व्यक्तिहरू तराईमा सादा पोशाकमा पैदल वा कतिपय अवस्थामा मोटर साइकलमा गस्तीमा जान थालेका छन् । आत्मसमर्पण गरेका व्यक्तिहरू वा सुराकीलाई समेत लिएर गस्तीमा जाने गरेका उनीहरूले फागुनको दोस्रो साता बाराकै जैतापुरमा दुई जनाको हत्या गरेका थिए ।

बाराकै अर्को एक घटनाले पनि सेनाको मनोवल उच्च कायम रहन नसकेको उदाहरण दिन्छ । माघ २९ गते रघुनाथपुर गाविस-४, पचायनपुर पुगेका करीव एक दर्जन सुरक्षाकर्मीले किशोरी राउत कुर्मी र सुरेश राउत कुर्मीलाई सादा पोशाकमा गएरै हत्या गरेको विवरण सार्वजनिक भएको छ । माओवादीभैं देखिने पोशाकमा गएका ती सुरक्षाकर्मीले अन्धाधुन्द गोली चलाउन थालेपछि माओवादी होलान् भन्ठानेर भागेका खेतमा काम गरिरहेका ती दुई सर्वसाधारण व्यक्तिलाई गोली लागेर घाइते भइसकेपछि समातेर गोली प्रहार गरी मारिएको थियो । त्यसपछि पटक पटक लाग्ने गरेका आरोपहरूजस्तै ती सुरक्षाकर्मीले आफैले लिएर आएका 'माओवाद जिन्दावाद' लेखिएको एउटा पट्टा मृतकहरूको टाउकोमा बाँधी फोटो खिचे र स्थानीय तीन जनालाई खन्न लगाएको खाल्टोमा उनीहरूलाई पुर्न पनि लगाए ।

यस्ता घटनाहरू र दोहोरो भिडन्तमा परी माओवादीको मृत्यु भनिने आम खवरहरूले सरकारी सुरक्षा रणनीतितर्फ संकेत गर्छ । अहिले सुरक्षाकर्मीहरूले माओवादी कार्यकर्ताहरूलाई समातेर सूचना लिन कोशिस गर्ने, उनीहरूले सूचना नदिए पनि मार्ने र दिए पनि सूचना लिइसकेर मार्ने गरेको कुरामा अमेरिकाले समेत विश्वास गरेको छ ।

माओवादीविरूद्ध हरेकखाले सहयोग गर्दै आएको अमेरिकाका विदेशमन्त्री कोलिन पावेलद्वारा फागुन १३ गते सार्वजनिक गरिएको अन्तर्राष्ट्रिय मानवअधिकार प्रतिवेदनमा समेत सो उल्लेख गरिएको छ । त्यसमा भनिएको छ- सुरक्षा फौजले स्वेच्छाचारी ढंगले घातक शक्ति प्रयोग गर्दै आएको छ । थुनामा रहेकाहरूलाई दुर्व्यवहार गरिएको छ । सजायका रूपमा वा सत्य बकाउने निहुँमा यातनाले निरन्तरता पाएको छ । अमेरिकी प्रतिवेदनमा भनिएको छ- गिरफ्तार व्यक्ति हिरासतबाटै हराउनु एउटा समस्याको रूपमा रहेको छ ।



*भिमान घटनामा मारिएका विकास नामबाट चिनिने पर्सा जिल्ला सेक्रेटरी बासु लामिछाने*

एकातिर यसरी समातिएकाहरू समेत मारिएको स्थिति छ भने अर्कातिर समात्न सक्ने अवस्था भए पनि वा समातिएपछि पनि सेनाले हत्या गर्ने गरेका उदाहरण 'दोस्रो दोरम्वा' को संज्ञा पाएका भिमानखोला र दोहोरो भिडन्तको नाममा भइरहेका कतिपय घटनाबाट पुष्टि भइरहेका छन् । मानव अधिकारसम्बन्धी कतिपय अन्तर्राष्ट्रिय संस्थाहरूले भन्दै आएको 'नक्कली भिडन्त' लाई यसपटक घुमाउरो पारामा अमेरिकाले पनि स्वीकारेको छ । अमेरिकी प्रतिवेदनमा लेखिएको छ- 'सुरक्षा फौजले लगातार स्वेच्छाचारी र गैरन्यायिक हत्या गर्दै आएको छ ।' अमेरिकी प्रतिवेदनले 'केही पर्यवेक्षकहरू' को हवाला दिंदै सुरक्षाकर्मीद्वारा गिरफ्तार माओवादीहरूलाई थुनामा राख्नुभन्दा हत्या गर्दै आएको फेला परेको जनाएको छ । यसरी 'जसरी भए पनि मार्ने' नीतिमा सामेल शाही नेपाली सेना असंख्य हत्याप्रति जिम्मेवार रहेको र हिरासतमा दिइएको यातनाबाट धेरैको हत्या भएको दावी गर्दै अमेरिकाले यो पनि भनेको छ- 'सुरक्षा फौजका सदस्यहरू आफूअन्तर्गतका सुरक्षाकर्मीले गरेको गल्तीको छानवीन गर्न र तिनलाई अनुशासनको कारवाही गर्न त्यहाँभित्र विद्रोह हुने डरले अनिच्छुक देखिन्छन् ।'

अमेरिकाले माओवादीलाई पनि सुरक्षा फौजका निहत्था व्यक्तिहरू, राजनीतिक कार्यकर्ता र नागरिकहरूको हत्या गरेको तथा यातना दिएको उल्लेख गर्दै आलोचना गरेको छ । त्यसो त युद्धविराम भंग भएयता माओवादीभन्दा सरकारी सुरक्षाकर्मीहरू बढी आक्रामक देखिएबाट पनि हत्यामा राज्यपक्ष बढी संलग्न भएो देखापर्छ ।

यसरी माओवादी अहिले रक्षात्मक भएर सरकारलाई 'थकाउने' नीतिअनुसार पछि हटेकोले सरकारी सैन्यबलमा विजयबोध ज्यादा हुनुपर्ने हो । तर, भौतिक अवस्था सुदृढ भए पनि काभ्रेको पोखरी चौरमा बलात्कारको आरोप व्यहोर्नु, सादा पोशाकमा गस्ती गर्नु र खानतलासी लिनु, शिवरात्रीमा चन्दा उठाइरहेका व्यक्तिहरूलाई समेत माओवादी देख्नु, निशस्त्र व्यक्तिलाई मार्नु, गस्तीमा माओवादी भेष धारण गर्नुजस्ता प्रवृत्तिले मनोवैज्ञानिक रूपमा सरकारी सुरक्षा बललाई भयमुक्त र सवल देखाउन सकेको छैन । सुरक्षा अधिकारीहरूले 'छापामारसँग छापामार' युद्धकला अनुसार नै लड्नुपर्छ' भन्ने तर्क दिंदै राज्य आफ्नो दायित्वबाट पन्छिन मिल्दैन ।

युद्धरत दुबै पक्षको जिम्मेवारीबोध कमजोर भएको र राजनैतिक सन्तुलनसमेत नदेखिएको यो अवस्थाले गैरमाओवादी र गैरसुरक्षाफौज निशस्त्र नागरिकहरूको लाशको नागबेली लामलाई अरू बढाउने छ । ❑

**११ पेजको बाँकी**

विरूद्ध उभिने विश्लेषणले मात्र काम गरेको छैन, राजाविनाको नेपालको नेतृत्व गरेर के अगाडि बढ्न सकिन्छ भन्ने लघुताबोधले पनि काम गरेको देखिन्छ । विगत बाह्र वर्षमा नेपालको लोकतान्त्रिक आन्दोलनमा पलाएका ऐंजेरूहरू, नेतृत्वपंक्तिमा रहेका मानिसहरूमा विकसित विकृति र विसंगतिले पनि इतिहासको यस संगीन घडीमा लिनुपर्ने आँट र देखाउनुपर्ने उत्सर्गको भावनालाई अजिङ्गरले झैं खाइदिएको छ र खुट्टा कमाउने स्थिति जन्मिएको छ ।

संयुक्त आन्दोलनको अगुवाइ गरिरहेका दुई ठूला दलहरूमै आन्तरिक द्वन्द सबैभन्दा बढी पाइन्छ । देशले एकता र सुस्पष्ट गन्तव्यको माग गरिरहेको छ, तर पार्टीका कतिपय महत्वपूर्ण नेताहरू नै सोझो वा घुमाउरो रूपमा पार्टीका विरूद्ध उभिएको स्थिति छ । शैलजा आचार्यहरू जस्ता धेरै आचार्यहरू छन् पार्टीहरूभित्र, जसले आन्दोलनलाई प्रभावशाली बनाउनबाट रोक्नका निम्ति भूमिका निर्वाह गरिरहेका छन् ।

गणतन्त्रको मागमा प्रवेश गरेर अगाडि बढ्दा गणतन्त्र आउँछ कि आउँदैन, बहसको विषय बन्नसक्छ । तर गणतन्त्रको नारा र मागमा प्रवेश गर्ने भन्ने विषय, अब बहसको एजेण्डा बन्नुपर्ने समय गुज्रिसकेको छ । गणतन्त्रको मागसहित अगाडि बढ्ने आन्दोलनले नै बुर्जुवा लोकतन्त्रलाई पूर्णता प्रदान गर्ने संझौताको विन्दुमा पुर्‍याउने छ दलहरूलाई । ०४६ साल र त्यसभन्दा अगाडिको स्थितिबाट धेरै अघि बढिसकेको छ नेपाल र यसले लोकतन्त्रको पूर्णताको लागि नयाँ नारा र मागहरूको आवश्यकता दर्शाइरहेछ । अर्कातिर संयुक्त रूपमा आन्दोलनरत दलहरूमा नै दृष्टिकोणमा एकरूपता छैन । कांग्रेस एउटा थोक भन्छ, एमाले अर्कोथोक, जनमोर्चा एउटा कुरा गर्छ भने ने.म.कि.पा. अर्कै । प्रतिगमन परास्त गर्दै पूर्ण लोकतन्त्रको दिशातिर अघि बढी वर्तमान संकटलाई समाधान गर्न साझा दृष्टिकोण र सहमतिको आवश्यकता छ यतिबेला ।

लोकतान्त्रिक आन्दोलनका निम्ति चल्ने निर्णायक आन्दोलनले नै अन्तराष्ट्रिय लोकतान्त्रिक शक्तिहरूको सहयोग र समर्थनको मात्रालाई पनि निर्धारित गर्नेछ । लोकतन्त्रका विपक्षमा अहिले कुनै शक्ति पनि खुल्लारूपमा देखापर्ने स्थिति विद्यमान छैन । राजालाई सबैभन्दा बढी सघाइरहेको अमेरिका जस्तो शक्तिले पनि लोकतन्त्रको रक्षाको कुरा उठाउनु परिरहेछ । युरोपेली युनियनजस्ता संस्थाहरू स्पष्ट र दह्रो ढङ्गले लोकतन्त्रका पक्षमा देखिएका छन् र माओवादी समस्याको समाधान राजनैतिक रूपमा गर्नुपर्छ भनिरहेका छन् । राजाका पछिल्ला कदमहरूले उनीहरूलाई बेस्सरी झस्काएको छ । तर लोकतान्त्रिक शक्तिहरूको दह्रो सहयोग नेपालमा आन्दोलनरत दलहरूकै भूमिकामा निर्भर गर्नेछ । जोखिम त परिवर्तनका निम्ति इतिहासमा उठाउनै पर्छ । क्षति नै नभई आन्दोलन सफल भएको इतिहास कतै छैन ।

## माओवादीको भूमिका

आन्दोलनलाई सफल बनाउन आन्दोलनरत दल र माओवादीहरूबीच सहकार्य आवश्यक छ । तर माओवादीहरूको सशस्त्र संघर्ष, नीति, विचार र कार्यक्रम तथा दलहरूको नीति, विचार र कार्यक्रमका बीच धेरै ठूलो अन्तर छ । यही अन्तर नै सहकार्यका निम्ति मुख्य अवरोधका रूपमा रहेको छ । सत्ताद्वारा आतंकवादी घोषणा गरिएको र बन्दूक उठाइरहेको माओवादी र वैध मानिएका राजनैतिक पार्टीहरूबीचको सहकार्य यसो हेर्दा असंभव जस्तो पनि लाग्दछ । तर परिवर्तित परिस्थितिले, दुवै पक्षले कतिपय कुरामा पुनर्विचार गर्ने हो भने लोकतन्त्रको पूर्णताका निम्ति सहकार्य संभव छ भन्ने पनि देखाउँछ । फागुन ९ गते सम्पन्न वाममोर्चाको संमेलनद्वारा पारित प्रस्तावमा भनिए जस्तै यसकानिम्ति माओवादीहरूले गर्नुपर्ने पहिलो कार्य तत्काल युद्धविराम घोषणा हो । हतियारलाई बिसाएर प्रतिगमनविरोधी आन्दोलनमा सहकार्यका निम्ति अगाडि बढ्दा एउटा नयाँ परिस्थितिको निर्माण हुनेछ । दोश्रो, माओवादीहरूले सच्याउनु पर्ने कुरा विपक्षीहरूप्रतिको व्यवहार हो । आन्दोलनरत दलहरूले प्रतिगमनविरोधी आन्दोलनको साथसाथै माओवादीहरूले उठाइरहेका एजेण्डाहरूको उपयुक्त सम्बोधन गर्ने गरी आफूलाई प्रस्तुत गर्नु पर्दछ । यसो हुँदा सहकार्यका निम्ति ढोका खोल्न मदत पुग्नेछ । परिस्थितिले स्पष्ट गरेको कुरा निरंकुशताविरोधी दुवै शक्तिहरू सँगै अगाडि बढ्न तयार नहुँदासम्म लोकतान्त्रिक आन्दोलन जित्न सकिँदैन भन्ने हो । माओवादीको युद्धविरामको घोषणाले सत्ताको बन्दूकलाई अप्रासंगिक बनाइदिने मात्र छैन, लोकतान्त्रिक आन्दोलनलाई एक नयाँ आयाम प्रदान गर्न पनि सहयोग पुर्‍याउने छ ।

## निचोड

मरे न मोटाएको आन्दोलनको मानसिकताबाट मुक्त हुँदै अगाडि बढ्नु पर्ने ऐतिहासिक घडी हो यो । उस्तै उस्तै हलुका कार्यक्रमहरूको चक्रीय रोगबाट मुक्त हुँदै साहसपूर्वक सशक्त र निर्णायक आन्दोलनको दिशातिर हाँकिनुपर्ने विशिष्ट स्थितिका माझबाट गुज्रिरहेको छ मुलुक । व्यापक संयुक्त मोर्चा र सुस्पष्ट लोकतान्त्रिक एजेण्डासहित अघि बढ्दा मुलुकले ऐतिहासिक उपलब्धि प्राप्त गर्न सक्दछ । अहिलेसम्मको आन्दोलनको तालले दलहरू साँच्चिकै सत्ताका भोका नै त होइनन् भन्ने मानसिकतालाई नै बढी मलजल गर्ने काम गरेको छ । दरबारको संकेत कतिसम्म चर्चित छ भने, त्यसलाई लिएर दलहरूलाई उडाउनुसम्म उडाइन्छ । संकेत पाए सामान्य कुरामा पनि आन्दोलन बिसाउँछन् भन्ने टिप्पणी मानिसहरूका ओठ ओठमै झुण्डिएको छ । यो सत्तानिर्मित मनोविज्ञान मात्र होइन, आफ्नै भूमिकाले निर्माण गरेको मनोविज्ञान पनि हो । जनसमर्थन र सहयोगका दृष्टिले आन्दोलनको जमीन कमजोर छैन, कमजोर बनाएको छ दलहरूकै भूमिकाले । दह्रोसँग सुस्पष्ट एजेण्डासहित अघि बढ्न सके अहिले पनि देशै हल्लाउने गरी आन्दोलन हुनसक्छ । तर एजेण्डामा स्पष्ट राजाका अगाडि आन्दोलनरत दलका एजेण्डाहरू अस्पष्ट र अमूर्त छन् । फागुनको कार्यक्रम त घोषणा भइसकेको छ, तर चैत्रमा घोषणा गरिने कार्यक्रम निर्णायक र सशक्त प्रकृतिको हुन जरूरी छ । अहिलेको आवश्यकता मरे न मोटाएको आन्दोलनको गोलचक्करबाट मुलुकलाई मुक्त गर्नु हो । ❑



**माओवादीहरूले गर्नुपर्ने पहिलो कार्य तत्काल युद्धविराम घोषणा हो । हतियारलाई बिसाएर प्रतिगमनविरोधी आन्दोलनमा सहकार्यका निम्ति अगाडि बढ्दा एउटा नयाँ परिस्थितिको निर्माण हुनेछ ।**

१५ पेजको बाँकी

पनि भए । प्रधानमन्त्री जंगबहादुर राणा मुलुकको सरकार-प्रमुख र कार्यकारिणी-प्रमुख बनेपछि नेपाल अधिराज्यका प्रधानमन्त्री नै सेनाको सर्वाधिकारसम्पन्न प्रमुख बन्ने प्रचलन प्रारंभ भयो । २००७ सालको राजनीतिक परिवर्तनसँगै यस व्यवस्थामा परिवर्तन आएको हो । त्यसैले कार्यकारिणी अधिकार जोसँग छ, सेना पनि त्यसैसँग वा त्यसअन्तर्गत रहने नै नेपालको पनि परम्परा हो भन्ने स्पष्टै छ ।

संविधान, २०४७ ले नेपालको शासन संचालन गर्ने, त्यसलाई नियन्त्रण गर्ने तथा निर्देशन दिने अभिभारा मन्त्रिपरिषद्लाई दिएको छ र त्यो मन्त्रिपरिषद् राजाप्रति नभएर संसद्प्रति उत्तरदायी हुन्छ । तर सम्मानका निम्ति राखिएका केही शब्दावलीलाई आधार बनाएर २०५८ असोज १८ पछि कार्यकारिणी अधिकार पनि विवादमा पारिएको छ । तर लोकतन्त्रमा राजसंस्था रहेको अवस्थामा पनि सेनाको सञ्चालन र नियन्त्रण जनप्रतिनिधिहरूले नै गर्ने हो । अबको संवैधानिक विकासमा यस विवादलाई स्पष्ट रूपमा टुङ्गो लगाउनु पर्छ । नेपाली कांग्रेसको १४ सूत्रीय संवैधानिक परिवर्तन र विकासको अग्रगामी कार्यक्रम तथा नेपाली कांग्रेस र एमालेलगायतका पाँच संसदीय दलहरूको १८ बुँदे प्रतिबद्धताले सेनाको सम्बन्धमा विद्यमान रहेका अस्पष्टतालाई अन्त्य गर्न खोजेका छन् ।

## लोककल्याणकारी राज्यको दायित्व

अहिलेको सन्दर्भमा लोककल्याणकारी कार्यहरूमा राज्यको भूमिका के कति रहने र कसरी रहने भन्ने विषय पनि बहसमा देखिएको छ । यस सम्बन्धमा नीति-निर्देशक सिद्धान्तका रूपमा केही विषयहरू २०४७ को संविधानमा पनि परेका छन् । तर यसमा लोककल्याणका विषयहरू राज्यको वैधानिक जिम्मेवारीभन्दा नैतिक दायित्वको रूपमा मात्र व्यवस्थित भएको छ, जुन उचित भएन । कुन दिशातर्फ राज्य हिंड्ने र कसरी जाने भन्ने कुराको एउटा नैतिक खाका त त्यसले दियो, तर वैधानिक स्वरूप दिएन भन्ने कुरा अहिलेसम्मको अभ्यासले देखायो । राज्यको सामर्थ्य वृद्धिसँगसँगै यसको लोककल्याणकारी क्षमता पनि वृद्धि हुँदैजाने कुरा हो । तर जे जति राज्यको सामर्थ्य छ, त्यो सामर्थ्यभित्र उसले गर्नसक्ने विषय के के हुन् र गर्नैपर्ने विषय के के हुन् भनेर तोकिंदा त्यसले उत्तरदायी शासनलाई नै बलियो बनाउँछ र त्यसलाई पूर्णता दिन्छ । वास्तवमा हामीले उत्तरदायी शासनको कल्पना गर्दा र यस मान्यतालाई स्थापित गर्दा राज्यले केही विषयहरूमा आफ्नो दायित्व पनि निर्वाह गर्छ भन्ने आधारमा नै भनिएको हो । त्यसैले शिक्षा र स्वास्थ्यको विषयमा राज्यको जिम्मेवारीको पक्ष के कति हो ? रोजगारीको पक्षमा पनि राज्यले के कति मात्रामा जिम्मेवारी लिनुपर्छ र नागरिकको कठिनाइमा राज्य आफै अग्रसर भएर सहयोगी बन्नुपर्छ भन्ने कुरा स्पष्ट रूपले संविधानमा तोकिनु र किटान गरिनु आवश्यक छ । राज्यको क्षमता र सामर्थ्यसँगसँगै यी सबै कुराहरू वृद्धि हुँदै जान्छन् । तैपनि कुन बिन्दुबाट यस प्रक्रियालाई प्रारंभ गर्छौं भन्ने कुराको लेखाजोखा हुनु जरूरी छ । र, यसले एउटा त आम नागरिकमाथि राज्यको दायित्वलाई स्थापित गर्छ, अर्को, विभिन्न ऐतिहासिक, सामाजिक र अन्य कारणहरूले समेत पनि पछाडि परिरहेका र अवसरबाट बञ्चित भएका समूहहरूलाई अगाडि ल्याउन र प्रतिस्पर्धाका निमित्त तयार गराउनका लागि पनि राज्यले दिनुपर्ने प्रारंभिक संरक्षण र सुविधाको पनि स्पष्ट निर्धारण गरिदिन्छ । त्यसबाट मात्रै समतामूलक समाजको निर्धारण गर्न सकिन्छ । यो लोकतान्त्रिक समाजको एउटा मूल आधार हो ।

> **लोककल्याणकारी राज्यलाई व्यवस्थित गर्नको निम्ति शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयहरु राज्यको नैतिक बन्धनको रुपमा मात्र राख्नु हुँदैन । त्यसलाई राज्यको दायित्वको रुपमा वैधानिक परिपाटी र व्यवस्थापनभित्र पनि सामेल गर्नु आवश्यक हुन्छ ।**

> **जनताको प्रतिनिधिको रुपमा रहने प्रतिनिधिमूलक संस्थासमक्ष नै उत्तरदायी भएर न्यायपालिकाले जनताप्रति उत्तरदायी भएको प्रक्रिया पूरा गर्नुपर्छ ।**

समानता, स्वतन्त्रता र भातृत्व लोकतन्त्रको मूल आधार भएकाले समानता र भ्रातृत्वको वातावरण सिर्जना हुनाका लागि सही रूपमा सबैको निमित्त समान अवसर र त्यो अवसर हासिल गर्नको लागि उपयुक्त व्यवस्थापन जरूरी छ । त्यसैले लोककल्याणकारी राज्यलाई व्यवस्थित गर्नको निम्ति शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयहरू राज्यको नैतिक बन्धनको रूपमा मात्र राख्नु हुँदैन । त्यसलाई राज्यको दायित्वको रूपमा वैधानिक परिपाटी र व्यवस्थापनभित्र पनि सामेल गर्नु आवश्यक हुन्छ । यसले समग्रमा उत्तरदायी शासन, समतामूलक समाज, भातृत्वबोध र पारस्परिक सम्बन्धलाई विकसित गर्न जोड दिन्छ ।

उत्तरदायी न्यायप्रणाली

राज्यको महत्त्व न्यायको दृष्टिले पनि बढी देखिएको हुन्छ । समाजमा सबै एकैनासका व्यक्तिहरू नभएको अवस्थामा कोही अन्यायमा पर्ने, कसैमार्फत् दबाइने र पीडा बेहोर्नु पर्ने परिस्थिति सिर्जना हुन्छ । त्यसबाट पीडितहरूलाई मुक्त गर्न राज्यले एउटा परिपाटी सिर्जना गरेको छ । त्यो परिपाटी भनेकै न्याय प्रदान गर्नु हो । कसैमाथि अन्याय नपरोस् भनेर निश्चित व्यवस्था निर्धारित गरिन्छ । त्यसलाई हामी स्वतन्त्र न्यायपालिका भन्छौं । हाम्रो न्यायप्रणाली ज्यादै ढिलो छ भन्ने कुरा हामी सबैले स्वीकार गर्छौं । ढिलो न्याय अन्यायको बराबर हो भन्ने कुरा पनि न्यायिक क्षेत्रमा प्रचलित छ । त्यसभन्दा पनि अगाडि न्याय दिने परिपाटीलाई स्वतन्त्र बनाउन न्यायपालिका स्वतन्त्र र अधिकारसम्पन्न हुनु जरूरी छ, साथै त्योभन्दा बढी उत्तरदायी हुनु पनि जरूरी छ ।

न्यायपालिकालाई कसरी उत्तरदायी बनाउने ? उसलाई सही बाटोमा हिंडाउनका लागि कसले उत्साहित र प्रेरित गर्ने भन्ने प्रश्न लोकतान्त्रिक शासन प्रणालीमा सबभन्दा महत्त्वपूर्ण प्रश्नको रूपमा उठ्ने गरेको छ । एकातिर न्यायपालिकालाई स्वतन्त्र राख्नु जरूरी छ । त्यसमा खासगरी कार्यपालिकाको दखल नपरोस् भन्नेतर्फ ध्यान राख्नुपर्ने हुन्छ । त्यससँगसँगै न्यायपालिकालाई जनताप्रति उत्तरदायी बनाउनु पनि जरूरी छ । यदि त्यो कतै पनि उत्तरदायी नभएर आफै पूर्ण भयो भने पनि त्यसले सही ढंगबाट न्याय दिन सक्दैन । त्यहाँ विकृति र विभिन्न किसिमका खराबीले प्रवेश गर्ने संभावना पनि उत्तिकै प्रबल मात्रामा रहने अवस्था हुन्छ ।

लोकतन्त्रमा अन्तिम रूपले उत्तरदायित्व निर्वाह गर्नुपर्ने जनताकै अगाडि हो । जनताको प्रतिनिधिको रूपमा रहने प्रतिनिधिमूलक संस्थासमक्ष नै उत्तरदायी भएर न्यायपालिकाले जनताप्रति उत्तरदायी भएको प्रक्रिया पूरा गर्नुपर्छ । त्यसैले न्यायपालिकालाई ठीक तरिकाबाट हिंडाउने र उत्तरदायी बनाउने जिम्मेवारी संसद्कै हुने मान्यता स्वीकृत गरिएको हो । यस परिप्रेक्ष्यमा न्यायाधीशहरू अथवा न्यापालिकाको क्रियाकलापमाथि संसद्को जिम्मेवारी के कति हो ? संसद्ले आफ्नो जिम्मेवारी कसरी निर्वाह गर्ने, कुन मात्रामा गर्ने भन्ने प्रष्ट व्यवस्था हुनु जरूरी छ । २०४७ सालको संविधानमा न्यायाधीशहरूलाई संसद्ले महाअभियोग लगाउन सक्ने प्रावधान त रह्यो, तर त्यसअनुरूपका अन्य कानूनी प्रबन्ध, व्यवस्था र त्योसँगसँगै आचारसंहिताको पालना भएको नभएको बारेमा निर्देश गर्ने ध्यानाकर्षण गर्नेसम्बन्धी विषयहरू कसको जिम्मेवारीमा कसरी रहने र कसले हेर्ने भन्ने कुराहरूको प्रबन्ध हुनुपर्ने जरूरी छ । त्यसले मात्रै न्यायपालिकालाई अधिकारसम्पन्न र उत्तरदायी बनाउन सक्छ ।

## राजसंस्था : भूमिका र भविष्य

अहिले नेपालमा राजसंस्थाको भूमिका र भविष्यका

बारेमा छलफल शुरू भएको छ । त्यसैसँग जोडिएर गणतन्त्रको विषयले पनि प्रवेश गरेको छ । निश्चित रूपमा अहिले उठेको गणतन्त्रको विषय भनेको लोकतान्त्रिक मान्यता र बहुलवादी संस्कृतिमा आधारित गणतन्त्र नै हो । नागरिकहरू नै राष्ट्रको अन्तिम निर्णयकर्ता हुन् । उनीहरू नै सर्वोच्च शासक र शासित पनि हुन् भन्ने मान्यताले नै गणतन्त्रको धारणालाई स्थापित गरेको हो । त्यसैले लोकतन्त्रको मान्यतामा गणतन्त्र एउटा स्वभाविक, सहज स्थापना हो । संवैधानिक राजसंस्था भनेको एउटा तात्कालिक व्यवस्थापनका सन्दर्भमा उत्पन्न भएको मान्यतामात्र हो । यो अलग्गै कुनै सिद्धान्त होइन । राजतन्त्र एउटा सिद्धान्त हो । तर संवैधानिक राजतन्त्र भनेको राजतन्त्र र जनताका बीच भएको एउटा सम्झौताले स्थापित गरेको प्रक्रियामात्र हो । यस सम्झौतामा जनताले आफ्नो स्वामित्व, प्रभुत्व र आफ्नो सर्वोच्चतालाई स्थापित गरेर त्यसअन्तर्गत एउटा राष्ट्रिय संस्थाका रूपमा राजतन्त्रलाई राजसंस्थाका रूपमा रूपान्तरित गर्न खोजेको हुन्छ । त्यो मुलुकको पद्धतिभित्रको संस्थाको रूपमा रहन्छ । अलग्गै कुनै तन्त्रको रूपमा होइन ।

नेपालमा यस ढंगबाट बारम्बार अभ्यास गर्न खोज्दा असफलताहरू भएका छन् । त्यो असफल हुने परिस्थितिको प्रारंभ राजाका कदम र निर्णयहरूबाटै भएका छन् । त्यसैले अहिले नेपालमा अब राजसंस्थाको सान्दर्भिकता छ कि छैन भन्नेबारेमा बहस स्वभाविक रूपले उत्पन्न भएको छ । त्यसबाट मानिसहरूलाई गणतन्त्रको बारेमा गम्भीर भएर सोच्न र त्यसमाथि विचार गर्न समेत प्रवृत्त गरेको छ । यस परिप्रेक्ष्यमा हेर्दा राज्यको समग्र संरचनालाई हामीले पूर्ण ढंगबाट लोकतान्त्रिक किसिमले व्यवस्थित गर्न सक्दा मात्र गणतन्त्रात्मक पद्धतिमा मुलुकले प्रवेश गर्दा आवश्यक हुने परिस्थिति उपलब्ध हुनसक्ने छ । यस निम्ति शासनका सम्पूर्ण पद्धतिहरूलाई पूर्ण रूपले लोकतान्त्रिक मान्यतामा संचालन गर्ने र व्यवस्थित गर्ने पद्धतिको जरूरी छ ।

यस परिस्थितिले गणतन्त्रको अभ्यासका निमित पनि एउटा स्वाभाविक पूर्वाधार पूरा गर्छ । अहिलेको अवस्थामा मुलुकलाई गणतन्त्रको बाटोमा जानलाई रोक्ने आधार एउटै देखिएको छ । त्यो आधार भनेको राजसंस्था पूर्ण रूपले संसद्को अधीनमा रहने र राजसंस्थाको भविष्य र भूमिकाको बारेमा नेपाली जनताको निर्णय अन्तिम हुने परिस्थिति र पद्धति निर्माण हो । यस्तो परिस्थिति र पद्धति मुलुकमा विकास गर्न सकियो भने तथा त्यसमा राजसंस्था नै सहयोगी र अग्रसर भएर आउन सक्यो भने मात्रै तत्कालको लागि गणतन्त्र आउन रोक्न सक्ने अवस्था छ । अन्यथा यो प्रक्रियालाई रोक्ने सामर्थ्य कसैसँग हुन्छ भन्ने लाग्दैन ।


**उनीहरु नै सर्वोच्च शासक र शासित पनि हुन् भन्ने मान्यताले नै गणतन्त्रको धारणालाई स्थापित गरेको हो । त्यसैले लोकतन्त्रको मान्यतामा गणतन्त्र एउटा स्वभाविक, सहज स्थापना हो ।**

नेपालमा ३० वर्षको सक्रिय राजतन्त्रअन्तर्गत चलेर पंचायती व्यवस्था भइरहेकै अवस्थामा मुलुक पंचायतमय छ भन्ने कुरा हामीले देखिरहेका थियौं । त्यतिबेला केवल क्याम्पसहरूमा र विश्वविद्यालयहरूमा मात्रै केही युवा विद्यार्थीहरू लोकतन्त्रको पक्षमा आवाज उठाइरहेका छन् र पंचायतको विरूद्धमा छन् भन्ने हामीलाई लाग्थ्यो । त्यसलाई केवल कलेज र विश्वविद्यालयका विद्यार्थीहरूको सीमित आवाजको रूपमा लिइन्थ्यो । तर पछि त्यो आवाज नेपालको आवश्यकता बन्यो । र, जति नै आफूलाई 'राजसंस्था र राजाको पक्षमा उभिएको छु' भन्नेहरूले पनि 'लोकतन्त्र र बहुलवादी मान्यताको विरूद्धमा छु' भन्ने आँट गर्न सकेनन् । त्यस्तै परिस्थिति अहिले अर्को ढंगबाट दोहोरिन लागेको देखिन्छ । अहिले विश्वविद्यालय र कलेजहरूमा गणतन्त्रको विचार आइरहेको छ । कतिपय मानिसहरूलाई त्यो विचार अपरिपक्व, उत्तेजनामा उठेका र प्रतिक्रियाको रूपमा उठेको भन्ने कुरा पनि लागिरहेको छ । सीमित विद्यार्थीहरूको बीचमा मात्रै उत्पन्न भएको विचार भएकोले देशव्यापी रूपमा यसको खासै महत्व छैन भन्ने पनि मान्छेहरूलाई लागिरहेको हुनसक्छ ।

तर यथार्थ परिस्थिति चाहिं त्यो होइन । एउटा त विद्यार्थी समूह भनेको सीमित हुंदाहुंदै पनि देशव्यापी शक्ति नै हो । किनकि प्रत्येक परिवारका कुनै न कुनै सदस्य विश्वविद्यालय, क्याम्पस, स्कूलमा पुगिरहेका हुन्छन् । अर्को, भविष्यमा अशिक्षितभन्दा शिक्षित बढ्दै जाने, बूढाभन्दा नयाँ पुस्ता सिर्जना हुँदै जाने प्राकृतिक पद्धति हो । त्यसैले यसरी उत्पन्न भएर आइरहेको विचारलाई हामीले अत्यन्त गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ । त्यसैले अब हामीले राज्य-संरचनाको बारेमा छलफल गर्दा गणतन्त्रको सन्दर्भलाई बिर्सेर छलफल गर्न मिल्दैन । त्यस सन्दर्भलाई पनि सँगसँगै राखेर छलफल गर्नुपर्छ । त्यसो भयो भनेमात्रै राज्यको पुनर्रचनाको बारेमा गरिने छलफललाई पूर्णता दिन सकिन्छ । र, भविष्यका निमित्त पनि त्यो छलफल उपयोगी हुने परिस्थिति सिर्जना हुन्छ । ❑

*टेपवार्तामा आधारित । प्रस्तुति : मुक्ता श्रेष्ठ*


के शाही प्रतिगमनलाई परास्त गर्ने र माओवादी विद्रोहीहरुलाई हतियार बिसाउन प्रेरित गर्ने उत्तम लोकतान्त्रिक बाटो हो संविधानसभाको प्रक्रिया ?




**लेखकहरु :**

कृष्ण खनाल, खगेन्द्र संग्रौला, गोविन्द न्यौपाने, नरहरि आचार्य, मुक्ता श्रेष्ठ, राजेन्द्र महर्जन, श्याम श्रेष्ठ

**सम्पादक : राजेन्द्र महर्जन**

प्रकाशक

**मूल्यांकन प्रकाशन गृह**

अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

**श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय**

**सूचना विभाग**

# पाठकको पत्र

## ● हामी गणतन्त्रको स्थापनाको पक्षमा छौं

केही महिनादेखि *मूल्याङ्कन* मासिकले पश्चिम यूरोपेली राष्ट्रहरुमा रहेको सम्वैधानिक राजतन्त्रवारे सामग्री प्रकाशित गरेर पाठकहरुलाई अमृतपान गराएकोमा मुरीमुरी धन्यवाद ! आगामी अंकमा यसरी राजतन्त्रात्मक राष्ट्रहरुको बारेमा सामग्रीहरु प्रकाशित हुनेछन् भन्ने प्रतीक्षामा छु ।

हातको औंलामा गन्न सकिने केही सम्वैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था भएका राष्ट्रहरुको जस्तो होइन, हामी नयाँ जनगणतन्त्रको स्थापनाको पक्षमा छौं । किनकि स्व. वीरेन्द्रसहितको वंशनाशपछि अर्को तरिकाले राज्यसत्ता कब्जा गरिएको छ । नेपाली जनताले ज्ञानेन्द्रलाई राजसंस्थाको परम्पराको राजा मान्न आवश्यक छैन र हामीलाई थाहा छ, नारायणहिटी राजदरवार हत्याकाण्डपछि नेपाल जनगणतन्त्र नेपालको दिशामा गइरहेकोमा दुईमत हुनै सक्दैन ।

'शत्रुको घेरालाई साँगुरो पार, मित्रको घेरालाई फराकिलो पार' भन्ने क. माओको शिक्षालाई माओवादी नेतृत्वले सही रुपमा ग्रहण गर्न नसकेमा ऊ भाकपा (माले), नेकपा (एमाले) र सोभियत कम्युनिष्ट पार्टी र गोर्वाचोभको कित्तामा पुग्नेछ ।

**- श्रद्धा सुब्बा**

*चुलाचुली- १, कमल, इलाम, हालः पोखरा ।*

## ● तस्वीर फरक पऱ्यो !

*मूल्यांकन* अंक ११६ ढिलै भएता पनि पढने मौका पाएँ । यस अंकमा अमर गिरीको "किन उठिरहेछ गणतन्त्रको माग ?" डा. बाबुराम भट्टराईको "एमालेको रोडम्याप" र डा. पिताम्वर शर्माको "के कस्तो परिवर्तन जरुरी छ, राज्य संरचनामा" भन्ने लेखहरु सान्दर्भिक एवं समसामयिक तथा चित्तबुझ्दा छन् ।

तर प्रधान संपादक श्याम श्रेष्ठको "बेल्जियमको संवैधानिक राजसंस्थाबारे" अनुसन्धानात्मक लेखमा उहाँले बेल्जियमका वर्तमान राजा अल्वर्ट द्वितीयको तस्वीरमा Javier Solana को तस्वीर छापी उहाँलाई बेल्जियमको राजा भनी परिचित गराउनु भएकोमा मलाई आश्चर्य लाग्यो । तसर्थ उक्त लेखमा छापिएको तस्वीर वेल्जियमका वर्तमान राजा अल्वर्ट द्वितीयको नभई उहाँ यूरोपयन युनियनका Secretary General Dr. Javier Solana Madaviaga हुनुहुन्छ ।

**- होम गुरुङ्ग**

*एन्टवेर्पेन, वेल्जियम ।*



*(मूल्यांकन-११६ को पेज नं. २१ मा 'बेल्जियमको सवैधानिक राजसंस्था' शीर्षक अनुसन्धानात्मक लेखमा बेल्जियमका हालका राजा अल्वर्ट द्वितीयको तस्वीर (हे. तस्वीर) छापिनु पर्नेमा भुलवस अर्को तस्वीर छापिन पुगेकोमा क्षमाप्रार्थी छौं । गल्ती सच्चाइदिनुभएकोमा होम गुरुङ्ज्यूलाई धन्यवाद । - सम्पादक)*

## ● कृष्ण खनालको विश्लेषण सही लाग्यो

*मूल्यांकन* पूर्णाक ११४ मा 'किन चाहियो संविधानसभा नै यतिबेला ?' भन्ने कृष्ण खनालज्यूको विश्लेषण अति नै सही लाग्यो । यस्ता विश्लेषणले सधैं सधैं स्थान पाइरहून् । त्यस्तै यहाँ 'समानताको कसीमा नेपालको संविधान' शीर्षक लेखमा संविधानबारेमा विस्तृत रुपमा खण्डन प्रस्तुत गर्नुभएको हर्क गुरुङ्ज्यूको लेख एकदमै सान्दर्भिक छ । *मूल्यांकन*ले अझ प्राचीन नेपाली इतिहास र साहित्यको भण्डारबाट यस्ता उल्लेखनीय कृतिहरु आउँदा अंकहरुमा पनि पस्कँदै जाओस् ।

**- रोयल सुब्बा 'चट्याङ्ग'**

*पाँचथर, यांनाम- ६, हालः मेलेशिया ।*

## ● श्रेष्ठ लेख्नेहरूको खास जात के हो ?

म यस पत्रिकाको नियमित पाठक भएको नाताले ११५ औं अंक पढ्ने क्रममा 'के नेवारहरु जनजाति हुन् ?' भन्ने विषयमा श्री माणिकलाल श्रेष्ठज्यूद्वारा लिखित लेखमा राजभण्डारी, अमात्य, प्रधान, जोशी जातहरुको संयुक्त रुपलाई श्रेष्ठ भनिन्छ । श्रेष्ठको आफ्नै जात छैन, अर्थात् श्रेष्ठ कुनै जात होइन, पदमात्र हो भन्ने खालको लेखले मेरो मनमा एउटा प्रश्न उब्जियो : अहिले श्रेष्ठ जात भनेर लेखिनेहरुको खास जात के हो ?

**- रामकाजी श्रेष्ठ 'चिन्तन'**

*तिलाहार- ६, पर्वत ।*

## ● नेपाल भाषा बोल्नेमात्रै नेवार हुन सक्तैनन्

*मूल्यांकन* ११५ मा राजसंस्थाले नेपाली जनतालाई बारम्वार धोका दिएको प्रसङ्ग पढ्दा सारै नमज्जा लाग्यो । यस शताब्दीमा पनि यथेष्टभन्दा अधिक भत्ता र सम्मानित नाम पाइरहेको नेपालको राजसंस्था, आखिर नेपाली जनताप्रति नै किन कृतघ्न भएको होला ?

श्रम, इमान र निष्ठामा समर्पित व्यक्तिहरु सदैव तिरस्कृत हुन्छन् भन्ने भाव समेटेर आहुतिको जस्तो कविता त यो पाठकलाई नि लेख्न मन लागिरहेको थियो, तर अब परेन ।

प्रा. माणिकलाल श्रेष्ठद्वारा लिखित, इतिहास स्तम्भअन्तर्गतको 'के नेवारहरु जनजाति हुन् ?' शीर्षकीय लेख अभिरुचिपूर्वक पढें । अरु जातिहरुभन्दा फरक विशेषता भएका नेवार जातिको परिभाषा दिने क्रममा त्यहाँ भनिएको रहेछ- 'जो नेपाल भाषा बोल्छन्, उनीहरुलाई नेवार भनिन्छ ।' यस सम्बन्धमा मलाई के लाग्छ भने, उपत्यकाबाहिर पनि सानातिना शहर वा गाउँमा नेवारहरु बाक्लै बसोवास गर्छन्, ती ठाउँहरुमा मात्र नेपाल भाषा बोलिन्छ । अन्यत्र, अन्य जातिहरुको बाहुल्यता भएका ठाउँमा उनीहरु नेपाल भाषा प्रयोग गर्दैनन् । यसैकारण जान्दैनन् पनि । अझ युवायुवतीहरु शिक्षा र जागिरको सिलसिलामा शहर पस्ने अनि बुढापाकाहरु मरेर गएपछि आफ्नो भाषाको सम्बन्धमा अनभिज्ञ रहनु अनौठो कुरा पनि होइन । त्यसैले नेपाल भाषा बोल्नेहरु मात्रै नेवार हुन सक्तैनन् ।

उक्त लेखमा पदअनुसार थर निर्धारण गरिएका नेवार जातिको संस्कृति, विश्वकै संस्कृतिभन्दा अगाडि रहेको र 'शासकहरुको धर्म र संस्कृतिभन्दा अलगै धर्म र संस्कृति भएकालाई जनजाति भन्ने अर्थमा नेवारहरु जनजाति नै हुन्' भन्ने तथ्यमा कसैको दुईमत हुन सक्दैन । 'तर नेपाल भाषा बन्नुभन्दा पहिले नेवारहरुको र तामाङ्गहरुको एउटै भाषा थियो' भन्ने विचार चैं कुन आधारमा प्रकट गरिएको हो, यसबारेमा थप कुरा *मूल्यांकन*कै आगामी अंकहरुमा पढ्न पाइयोस् ।

**- इन्द्रकुमार श्रेष्ठ**

*दियाले, ३, ओखलढुङ्गा ।*


# शुभकामना

५४ औं प्रजातन्त्र दिवसको शुभ उपलक्ष्यमा समस्त ग्राहकबृन्दमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**डा. जनकलाल कर्माचार्य**

कार्यकारी निर्देशक, तथा

**नेपाल विद्युत प्राधिकरण**

परिवार

**मकालु यातायात बससेवा**

काठमाण्डौ, कलंकी; फोन नं. ४२७७५५२

**काठमाण्डौबाट हरेक दिन**

काकडभिट्टा, भद्रपुर, उर्लाबारी-मधुमल्ला, विराटनगर, राजविराज, सिरहा-माडर, मलंगवा, धरान, जनकपुर, गौर, बिरगंज, कलैया, बरहथवा, भरतपुर, गितानगर, पर्साढाप-मेघौली, नारायणगढ-विशालचोक लगायतका स्थाहरुमा मकालु यातायातका बसहरू संचालन भइरहेका छन् ।

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

मेरो गौरव, मेरो पौरख, मेरो काठमाण्डौ



विश्व सम्पदा सूचीमा परेका
ऐतिहासिक धरोहरहरूको
संरक्षण, संवर्द्धन र विकास गरौं

काठमाण्डौ निर्माण हुँदैछ, यसमा सबैले
साथ देऔं । कुराभन्दा काम बेसी गरेर
देखाउने संकल्प गरौं ।



काठमाण्डौ

काठमाण्डौ महानगरपालिका


मायोज़ ले ल्याउँछ
तपाईको जीवनमा नयाँ रं
413 =10,00,000/-
(दश लाख)
537
2,50,000/-
678
1,00,000/-
810
10,000/-
879
1,000/-
अब धेरै जना बन्नेछन् मायोज़ Millionaire
mayos Millionaire OFFER
मायोज़को प्याकेटभित्र राखिएका छन्, 0 देखि ९ सम्मका नम्बर अंकित कुपनहरू । कुपनहरू मिलाई जित्नुहोस् - रू. १०,००,०००/-(दश लाख) सम्मका नगद पुरस्कारहरू ।
साथै
Your Lucky Number 1
Your Lucky Number 2
Your Lucky Number 3 Noodles
Wonderful [1], Mayos [2] र Noodles [3]
लिखित कुपनहरू मिलाई नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज तैयारी चाउचाउ
सित्तैमा
Quality Product from
An ISO 9001:2000 Certified Co.
Wonderful Mayos Noodles
mayos Instant Noodles
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ । पुरस्कार रकमको लागि नजिकको डिलरमा सम्पर्क गर्नुहोस् ।
पुरस्कार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहित हुने छ । कर सम्बन्धी दायित्व विजेताहरूमा निहित रहने छ ।